सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

२२ असोज २०८३, बिहीबार (8 Oct 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १७८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पूर्वप्रधानन्यायाधीश जबरामाथि सम्पत्ति शुद्धीकरणमा अनुसन्धान

■ चोलेन्द्रका भाइ प्रभुशमशेर, पूर्वन्यायाधीश नवराज थपलिया, नारायण दाहाल, दीपक तिमल्सेना र नवीनराज बस्नेतको घरमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको खानतलासी



नवराज मैनाली/नयाँ पत्रिका

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र उनीनिकट समूहमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले छानबिन थालेको छ। विभागले बुधबार जबराका निकटस्थ देखिएका पाँच व्यक्तिको घरमा खानतलासी गरेको हो। विभागले जबराका भाइ प्रभुशमशेर, पूर्वन्यायाधीश नवराज थपलियासहित नारायण दाहाल, दीपक तिमल्सेना र नवीनराज बस्नेतको घरमा छापा हानेको हो।

■ बिचौलिया इनाम सापकोटाविरुद्ध सम्पत्ति शुद्धीकरणमा म्याद थप

पूर्वप्रधानन्यायाधीश जबरासँग शंकास्पद कुराकानी र कारोबार देखिएको आधारमा थप प्रमाण संकलनका लागि उनीहरूको घरमा खानतलासी गरिएको विभागका एक अधिकारीले बताए। जसमध्ये थपलिया बर्खास्तीमा परेका उच्च अदालत पाटनका न्यायाधीश हुन्। उनीविरुद्ध गम्भीर प्रकृतिका उजुरी परेपछि न्यायपरिषद्ले ०८१ फागुनमा बर्खास्त गरेको थियो। जबरा प्रधानन्यायाधीश छँदा थपलिया विश्वासपात्र भएर पाटन उच्च

» पृष्ठ २ मा क्रमशः

■ कांग्रेस महाधिवेशन

देशभरबाट आएका ७,२५५ प्रतिनिधि आज नयाँ नेतृत्व छान्दै

सभापतिसहित १८ पदाधिकारी र २१० केन्द्रीय सदस्यका लागि ८१२ उम्मेदवार, बिहान १० बजेदेखि साँझ ६ बजेसम्म हुने मतदानका लागि खुलामञ्चमा पाँच र राष्ट्रिय सभागृहमा एक मतदान केन्द्र



● निर्वाचन समितिका संयोजक **प्रेमबहादुर खड्का** भन्छन्-

बिहान १० देखि साँझ ६ बजेसम्म मतदान समय तोकिएको छ। प्रतिनिधिहरूको सहजताका लागि प्रदेश र प्रतिनिधित्वको आधारमा छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था गरिएको छ। प्रतिनिधिको परिचय तथा मतदाता नामावली रुजु गरेपछि मात्र मतदान गर्न पाइन्छ।

प्रेम गौतम/नयाँ पत्रिका

काग्रेसको १५औँ महाधिवेशनमा सहभागी सात हजार २५५ प्रतिनिधिले आगामी चार वर्षका लागि नयाँ नेतृत्व चयन गर्न बिहीबार मतदान गर्दै छन्। सभापतिसहित १८ पदाधिकारीका लागि ७१ र २१० केन्द्रीय सदस्यका लागि ७४१ जना गरी ८१२ उम्मेदवार छन्।

२९७ सदस्यीय केन्द्रीय कार्यसमितिमा दुई पदाधिकारी र एक केन्द्रीय सदस्य भने निर्विरोध चयन भइसकेका छन्। ६६ केन्द्रीय सदस्य महाधिवेशनबाट निर्वाचित केन्द्रीय सभापतिले मनोनीत गर्ने व्यवस्था छ। केन्द्रीय सदस्यमध्येबाट चार सहमहामन्त्री र एक कोषाध्यक्ष पनि सभापतिले मनोनीत गर्नेछन्।

वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा र महिला उपसभापतिमा पुष्पा भुसाल निर्विरोध निर्वाचित भइसकेका छन्। काठमाडौं



राष्ट्रिय सभागृहमा प्रचारप्रसार गर्दै काग्रेस नेता/कार्यकर्ता। तस्बिर : **संजित परियार**

उपत्यकाबाट महिलामा प्रा.डा. अमिता प्रधान शाक्य निर्विरोध भएकी छिन्।

केन्द्रीय निर्वाचन समितिका संयोजक एवं वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले बिहान १० बजेदेखि साँझ ६ बजेसम्म मतदान समय तोकिएको बताए। 'प्रतिनिधिहरूको सहजताका लागि प्रदेश र प्रतिनिधित्वको आधारमा छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था

» पृष्ठ २ मा क्रमशः

● बन्दसत्रबाट सबै प्रतिवेदन सर्वसम्मतिले पारित, घर पुगेर अध्ययन गरी लिखित सुझाव दिन प्रतिनिधिहरूलाई गगनको आग्रह

● सभापतिसहित पदाधिकारीका पाँच प्रत्याशीले फिर्ता लिए उम्मेदवारी

■ बन्दसत्र समापनमा **गगन**ले भने-

सबै गुट आजदेखि सकिए



● आजदेखि पार्टीभित्र सबै गुट सकियो, कुनै समूह छैन। अब विश्राम गर्न दिइनेछैन। महाधिवेशन सकिएलगत्तै स्थानीय तहको निर्वाचनमा केन्द्रित हुन्छौं। प्रत्येकका नाममा चिठी आउँछ, कामको सूची आउँछ। ६ महिना दिनरात नभनी खट्नेछौं।

● समावेशी बनाउने क्रममा केन्द्रीय कार्यसमितिको आकार ठुलो भएको छ। नेताको व्यवस्थापन गर्न हामीले संख्या बढाएका होइनौं। सबै क्षेत्र र पक्षलाई हामीले समट्नैपर्ने थियो। पार्टीमा पाँच पुस्ता छ, नयाँ पनि चाहिएको छ, पुरानो पनि चाहिएको छ।

● यो पार्टी सबैले मिलाएर बनाएको हो। निवर्तमान सभापति शेरबहादुर देउवाले यो पार्टीमा लामो समय संघर्ष गर्नुभएको छ। पार्टी निर्माणमा उहाँको ठुलो योगदान छ। अरू नेताहरूको पनि उत्तिकै योगदान छ। हामीलाई अहिले मिठो लागिरहेको छैन। यो मञ्चमा हाम्रा दाइहरू पनि हुनुपथ्र्यो।

● अहिले सभापतिले ८० प्रतिशतभन्दा बढी समय पार्टीको आन्तरिक काममा खर्चिनुपरेको छ। अब २० प्रतिशत समय आन्तरिक व्यवस्थापनमा र ८० प्रतिशत समय काग्रेसका नीति, विचार र मुलुकका विषयमा खर्चिनुपर्नेछ।

■ विपत्मा बेपत्ता भएकालाई मृतक घोषणा

तीन वर्ष होइन, अब ४५ दिनमै



तीन वर्ष कुर्नुपर्ने वा न्यायिक घोषणा गराउनुपर्ने व्यवस्था संशोधन गरेर खोज तथा उद्धार समाप्त भएपछि वा घटनाको ४५ दिनपछि मृत्युसरह घोषणाको प्रक्रिया अगाडि बढ्ने गरी अध्यादेश आउँदै

(विस्तृत पृष्ठ २)

बार-बेन्च बढ्यो दूरी

संवैधानिक इजलासको गठन र न्यायाधीश नियुक्तिप्रति असन्तुष्ट बारले दियो आन्दोलनको चेतावनी


(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र

रेल अघि बढीसक्यो रे ?

रूख छोडेर ?



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



■ विपत्मा बेपत्ता भएकालाई मृतक घोषणा

तीन वर्ष होइन, अब ४५ दिनमै

नयाँ पत्रिका



सरकारले बाढीपहिरोसहितका विपत्मा बेपत्ता भएकालाई ४५ दिनभित्रै मृत्युसरह घोषणा गरी मृत्युदर्ता बनाउन मिल्ने गरी कानुन संशोधनका लागि अध्यादेश सिफारिस गरेको छ। हालको कानुनअनुसार यसका लागि तीन वर्ष कुर्नुपर्ने बाध्यता छ।

मन्त्रिपरिषद्को बुधबारको बैठकले विपत्सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेशसहित तीन अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलसमक्षमा सिफारिस गर्ने निर्णय गरेको छ। राष्ट्रपतिबाट जारी भएपछि राजपत्रमा प्रकाशित भई कानुन कार्यान्वयनमा आउनेछ। विपत्सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक (हाल अध्यादेश)को प्रक्रियामा संलग्न सरकारी अधिकारीहरूका अनुसार विपत्मा बेपत्ता भएकालाई संघ सरकारको मन्त्रिपरिषद् बैठकले मृत्युसरह घोषणा गरेपछि मृत्युदर्ता बनाउन मिल्ने प्रावधान अध्यादेशमा छ। विपत्का हकमा तीन वर्ष कुर्नुपर्ने वा न्यायिक घोषणा गराउनुपर्ने व्यवस्था रहेकामा अब खोज तथा उद्धार समाप्त भएपछि वा घटनाको ४५ दिनपछि मृत्युसरह घोषणाको प्रक्रिया अगाडि बढ्ने भएको छ।

मन्त्रिपरिषद् बैठकपछि सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले भोटेकोशी बाढीलगायत प्राकृतिक विपत्बाट प्रभावित क्षेत्रको राहत, पुनर्स्थापना र व्यवस्थापनलाई मध्यनजर गरी विपत्सम्बन्धी अध्यादेश सिफारिस गरिएको बताए। उनल भने, 'विपत्जन्य घटनामा बेपत्ता नागरिकका परिवारले भोग्नुपरेको कानुनी तथा आर्थिक जटिलतालाई सहज बनाउन खोजिएको छ। बेपत्ताको मृत्यु घोषणा हुने प्रावधानलाई छोट्याएर ४५ दिनमा झारेका छौँ।' यसका लागि तीनवटा ऐन संशोधन हुन लागेका हुन्। जसमा मुलुकी देवानी संहिता, २०७४, राष्ट्रिय परिचयपत्र, पञ्जीकरण ऐन, २०७६ र विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ रहेका छन्।

विपत्मा बेपत्ताको मृत्युदर्ता बनाउन लाग्ने समय, के छ प्रक्रिया ?

सरकारले विपत्सम्बन्धी अध्यादेश सिफारिस गर्दा मुलुकी देवानी संहिता, २०७४ को दफा ४० को (१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (३) पछि खण्ड (४) थपेको छ। जसअनुसार मन्त्रिपरिषद् (सरकार)ले मृत्युसरह घोषणा गर्ने निर्णय गर्ने र त्यसअघिका प्रक्रियाबारे उल्लेख छ।

अवधि तोकेर विपत् संकटग्रस्त क्षेत्र घोषणा गरी वा नगरेको दुवै अवस्थामा सरकारले मृत्युसरह घोषणा गरेमा मृत्युको न्यायिक घोषणा गरिरहनुपर्ने छैन। तर, त्यसका लागि खोज तथा उद्धार कार्य समाप्त भएको वा घटनाको ४५ दिन पूरा भएको हुनुपर्नेछ। तर, यस्ता घटनामा बेपत्ता भएका नागरिकलाई सरकारले सिधै मृतकसरह घोषणा गर्नेछैन।

बेपत्ता भएका व्यक्तिको स्थायी ठेगाना भएका स्थानीय तहको सिफारिस लिएर जिल्ला प्रशासन कार्यालय जानुपर्नेछ। प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहने जिल्ला विपत् व्यवस्थापन समितिले आवश्यक जाँचबुझ गरेर राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सिफारिस गर्नेछ। प्राधिकरणले दाबीविरोधका लागि सार्वजनिक सूचना जारी गर्नेछ। त्यसपछि प्राधिकरणको निर्णयअनुसार गृह मन्त्रालय हुँदै मन्त्रिपरिषद्मा प्रस्ताव जानेछ। मन्त्रिपरिषद्ले मृतकसरह घोषणा गरेपछि परिवारलाई राहत तथा मृतकसरह घोषणा गरिएका व्यक्तिको मृत्युदर्ता गराउने बाटो खुल्नेछ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ अनुसार मृत्युदर्ता बनाउन बुवाआमा, पतिपत्नी, छोरा वा छोरी र उनीहरूको परिवारका सदस्य (१८ वर्ष पुगेका) सूचक बन्न पाउने व्यवस्था छ। तर, व्यक्तिको सूचक नरहेका अवस्थामा कानुनबमोजिमका संरक्षक वा माथवरले वा त्यस्ता व्यक्ति नभएमा स्थानीय तहका प्रमुख वा सम्बन्धित वडाध्यक्ष सूचक रहन पाउनेछन्।

हालको व्यवस्थाअनुसार मुलुकी देवानी संहिता, २०७४ को दफा ४० अनुसार कुनै व्यक्ति विनासूचना लगातार १२ वर्षदेखि बेपत्ता भएमा वा त्यस्तो व्यक्तिको सम्बन्धमा स्वाभाविक रूपमा जानकारी पाउने व्यक्तिले १२ वर्षदेखि कुनै जानकारी नआएमा जीवित रहेको प्रमाण प्राप्त भएकामा बाहेक मृत्यु भएको मानिन्छ। तर, ८० वर्ष उमेर भएका व्यक्तिका हकमा पाँच वर्ष, दुर्घटना भएको वायुयान, पानीजहाज वा अन्य सवारीसाधनमा यात्रा गरेको व्यक्ति भए दुर्घटना भएको तीन वर्षमा मृत्युसरह मानिने उल्लेख छ।

हालको व्यवस्थाअनुसार कुनै व्यक्ति विनासूचना बेपत्ता भएको वा कुनै विपत् वा दुर्घटनामा परेको भनेर न्यायिक घोषणा गरिपाऊँ भनी अदालत जान पाइन्छ। त्यसका लागि व्यक्ति बेपत्ता वा मृत्यु भएको मिति, ठेगाना, कारण र आधारसहित निवेदन दिएमा अदालतले सबुत प्रमाण बुझेर मृत्युको न्यायिक घोषणा गर्न सक्ने प्रावधान उक्त ऐनमा छ। मृत्युदर्ता बनाउन बुवाआमा, पतिपत्नी, छोरा वा छोरी र उनीहरूको परिवारका सदस्य (१८ वर्ष पुगेका) सूचक बन्न पाउने कानुनी व्यवस्था छ।

व्यक्तिको मृत्यु भएको प्रमाण कानुनी र प्रशासनिक प्रयोजनका लागि पेस गर्न, चलअचल सम्पत्तिको हक हस्तान्तरण वा अधिकार प्रत्यायोजनलगायतका लागि मृत्युदर्ता गराउनुपर्छ। सामाजिक सुरक्षा भत्ता लिन, विधवा प्रमाणित हुन तथा राज्यबाट प्रदान गरिने अन्य सेवासुविधा लिन पनि मृत्युदर्ता गर्नुपर्ने व्यवस्था छ।

अध्यादेश जारी भएपछि अगाडि बढ्नेछ बेपत्ताका परिवारलाई राहत वितरण प्रक्रिया

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले कानुनी बाटो खुलेपछि बेपत्ताका परिवारलाई राहत वितरणको प्रक्रिया अगाडि बढ्ने बताइन्। विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपत्पीडित उद्धार तथा राहत मापदण्डअनुसार बेपत्ताका परिवारले जनही दुई लाख राहत पाउनेछन्। त्यसअघि मृतकसरह घोषणाको प्रक्रिया अगाडि बढ्नेछ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको १४ असोजको बैठकले भोटेकोशी बाढीमा बेपत्ता भएकाहरूको मृत्युसरह घोषणाको प्रक्रियाका लागि विवरण यकिन गर्ने निर्णय गरिसकेको छ। त्यस्तै, अत्यावश्यक स्थानबाहेक खोज तथा उद्धारको काम स्थगित गरिसकेको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १९ असोजको बैठकले अत्यावश्यक खोजसहित पुनर्निर्माण र पुनर्स्थापनाको काम अगाडि बढाउने निर्णय गरेको थियो।

विशेष परिस्थितिबाहेक खोज तथा उद्धारको काम स्थगित गरिसकेको छ। अब बेपत्ता भएकाहरूको स्थायी ठेगाना भएका पालिका, जिल्ला विपत् व्यवस्थापन समिति हुँदै प्राधिकरणमा विवरण प्राप्त भएपछि प्रक्रिया अगाडि बढ्ने महतले बताइन्। सरकारले १० भदौमा आएको भोटेकोशी बाढीले क्षति पुऱ्याएका रसुवा, नुवाकोट, धादिङ र गोरखाका १५ पालिकालाई तीन महिनाका लागि संकटग्रस्त घोषणा गरेको थियो। भोटेकोशी बाढीमा अझै कम्तीमा पाँच हजार ५५० हराइरहेको सरकारी तथ्यांक छ। एक हजार ४५३ शव फेला तथा मानव अंग परे पनि ११२ को मात्र सनाखत भएको छ।

भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन अध्यादेश

सरकारले बुधबार नै भूमिसम्बन्धी केही नेपाल ऐन र वनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न दुईवटा अध्यादेश पनि राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको छ। यी दुई अध्यादेश भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन प्रयोजनका लागि भए पनि प्रावधानबारे प्रस्ट खुलिसकेको छैन। भूमि व्यवस्था मन्त्रालयका सचिव मदन भुजेलले भूमिहीन दलित र भूमिहीन सुकुमवासीलाई दुई वर्षभित्र जग्गा उपलब्ध गराइसक्ने लक्ष्यका साथ कानुनी प्रावधान सुधार गर्न लागिएको बताए।

'जग्गा (नापजाँच) ऐन, २०१९, भूमिसम्बन्धी ऐन, २०२१, मालपोत ऐन, २०३४ र भूउपयोग ऐन, २०७६ का केही प्रावधान संशोधन हुन लागेका हुन्,' सचिव भुजेलले भने, 'कानुन सुधार हुन लागेकामा भूमिहीन दलित र भूमिहीन सुकुमवासीलाई सहज रूपमा जग्गा उपलब्ध गराउने, अव्यवस्थित बसोबासीलाई भोगचलन गरिरहेकोमध्ये निश्चित जग्गा उपलब्ध गराउने विषय छन्। यसबाहेक स्थानीय र प्रदेशले सञ्चालन गरिरहेका जग्गा विकासका कार्यक्रममा सहजीकरण छ।'

त्यस्तै, जग्गा वर्गीकरणको विषय पनि संशोधन हुन लागेको छ। अब स्थानीय तहले एकपटकका लागि जग्गा वर्गीकरण गर्न सक्नेछन्। तर, स्थानीय तहले जग्गा वर्गीकरण गरेपछि जग्गा किनबेच र कित्ताकाटमा सहज हुनेछ।

त्यस्तै, वनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश पनि भूमिहीनलाई जग्गा उपलब्ध गराउने र वनको वर्गीकरणसँग सम्बन्धित छ। सरकारले वन ऐन, २०७६ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ संशोधन गरेर भूमिहीनलाई जग्गा उपलब्ध गराउने बाटो खोल्न थालेको हो। कुनै वेला वन क्षेत्र रहेका, तर हाल बजार बनिसकेका (चिसापानी, भालुवाङसहित) लाई आवादी कायम गर्न सकिने व्यवस्था पनि सिफारिस भएको कृषि, वन तथा पर्यावरण मन्त्रालयका एक अधिकारीले बताए।

देशभरबाट...

पृष्ठ १ बाट क्रमशः

गरिएको छ,' खड्काले भने, 'मतदानका क्रममा प्रतिनिधिको परिचय तथा मतदाता नामावली रुजु गरेपछि मात्र मतदान गर्न पाइन्छ।'

यसअघि बिहान साढे ७ बजेदेखि निर्वाचन सुरु गर्ने कार्यतालिका भए पनि वर्षा र प्राविधिक कारणले तीन घण्टा ढिलो सुरु गर्न लागिएको छ। तर, क्लस्टर र उम्मेदवारको संख्या धेरै भएकाले मतदान अवधि लम्बिन सक्ने नेताहरू बताउँछन्।

राष्ट्रिय सभागृहमा एक र खुलामञ्चमा पाँच मतदान केन्द्र तोकिएको छ। प्रदेशगत रूपमा मतदान गर्न मिल्ने गरी मतदान केन्द्र तोकिएको छ।

कर्णाली, सुदूरपश्चिम र नेपाली जनसम्पर्क समितिका लागि खुलामञ्चको पहाड हल तोकिएको छ। यही हलमा लुम्बिनीका प्रतिनिधिले पनि मतदान गर्नेछन्। राष्ट्रिय सभागृहमा बागमती प्रदेशका प्रतिनिधिहरूले मतदान गर्नेछन्। त्यस्तै खुलामञ्चमा रहेको मधेश हलमा कोशी र मधेशका तथा हिमाली हलमा गण्डकी प्रदेशका प्रतिनिधिले मतदान गर्ने व्यवस्था गरिएको छ।



उम्मेदवारी दर्तासँगै उम्मेदवार र समर्थकहरू मत माग्न व्यस्त छन्। खुलामञ्च, राष्ट्रिय सभागृहका साथै प्रतिनिधिहरू बसेका स्थानमा समेत मत माग्ने क्रम जारी छ।

मतदान व्यवस्थित र मर्यादित बनाउन निर्वाचनसम्बन्धी आचारसंहिता जारी गरिएको छ। जसमा महाधिवेशन स्थलमा चिटलगायत प्रचार सामग्री बाँड्न प्रतिबन्ध लगाइएको छ। उम्मेदवार तथा प्रचारप्रसारमा खटिएका सबैलाई नियम पालना गर्न आग्रह गरिएको छ।

तर, उम्मेदवार र उनीहरूका समर्थकले पोस्टर र ब्यानरसहित मत मागिरहेका छन्। केही उम्मेदवारले गीतमार्फत, केहीले गजल र कवितामार्फत पनि मत मागिरहेका छन्।

कतिपयले गगन थापा समूह भनेरसमेत मत मागिरहेका छन्। सोही व्यहोराको चिटसमेत बाँडेका छन्। अधिकांशले भने पोस्टर, ब्यानर र भिजिटिङ कार्डमार्फत मत मागिरहेका छन्। उम्मेदवारको भिजिटिङ कार्ड यत्रतत्र छरिएका छन्। जबकि, निर्वाचन समितले चुनाव प्रचार गर्दा डिजिटल प्रविधि उपयोग गर्न आग्रह गरेको छ।

कुन पदमा को-को भिड्दै छन् ?

- सभापतिमा निवर्तमान सभापति गगन थापा र श्यामकृष्ण खड्गी उम्मेदवार छन्। स्कुल पढ्दा खड्गी थापाका गणित शिक्षक थिए। थापा आफैँले सहमतिको प्रयास गरेका थिए। तर, खड्गीले लोकतान्त्रिक पार्टीमा प्रतिस्पर्धाबाटै अगाडि बढ्नुपर्ने अडान लिएका थिए। हारजितलाई स्वाभाविक रूपमा लिने खड्गीले बताएका छन्।

सभापतिमा उम्मेदवारी दिएका पूर्वसहमहामन्त्री किशोरसिंह राठोरले भने उम्मेदवारी फिर्ता लिएका छन्। थापासँग छलफल गरेपछि राठोरले उम्मेदवारी फिर्ता लिएका हुन्। त्रिचन्द्र क्याम्पसमा थापा स्ववियु सदस्य हुँदा राठोर स्ववियु सभापति थिए।

- उपसभापति खुला (२) पदमा लागि ८ जना प्रतिस्पर्धामा छन्। गोविन्द भट्टराई, चन्द्र भण्डारी, चन्द्रमोहन यादव, दीपक गिरी, धनराज गुरुङ, मधु आचार्य र सुरेन्द्र पाण्डे उपसभापतिको उम्मेदवार छन्। मीनेन्द्र रिजाल र देवराज चालिसेले उम्मेदवारी फिर्ता लिएका हुन्। थापाको आग्रहमा रिजाल र चालिसेले उम्मेदवारी फिर्ता लिएका हुन्।
- समावेशी उपसभापति (१) पदका लागि पाँचजना प्रतिस्पर्धामा छन्। जीवन परियार, फरमुल्लाह मन्सुर, विनोद चौधरी, रञ्जित कर्ण र सीता गुरुङ उम्मेदवार छन्।
- महामन्त्री (३) खुला (२) र महिला (१) पदका लागि ११ जना प्रतिस्पर्धा छन्। खुलातर्फ (२) पदका लागि प्रदीप पौडेल, गुरुराज घिमिरे, उदयशमशेर राणा, अमरसिंह पुनमगर, नैनसिंह महर, डा. सन्तोष उपाध्याय, डा. सुनीलकुमार शर्मा र शंकर तिवारी उम्मेदवार छन्। महिला (१) महामन्त्रीमा तीनजना चुनावी मैदानमा छन्। डा. डिला संग्रौला, महालक्ष्मी उपाध्याय 'डिना' र रिता खनाल उम्मेदवार छन्।
- सहमहामन्त्री खुला (२) पदका लागि रामहरि खतिवडा, अजयबाबु सिवाकोटी, अमृत अर्याल, देवेन्द्रराज कँडेल, दिनेश कोइराला, डिल्लीराम सुवेदी, विकास कोइराला, विमलराज क्षेत्री, रमेश धमला र राजीव ढुंगाना उम्मेदवार छन्।
- सहमहामन्त्री महिला (१) पदका लागि प्रतिमा गौतम र नानुमैया बाँस्तोला उम्मेदवार छन्।
- आदिवासी जनजाति (१) पदका लागि ओमबहादुर घर्तीमगर, तारामान गुरुङ, दिलमान पाखिन, प्रशान्तमानसिंह मास्के, बहादुरसिंह लामा उम्मेदवार छन्।
- सहमहामन्त्री दलित (१) पदका लागि प्रकाश स्नेही, नरेन्द्र पासवान, मानबहादुर नेपाली र लक्ष्मी परियार उम्मेदवार छन्।
- सहमहामन्त्री मधेशी (१) पदका लागि अजयकुमार चौसरिया, अभिशेकप्रताप शाह, किरण यादव, नागिना यादव, मनीष मिश्र, महेन्द्र यादव, मुक्ताकुमारी यादव र रामपल्टन शाह उम्मेदवार छन्।
- सहमहामन्त्री खसआर्य (१) पदका लागि जगदीशनरसिंह केसी, मनोजमणि आचार्य र शुभराम बस्नेत उम्मेदवार छन्।
- सहमहामन्त्री थारू (१) पदका लागि तेजुलाल चौधरी, योगेन्द्र चौधरी, सुरेश यादव उम्मेदवार छन्।
- सहमहामन्त्री मुस्लिम (१) पदका लागि अतहर कमाल मुसलमान, अब्दुल सत्तार, डा. मो. फिरदोस आलम उम्मेदवार छन्।
- सहमहामन्त्री पिछडिएको क्षेत्र (१) पदका लागि जीवनबहादुर शाही, कर्णबहादुर बुढा, जनकराज गिरी, रामबहादुर विष्ट, नारायण भट्टराई र राजन कुँवर उम्मेदवार छन्।
- सहमहामन्त्री अल्पसंख्यक/अपांगता (१) पदका लागि आङगेलु शेर्पा, नगेन्द्र कुमाल र बाबुकृष्ण सापकोटा उम्मेदवार छन्।

प्रोत्साहन भत्ता कटौतीविरुद्ध चिकित्सक र स्वास्थ्यकर्मी आन्दोलित

सुर्खेत/ कर्णाली प्रदेश सरकारले चालू आर्थिक वर्षबाट प्रोत्साहन भत्ता कटौती गरेपछि चिकित्सक र स्वास्थ्यकर्मी आन्दोलित भएका छन्। कर्णालीमा कार्यरत छात्रवृत्ति करारका स्वास्थ्यकर्मी तथा चिकित्सकले प्रोत्साहन भत्ता पाउनुपर्ने माग गर्दै आन्दोलन थालेका हुन्। उनीहरूले कर्णाली प्रदेश सरकारले कटौती गरेको छात्रवृत्ति करार चिकित्सक तथा स्वास्थ्यकर्मीले प्रोत्साहन भत्ता पाउनुपर्ने माग गर्दै गत शुक्रबारदेखि आन्दोलन गर्दै आएका छन्।

कर्णालीमा १० वटै जिल्लामा छात्रवृत्ति करारका चिकित्सक तथा स्वास्थ्यकर्मी आन्दोलित हुँदा स्वास्थ्य सेवासमेत प्रभावित भएको छ। आन्दोलनमा उत्रिएका उनीहरूले आफ्ना माग पूरा नभएसम्मका लागि आन्दोलन जारी राख्ने जनाएका छन्।

कर्णाली प्रदेश सरकारले विगतमा दिँदै आएको प्रोत्साहन भत्ता कटौती गरेपछि आन्दोलन गर्न बाध्य भएको छात्रवृत्ति करार संघर्ष समितिका कर्णाली प्रदेशका संयोजक डा. विशाल कार्कीले बताए। 'छात्रवृत्ति करारका चिकित्सक तथा स्वास्थ्यकर्मीले कर्णालीका सबै जिल्लामा स्वास्थ्य सेवा दिइरहेका छन्,' उनले भने, 'तर, स्थायी तथा अन्य करार सेवाका कर्मचारीसँगको तुलनामा विभेद गरिएका कारणले आन्दोलन जान बाध्य हुनुपरेको हो।'

सिँचाइ कार्यालय मर्ज, दुई ठाउँबाट थप सेवा प्रवाह

लहान/ सिराहाको लहान नगरपालिका- १० स्थित भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्थानान्तरण भई ऊर्जा र खानेपानी कार्यालयसहित मर्जपछि परिवर्तित नाममा थप सेवा प्रवाह गरिने भएको छ। डिभिजन प्रमुख विश्वनाथ यादवका अनुसार प्रदेश सरकार मन्त्रिपरिषद्को गत १० भदौमा स्वीकृत नयाँ संगठन तथा व्यवस्थापन तथा मन्त्रालयको ८ असोजको निर्णयअनुसार सम्बन्धित विषयगत कार्यालयहरू मर्ज भई ऊर्जा, सिँचाइ, खानेपानी डिभिजनको रूपमा रूपान्तरण भएको हो। 'मर्जपछि रूपान्तरित कार्यालयले साबिकको कार्यालयमार्फत सेवा प्रवाह गरिएको ठाउँमबाटै थप सेवा प्रवाह गरिनेछ,' उनले भने, 'कार्यालय स्थानान्तरण होइन।'

यादवका अनुसार जिल्ला सदरमुकाममा रहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन र लहानमा रहेको भूमिगत जलस्रोत सिँचाइ विकास डिभिजनको सेवा दुवै ठाउँबाट प्रवाह गरिनेछ। 'दुवै ठाउँमा ऊर्जा र खानेपानीसम्बन्धी थप सेवा प्रवाह गरिनेछ,' उनले भने। जनमानसमा कार्यालय नै स्थानान्तरण गर्न खोजिएको भन्ने भ्रम सिर्जना भएको उल्लेख गर्दै उनले कार्यालय मर्ज भएपछि थप सेवासहित दुवै ठाउँमा कार्यालय सञ्चालन गरिने बताए। ग्रामीणमा आफ्नै सुविधा सम्पन्न भवन र आवश्यक पूर्वाधारसहित भूमिगत जलस्रोत सिँचाइसम्बन्धी सेवा प्रवाह गरिरहेको कार्यालयबाट ऊर्जा र खानेपानीसहितको सेवा प्रवाह हुँदा सेवाग्राहीलाई खानेपानी र ऊर्जासम्बन्धी कामका लागि अन्यत्र जानु नपर्ने उनले बताए।

गगनको सोचलाई कार्यान्वयन गर्ने विनोद चौधरीको संकल्प

विनोद चौधरीले निराशातर्फ अगाडि बढिरहेको नेपाली समाजमा नयाँ आशा र नयाँ विश्वास सिर्जना गर्न समावेशी उपसभापतिमा उम्मेदवारी दिएको बताएका छन्। कांग्रेसलाई आर्थिक क्रान्तिको पनि नेतृत्व गर्ने पार्टीका रूपमा स्थापित गरी नयाँ इतिहास लेख्न, राजनीति र अर्थनीतिलाई सँगसँगै अगाडि बढाउन उपसभापतिमा उम्मेदवारी दिएको चौधरीको दाबी छ।



बिपी कोइरालाको दूरदर्शी राजनीतिक सोच र सूवर्णशमशेर जबराको आर्थिक विकासको नीतिलाई संयोजन गर्दै कांग्रेसलाई नयाँ उचाइमा पुऱ्याउन र समुन्नत नेपाल निर्माण गर्ने गगन थापाको सोचलाई सही अर्थमा कार्यान्वयन गर्न आफूले भूमिका खेल्ने चौधरीले बताएका छन्। साथै, उनले कांग्रेस नेतृत्वको सरकारले ०४८ सालमा सुरु गरेको आर्थिक सुधारलाई वर्तमान समयको आवश्यकताअनुरूप तीव्र गतिमा अगाडि बढाउन, युवाहरूलाई सूचना प्रविधि, आर्टिफिसियन इन्टेलिजेन्ससँग आबद्ध गराउँदै देशलाई डिजिटल इकोनोमीतर्फ अगाडि बढाउन, राजनीतिको केन्द्रमा आर्थिक विकासका एजेन्डा स्थापित गर्न आफ्नो उम्मेदवारी रहेको बताएका छन्।

यस्तै, समावेशी विकास र तीव्र आर्थिक वृद्धिदरका माध्यमद्वारा आर्थिक विकासलाई कांग्रेसको मुख्य प्राथमिकता बनाउन, युवाहरूका लागि स्टार्टअपका पर्याप्त अवसरहरू सिर्जना गर्न र देशमा आन्तरिक लगानीकर्तालाई विनाअवरोध लगानीको वातावरण तयार गर्न आफ्नो उम्मेदवारी रहेको चौधरीको भनाइ छ। उनले प्रत्येक वर्ष रोजगार बजारमा आउने साढे पाँच लाख युवाहरूलाई देशमै रोजगारीका अवसर सिर्जना गर्न सम्भव छ भनेर काम गर्न, क्षेत्रीय आर्थिक असमानता घटाउनका लागि प्रदेश र स्थानीय तहमा उद्योग तथा रोजगारी विस्तार गर्न, सीमान्तकृत र पिछडिएका समुदायलाई आर्थिक अवसरमा जोड्न, उद्यमशीलता, सिप र वित्तीय पहुँचमार्फत आर्थिक सशक्तीकरण गर्न पनि आफ्नो उम्मेदवारी परेको दाबी गरेका छन्।

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०६/२२ गते नयाँ पत्रिका दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय दिक्तेल, खोटाङबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई वेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.स	ऋणीको नाम, ठेगाना	
१.	**नाम : हिमालयन फर्निचर उद्योग** प्रदेश सरकार, प्रदेश नं १ नेपाल,उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशाानलय, घरेल तथा साना उद्योग कार्यालय, खोटाङ, दर्ता न..४२६२/०७७/०७८, दर्ता मिति २०७७/०५/१२, पान नं. ११५३७१२४२, दर्ता मिति : २०७७/०६/१८, ठेगाना : दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. २ ,खोटाङ, प्रोपाईटर : दिपेन्द्र राई	
	जमानतकर्ताको विवरण	
	१. **नाम : दिपेन्द्र राई** ना.प्र.प.नं. १२-०१-७५-०१५६८,जि.प्र.का. खोटाङ जारी मिति : २०७५/०४/२७ बाबुको नाम : पर्शु राम राई बाजेको नाम : खवर मान राई ठेगाना : खोटाङ जिल्ला, लफ्याङ. वडा नं. ३, हाल : दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ५, खोटाङ	२. **नाम : अनिता राई** ना.प्र.प.नं. १३६१२५/२४६५, जि.प्र.का. खोटाङ जारी मिति २०५६/४/३१ पतिको नाम : दिपेन्द्र राई ससुराको नाम : पर्शु राम राई ठेगाना : खोटाङ जिल्ला, लफ्याङ वडा नं. ३, हाल : दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ५, खोटाङ
	धितोमा रहेको सम्पतिको विवरण	
	दिपेन्द्र राईको नाममा मालपोत कार्यालय खोटाङ, दिक्तेलमा दर्ता श्रेष्ता कायम रहेको खोटाङ जिल्ला, लफ्याङ गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ६४९, ६४४ को क्षेत्रफल क्रमश: १-५-०-३, ०-१५-०-०(रोपनी) तथा खोटाङ जिल्ला, खाल्ले गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १३७ को क्षेत्रफल ४-२-२-३, (रोपनी) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: दिक्तेल, खोटाङ फोन नं. ०३६-४२०६११,४२०६१३
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

चम्पावती हाइड्रोपावर लिमिटेड
नागार्जुन-१, काठमाडौंको

१७औं वार्षिक साधारण सभासम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०८३/०६/२१ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस अगाडि २०८३ असोज २८ गतेका लागि तय भई स्थगित गरिएको कम्पनीको १७औं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावको जानकारी एवं उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावली २०७६ को नियम १८ (३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा बस्ने मिति, समय र स्थान

१. मितिः २०८३ कात्तिक २० शुक्रबार (६ नोभेम्बर, २०२६)
२. समयः बिहान ८:३० बजे
३. स्थानः अनुपम फुडल्याण्ड, बत्तीसपुतली, काठमाडौं।

छलफलका विषयहरू

क) साधारण प्रस्ताव

१. आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षणको प्रतिवेदनसहित २०८३ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणसहितका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम वितरण योग्य संचित मुनाफाबाट चुक्ता पूँजी रू. ४०,००,००,००० (चालीस करोड) को १६ प्रतिशतले हुने रकम रू. ६,४०,००,०००।- अक्षरूपी छ करोड चालीस लाख (करसहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने।

ख) विविध।

आज्ञाले,
कम्पनी सचिव

पूर्वप्रधानन्यायाधीश...

पृष्ठ १ बाट क्रमशः

अदालतमा कार्यरत थिए। त्यस्तै, बस्नेतमाथि यसअघिदेखि नै विभागले छानबिन गर्दै आएको थियो। रातारात करोडपति बनेका उनको १३ वर्षअघिको रक्तचन्दन तस्करीको घटनामा पनि हाल छानबिन भइरहेको छ। उनको पूर्वप्रधानन्यायाधीश जबराका भाइ प्रभुशमशेरसँग सामिप्यता छ। त्यस्तै, दाहाल र तिमल्सिनाले पनि मुद्दामा चलखेल गर्ने सूचनाका आधारमा विभागले छानबिन थालेको छ। तर, उनीहरूको घरबाट के-के बरामद गरिएको भन्ने विभागले गोप्य नै राखेको छ।

पूर्वप्रधानन्यायाधीश जबरालाई गत १० असोजमा प्रहरीले नियन्त्रणमा लिई सोधपुछ गरेको थियो। उनलाई ११ घण्टा नियन्त्रणमा लिएर छाडिए पनि अनुसन्धान भने जारी राखिएको छ। उनका निकटस्थमाथि विस्तृत छानबिन गरी पर्याप्त आधार भेटिएमा सम्पत्ति शुद्धीकरणको कसुरमा जबरालाई पनि तान्ने तयारी भइरहेको स्रोत बताउँछ। खासगरी भाइ प्रभुशमशेरको नाममा पछिल्ला वर्षमा करोडौँको सम्पत्ति जोडेको उजुरी विभागमा छन्।

प्रहरीले जबरानिकट भएर बिचौलियाको काम गर्ने इनाम सापकोटालाई पनि थुनामै राखेर अनुसन्धान गरिरहेको छ। जिल्ला प्रहरी परिसर, काठमाडौँले उनको मोबाइल र ल्यापटप जफत गरी शंकास्पद कारोबारका प्रमाण संकलन गरिरहेको छ। उनकै मोबाइलमा भेटिएको प्रमाणका आधारमा सशस्त्रका एआइजी वंशीराज दाहालमाथि छानबिन भइरहेको छ। उनले मुद्दाका विषयमा डिल गर्नेदेखि विभिन्न प्रकारका सूचना चोलेन्द्रकहाँ पठाउने गरेको प्रारम्भिक छानबिनमा खुलेको छ।

पदमा रहँदा भ्रष्टाचारलगायतको गम्भीर आरोप लागेपछि जबराविरुद्ध महाअभियोग लागेको थियो। त्यसपछि उनी बहिर्गमनमा परेका थिए। त्यतिवेला जबराविरुद्ध नेपाल बार एसोसिएसनले समेत आन्दोलन गरेको थियो भने न्यायाधीशहरूले नै उनलाई बहिष्कार गरेका थिए। पछिल्लो समय बिचौलिया दीपक भट्टलगायतका मुद्दा मिलाइदिने भनेर डिल गरेको सूचना प्रधानमन्त्री कार्यालयमा पुगेपछि उनलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। प्रारम्भिक छानबिनमा शंकास्पद कुराकानी र कारोबारका विवरणहरू भेटिएको स्रोत बताउँछ। सोही कारण पनि उनले आफूलाई नियन्त्रणमा लिएर छाडिएको विषयमा केही बोलेका छैनन्। जबरा र उनीनिकट समूहमाथि विस्तृत छानबिन भएपछि सो समूहमा रहेका केही व्यक्तिहरू भने भागिसकेको प्रहरी स्रोत बताउँछ।

● इनाम सापकोटाविरुद्ध सम्पत्ति शुद्धीकरणमा म्याद थप

बिचौलियाको काम गरेको अभियोगमा पक्राउ परेका इनाम सापकोटाविरुद्ध प्रहरीले सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान थालेको छ। जिल्ला प्रहरी परिसर, काठमाडौँले बुधबार उनलाई जिल्ला अदालत, काठमाडौँमा उपस्थित गराई सम्पत्ति शुद्धीकरणको कसुरमा म्याद थप गरेको हो। 'अदालतले एक दिन मात्र म्याद दिएको छ,' परिसरका एक अधिकारीले भने, 'भोलि फेरि उपस्थित गराउँछौं।' झापा घर भएका सापकोटा एक दूतावासका कर्मचारी भएको स्रोत बताउँछ। पूर्वप्रधानन्यायाधीश जबरासँग शंकास्पद सम्बन्ध देखिएपछि प्रहरीले उनलाई विमानस्थलबाट पक्राउ गरेको हो। उनको मोबाइलमा मुद्दासँग सम्बन्धित आर्थिक डिलका विवरण भेटिएको छ। प्रहरीले उनको सेयर, बैंक खाता तथा सम्पत्ति रोक्काको प्रक्रिया अघि बढाइसकेको छ।

गण्डकी सरकारको वैधानिकताबारे तेस्रोपटक उठ्यो प्रश्न

दीर्घकालीन महत्त्वका विषयमा कुनै पनि निर्णय नगर्न सर्वोच्चको आदेश

कास्कीमा **रोहितराज पराजुली**

गण्डकी प्रदेश सरकारको वैधानिकतालाई लिएर तेस्रोपटक विवाद भएको छ। गण्डकी सरकारविरुद्ध उत्प्रेषणको माग गर्दै एमालेले दर्ता गरेको रिट निवेदनमा बुधबार सर्वोच्च अदालतले दीर्घकालीन महत्त्वका विषयमा कुनै पनि निर्णय नगर्न आदेश जारी गरेको छ।



गण्डकी प्रदेश सरकारबाट एमाले बाहिरिएको भन्ने विषयको पत्र सो दलका नेताले १० भदौमा प्रदेश प्रमुखलाई दिएको भन्ने निवेदनसाथ पेस गरेको पत्रको प्रतिलिपिबाट देखिएको र निवेदनमा नेपालको संविधानको धारा १८८ (२) बमोजिम ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने भन्ने व्यवस्थाको कार्यान्वयन नगरिएको भन्ने निवेदन दाबी देखिँदा सुविधा सन्तुलनको दृष्टिबाट प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्म दीर्घकालीन महत्त्वका विषयमा कुनै निर्णय, कामकारबाही नगर्नू-नगराउनू।

न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले निवेदकको मागअनुसार बुधबार अन्तरिम आदेश जारी गर्दै रिटको अन्तिम टुंगो नलागेसम्म दीर्घकालीन महत्त्वका विषयमा कुनै निर्णय, कामकारबाही नगर्नू-नगराउनू भनी विपक्षीको नाममा आदेश जारी भएको हो। 'गण्डकी प्रदेश सरकारबाट एमाले बाहिरिएको भन्ने विषयको पत्र सो दलका नेताले १० भदौमा प्रदेश प्रमुखलाई दिएको भन्ने निवेदनसाथ पेस गरेको पत्रको प्रतिलिपिबाट देखिएको र निवेदनमा नेपालको संविधानको धारा १८८ (२) बमोजिम ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने भन्ने व्यवस्थाको कार्यान्वयन नगरिएको भन्ने निवेदन दाबी देखिँदा सुविधा सन्तुलनको दृष्टिबाट प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्म दीर्घकालीन महत्त्वका विषयमा कुनै निर्णय, कामकारबाही नगर्नू-नगराउनू,' आदेशमा भनिएको छ।

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले एक महिनासम्म पनि प्रदेश सभामा विश्वासको मत नलिएको भन्दै सरकारको वैधानिकतालाई लिएर एमालेले सर्वोच्चमा रिट निवेदन हालेको थियो। संविधानको धारा १८८ उपधारा (२) मा भएको व्यवस्थाअनुसार मुख्यमन्त्रीले विश्वासको मत नलिएको भन्दै एमाले गण्डकी, संसदीय दलका उपनेता लीलबहादुर थापाले मंगलबार तीनजनालाई विपक्षी बनाउँदै उत्प्रेषणको माग गर्दै सर्वोच्चमा रिट निवेदन दर्ता गरेका थिए। निवेदनमा प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्री र सभामुखलाई विपक्षी बनाइएको छ।

गण्डकीमा सरकारको वैधानिकतालाई लिएर भएको यो तेस्रो विवाद हो। यसअघि २५ चैत ०८० मा सभामुखको समेत गणना गर्दै आवश्यक बहुमत पुऱ्याएपछि एमाले संसदीय दलका नेता खगराज अधिकारीलाई प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। सभामुखको समेत गणना गर्दै मुख्यमन्त्री नियुक्त गरेपछि कांग्रेस दलका नेता पाण्डेले नियुक्ति बदरको माग गर्दै २७ चैतमा सर्वोच्च अदालतमा रिट दर्ता गरेका थिए। पाण्डेले दायर गरेको रिट सर्वोच्चले १७ वैशाख ०८१ मा खारेज गर्दै विश्वासको मत लिन अधिकारीलाई बाटो खोलिदिएको थियो।

२३ वैशाखमा विश्वासको मत लिने क्रममा ६० सदस्यीय प्रदेश सभामा बहुमतका लागि ३१ जना सदस्यको समर्थन आवश्यक रहेकोमा सभामुख कृष्ण धितालले ३० मतलाई बहुमत मान्दै अधिकारीले विश्वासको मत पाएको घोषणा गरेका थिए। त्यसपछि २५ वैशाखमा पाण्डेले सर्वोच्च अदालतमा रिट दर्ता गरेका थिए। २५ वैशाखमा पाण्डेले दायर गरेको रिटको १४ जेठमा अन्तिम फैसला सुनाउँदै न्यायाधीशद्वय कुमार रेग्मी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासबाट ४८ घण्टाभित्र ठुलो दलको नेताका हैसियतमा १६८ (३) अनुसार मुख्यमन्त्री नियुक्त गर्न परमादेश जारी गरेका थियो।

यस्तो थियो पहिलेको विवाद

२३ फागुन ०८० मा नेकपा (तत्कालीन माओवादी)ले मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई दिएको समर्थन फिर्ता लिएपछि २१ चैतमा मुख्यमन्त्री पाण्डेले राजीनामा दिएका थिए। त्यसपछि नयाँ सरकार गठनका लागि आह्वान भएपछि २५ चैतमा सभामुखको समेत गणना गर्दै आवश्यक बहुमत पुऱ्याएपछि एमाले संसदीय दलका नेता खगराज अधिकारी मुख्यमन्त्री नियुक्त भएका थिए। सभामुखको समेत गणना गर्दै मुख्यमन्त्री नियुक्त गरेपछि कांग्रेस दलका नेता पाण्डेले नियुक्ति बदरको माग गर्दै २७ चैतमा सर्वोच्चमा रिट दर्ता गरेका थिए। उनले दायर गरेको रिट १७ वैशाख ०८१ मा खारेज गर्दै सर्वोच्चले विश्वासको मत लिन अधिकारीलाई बाटो खोलिदिएको थियो। २३ वैशाखमा विश्वासको मत लिने क्रममा ६० सदस्यीय प्रदेश सभामा बहुमतका लागि ३१ जना सदस्यको समर्थन आवश्यक रहेकोमा सभामुख कृष्ण धितालले ३० मतलाई बहुमत मान्दै अधिकारीले विश्वासको मत पाएको घोषणा गरेका थिए। त्यसपछि २५ वैशाखमा पाण्डेले पुनः सर्वोच्च अदालतमा रिट दर्ता गरेका थिए।



सुरेन्द्रराज पाण्डे

रिटको १४ जेठमा अन्तिम फैसला सुनाउँदै न्यायाधीशद्वय कुमार रेग्मी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले ४८ घण्टाभित्र ठुलो दलको नेताका हैसियतमा १६८ (३) अनुसार मुख्यमन्त्री नियुक्त गर्न परमादेश जारी गरेको थियो। अदालतको परमादेशपछि १६ जेठमा मुख्यमन्त्रीमा नियुक्त भएका पाण्डेले २८ जेठमा विश्वासको मत लिएका थिए। तत्कालीन माओवादीको चुनाव चिह्न लिएर निर्वाचन लडेका नेपाल समाजवादी पार्टी र हालको प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का नेता गोरखा १ (२) बाट निर्वाचित फणीन्द्र देवकोटाले माओवादीले जारी गरेको ह्विप उल्लंघन गदै फ्लोर क्रस गरेपछि पाण्डेलाई विश्वासको मतका लागि आवश्यक संख्या पुगेको थियो।

कांग्रेसका २७, एमालेका उपसभामुखसहित २२, नेकपा (तत्कालीन माओवादी)का सभामुखसहित सात, राप्रपाका दुई, प्रलोपा र स्वतन्त्रका एक-एक गरी ६० सदस्यीय प्रदेश सभामा विश्वासको मतका लागि ३१ सदस्यको समर्थन आवश्यक पर्नेमा पाण्डेको पक्षमा देवकोटासँगै कांग्रेसका २७, राप्रपाका दुई र स्वतन्त्र सांसद राजीव गुरुङ (दीपक मनाडे) गरी ३१ जनाले मत जाहेर गरेका थिए। एमाले र तत्कालीन माओवादीले विपक्षमा मतदान गरेका थिए। २८ जेठ ०८१ पछि पाण्डेलाई विश्वासको मत लिन नपरेका कारण २८ जेठमा पाएको विश्वासको मतकै आधारमा हालसम्म गण्डकीमा सरकार चलिरहेको छ।


बार-बेन्च बढ्यो दूरी

संवैधानिक इजलासको गठन र न्यायाधीश नियुक्तिप्रति असन्तुष्ट बारले दियो आन्दोलनको चेतावनी

नयाँ पत्रिका

न्यायालय र नेपाल बार एसोसिएसनबिच फेरि दूरी बढेको छ। बार एसोसिएसनले न्यायालयको पछिल्ला कामकारबाहीप्रति असन्तुष्टि जनाउँदै आन्दोलनसम्म गर्ने चेतावनी दिएको छ।

संवैधानिक इजलासको गठन र न्यायाधीश नियुक्तिका विषयमा बार असन्तुष्ट छ। दुवै विषयमा उसले बुधबार दुई छुट्टाछुट्टै विज्ञप्ति निकालेर ध्यानाकर्षण गराएको छ। न्यायपरिषद्ले मंगलबार सर्वोच्चमा चार न्यायाधीश नियुक्तिको सिफारिस गरेको थियो। चारैजना उच्च अदालतका न्यायाधीशलाई सिफारिस गरिएको छ। सिफारिस गर्दा वस्तुनिष्ठ आधार र पारदर्शिताको अभाव रहेको बारले जनाएको छ। समावेशितालाई समेत आत्मसात् नगरिएको बारको आरोप छ।



न्यायपालिकासँग द्वन्द्व चाहेका छैनौं, उहाँहरूले नै निम्त्याउनुभएको छ। हाम्रा राय-सल्लाह र सुझावलाई पूरै बेवास्ता गरेर अघि बढ्नुभएको छ, जुन स्वीकार छैन।

● **केदार कोइराला**, महासचिव, नेपाल बार एसोसिएसन

'न्यायपरिषद्समक्ष बार एसोसिएसन, यसका राष्ट्रिय सम्मेलन, केन्द्रीय तथा सल्लाहकार समितिका बैठकहरूले पटक-पटक न्यायाधीश नियुक्तिमा कानुन व्यवसायीहरूको सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गर्न जोडदार माग गर्दै आइरहेको सन्दर्भमा भए-गरिएको न्यायाधीश नियुक्ति सिफारिसको वस्तुनिष्ठ आधार र पारदर्शिताको अभाव रहेको स्पष्ट छ,' महासचिव केदार कोइरालाद्वारा जारी विज्ञप्तिमा छ, 'अतः न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षताको रक्षार्थ र जनआस्था अभिवृद्धिका लागि न्यायपालिकाको शुद्धीकरण र सुदृढीकरणको सवालमा सम्पूर्ण कानुन व्यवसायीहरू, नागरिक समाज र सञ्चार जगत् गोलबद्ध भई अगाडि बढ्नुपर्ने अवस्था पुनः सिर्जना भएको एसोसिएसनको ठहर छ।'

यसअघिका नियुक्तिमा उच्चका भन्दा धेरै कानुन व्यवसायीबाट नियुक्ति हुने गरेका थिए। त्यस्ता नियुक्ति पनि विवादमा पर्थे। यसपटक रिक्त रहेका चारै पदमा उच्च अदालतबाट नियुक्तिको सिफारिस भएको छ।

'संवैधानिक इजलास गठन स्वेच्छाचारी भयो'

बारले संवैधानिक इजलास गठनसम्बन्धी प्रधानन्यायाधीशको निर्णय मनोगत, मापदण्डविहीन र स्वेच्छाचारी अभ्यास भएको टिप्पणी गरेको छ। यस्ता गतिविधिमा संस्थागत प्रतिरोध गर्ने उसको चेतावनी छ।

संवैधानिक इजलास वरिष्ठताका आधारमा गठन गरिनुपर्ने र त्यसो गर्न नसकिने वस्तुगत अवस्था भए गोलाप्रथा प्रणाली अवलम्बन गरिनुपर्ने माग बारले उठाउँदै आएको छ।

तर, प्रधानन्यायाधीश मनोजकुमार शर्माले पछिल्लो समय इजलास गठनमा आफूखुसी न्यायाधीशलाई राखेको भन्दै बारले असन्तुष्टि जनाउँदै आएको छ।

संवैधानिक इजलास गठनलाई प्रधानन्यायाधीशको व्यक्तिगत तजबिजको विषय बनाइराख्ने प्रवृत्ति देखिएको बारको निष्कर्ष छ। मंगलबार जारी विज्ञप्तिमा कुनै स्पष्ट, वस्तुगत र पूर्वनिर्धारित मापदण्डविना गरिने स्वेच्छिक छनोटले न्यायिक निष्पक्षतामा मात्र होइन, न्यायपालिकाको संस्थागत विश्वसनीयतामाथि गम्भीर प्रश्न खडा गरेको उल्लेख छ।

'न्यायपालिका सदैव जनआस्था, निष्पक्षता र संस्थागत विश्वसनीयताबाट प्रवर्द्धित हुन्छ, राजनीतिक अंकगणितको ताप र रापबाट होइन भन्ने विषयमा नेपाल बार एसोसिएसन स्पष्ट छ,' विज्ञप्तिमा भनिएको छ, 'यही मान्यताका आधारमा, विगतमा न्यायिक स्वेच्छाचारिताविरुद्ध जसरी सशक्त प्रतिवाद गरिएको थियो, आवश्यक परे पुनः त्यही प्रकृतिको कडा संस्थागत प्रतिरोधमा उत्रन बार एसोसिएसन बाध्य हुनेछ। त्यसबाट उत्पन्न हुने परिस्थितिको सम्पूर्ण जिम्मेवारी सम्बन्धित न्यायिक नेतृत्वले स्वयं वहन गर्नुपर्नेछ।'

बार एसोसिएसनका महासचिव कोइराला न्यायालयको नेतृत्वले नै पछिल्लो समय द्वन्द्व बढाएको बताउँछन्। 'न्यायपालिकासँग द्वन्द्व चाहेका छैनौं, उहाँहरूले नै निम्त्याउनुभएको छ,' उनले भने, 'हाम्रा राय, सल्लाह र सुझावलाई पूरै बेवास्ता गरेर अघि बढ्नुभएको छ, जुन स्वीकार छैन।' पछिल्लो समय आन्दोलनकै लागि पनि बारमाथि दबाब बढ्दै गएको उनको भनाइ छ।

सुधाकर दलेला नेपालका लागि राजदूत प्रस्तावित

काठमाडौं/ भारतले सुधाकर दलेलालाई नेपालका लागि राजदूत प्रस्ताव गरेको छ। भारतीय विदेश मन्त्रालयले दलेलाको नाम स्वीकृतिका लागि मंगलबार परराष्ट्र मन्त्रालयमा लिखित अनुरोध पठाएको कूटनीतिक स्रोतले जनाएको छ।

नयाँदिल्लीस्थित नेपाली दूतावासलाई समेत दलेलाको नियुक्तिबारे विदेश मन्त्रालयले जानकारी गराएको छ। भारतले लामो समयदेखि नेपालमा अतिरिक्त सचिवस्तरका वरिष्ठ कूटनीतिक अधिकारी पठाउँदै आएकोमा यसपटक सचिव ओहोदाका अनुभवी कूटनीतिज्ञ पठाउन लागेको छ। दलेला विदेश मन्त्रालयमा आर्थिक सम्बन्ध हेर्ने अनुभवी कूटनीतिज्ञ हुन्।



निवर्तमान राजदूत नवीन श्रीवास्तवको पदावधि १ अक्टोबरदेखि समाप्त भएसँगै उनी सेवाबाट अवकाश पाएर दिल्ली फर्किसकेका छन्। उनकै ब्याजी रहेका दलेला श्रीवास्तवका उत्तराधिकारी भएका छन्। दलेला विगतमा भुटानका लागि भारतीय राजदूत तथा भारतीय विदेश मन्त्रालयको नेपाल र भुटान हेर्ने उत्तरी महाशाखा (नर्थ डिभिजन) प्रमुख थिए। त्यसअघि उनी दक्षिण एसियामा बंगलादेशको ढाकास्थित भारतीय दूतावासमा पनि काम गरेका छन्। दलेलाको नाम स्वीकृतिका लागि प्राप्त भएको परराष्ट्र मन्त्रालयका अधिकारीले पुष्टि गरेका छन्। नेपालले एग्रिमो पठाइसकेपछि दलेला विधिवत् रूपमा राजदूत नियुक्त हुनेछन्। कूटनीतिज्ञ दलेला सन् १९९३ मा भारतीय परराष्ट्र सेवामा प्रवेश गरेका थिए।

महाधिवेशनपछि पहिलोपटक एमाले स्थायी समिति बैठक

नयाँ पत्रिका

एमालेले बिहीबार स्थायी समिति बैठक बोलाएको छ। गत पुस मसान्तमा एघारौं महाधिवेशन सम्पन्न भएको नौ महिनापछि एमालेले पहिलोपटक स्थायी समिति बैठक बोलाएको हो।

एमालेको विधानमा केन्द्रीय कमिटीको एकतिहाइ पोलिटब्युरो र एकतिहाइ संख्या रहेको स्थायी समिति रहने व्यवस्था छ। अहिले एमालेमा ३०२ सदस्यीय केन्द्रीय कमिटी छ। केन्द्रीय कमिटीको ८ असोजमा सम्पन्न बैठकले सातजना स्थायी समिति सदस्य मनोनीत गरेको थियो। अहिले १९ सदस्यीय पदाधिकारीमा सातजना मनोनीत भएपछि स्थायी समितिको संख्या २६ पुगेको छ। विधानअनुसार अझै सातजना सदस्य मनोनीत गर्न बाँकी रहेकोमा पछिल्लो केन्द्रीय कमिटी बैठकले त्यससम्बन्धी अधिकार केन्द्रीय सचिवालयलाई दिएको छ।

महाधिवेशनपछि बस्न लागेको पहिलो स्थायी समितिमा पूर्वराष्ट्रपति विद्या भण्डारी पनि सहभागी हुँदै छिन्। उनलाई एमालेले अध्यक्षपछिको दोस्रो मर्यादामा रहने गरी वरिष्ठ नेताका रूपमा पार्टीमा भित्र्याएको छ।

पछिल्लो केन्द्रीय कमिटी बैठकले उनको मर्यादा तोक्नुका साथै अध्यक्षको काममा सघाउने, पार्टीका सही निर्णयका लागि परामर्शलगायतको काम गरेर भूमिका खेल्ने, केन्द्रीय कमिटी, पोलिटब्युरो र स्थायी समितिले तोकेको अन्य काम गर्नेजस्ता अधिकार दिएको छ। ती अधिकार विधान महाधिवेशनबाट पास गर्ने गरी अहिलेलाई बाधा अड्काउ फुकाई केन्द्रीय कमिटीबाट एमालेले भण्डारीको मर्यादा र जिम्मेवारीको टुंगो लगाएको हो।

प्रचार विभाग प्रमुख नीरज आचार्यले विधानमा उपाध्यक्षहरूको जस्तै वरिष्ठ नेताको पनि अधिकारका विषयमा केन्द्रीय कमिटीले टुंगो लगाइसकेकाले त्यहीअनुसारको मर्यादा र भूमिकामा भण्डारीको पनि बैठकमा सहभागिता रहने जानकारी दिए।

■ नेपाल-रुस परराष्ट्रसचिवस्तरीय वार्ता

युक्रेन युद्धमा मारिएका नेपाली परिवारलाई क्षतिपूर्ति दिने रुसी प्रतिबद्धता

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपालले पहिलोपटक औपचारिक संयन्त्रको बैठकमार्फत रुसी सेनामा भर्ती भएर ज्यान गुमाएका तथा बेपत्ता भएका नागरिकबारे रुससँग चासो जनाउँदै परिवारलाई क्षतिपूर्ति दिन आग्रह गरेको छ। नेपाल र रुसबिच परराष्ट्रसचिवस्तरीय द्विपक्षीय परामर्श संयन्त्रको बुधबार काठमाडौंमा भएको बैठकमा नेपालले बेपत्ताहरूको खोजी गरिदिन र नेपालीको शव ल्याउने व्यवस्था गरिदिनसमेत अनुरोध गरेको छ।

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्रसचिव अमृतबहादुर राई तथा रुसी प्रतिनिधिमण्डलको नेतृत्व उपविदेशमन्त्री रुदेन्को आन्द्रेई युरेभिचले गरेका थिए। बैठकमा सहभागी हुन रुसी उपविदेशमन्त्री (परराष्ट्रसचिव ओहोदाको) रुदेन्को मंगलबार आइपुगेका थिए। रुसी उपविदेशमन्त्री रुदेन्कोले सन् २०२३ पछि (तीन वर्षदेखि) रुसी सेनामा नेपालीको भर्ती नभएको जवाफ दिएको बैठकमा सहभागी कूटनीतिक अधिकारीले बताए।

युद्धमा मारिएका नेपालीको शव नेपाल पठाउन, नेपालीलाई सेनामा भर्ती नगर्न र मृतकका परिवारलाई क्षतिपूर्ति दिन र बेपत्ता भएका नेपालीको अवस्था यकिन गरेर परिवारजनलाई जानकारी गराउन पनि नेपालले अनुरोध गरेको छ। 'रुसी सेनामा रहेका नेपाली नागरिकका मुद्दाहरू (जसमा बेपत्ता नेपाली नागरिक, युक्रेनमा



अमृतबहादुर राई



रुदेन्को आन्द्रेई युरेभिच

युद्धबन्दीका रूपमा थुनामा रहेका नेपाली नागरिक र क्षतिपूर्ति समावेश थिए)मा छलफल भयो,' परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिमा छ, 'जलवायु परिवर्तन र बहुपक्षीय प्रणालीहरूमा सहकार्यलगायत आपसी हितका विभिन्न क्षेत्रीय तथा बहुपक्षीय मामिलामा पनि विचार आदानप्रदान भएका छन्।'

रुसी सेनामा कार्यरत नेपालीको संख्या अझै पनि यकिन छैन। नेपालले यसबारे जानकारी माग्दै आए पनि रुसले उपलब्ध गराएको छैन। भर्ती भएका व्यक्तिका कुल ३६४ जना परिवारले हालसम्म परराष्ट्र मन्त्रालयको कन्सुलर सेवा विभागमार्फत खोजी गरिदिन लिखित निवेदन दिएका छन्। विभागका अनुसार रुसले हालसम्म १३४ नेपालीको मृत्यु भएको जानकारी पठाएको छ। बेपत्ता भएका ४० जनाका परिवारको डिएनए परीक्षण नमुना पठाएकाले उनीहरूको पनि मृत्यु भएको आशंका छ। यीबाहेक १९० जना थप बेपत्ता व्यक्तिका परिवारले विभागलाई अनुरोध गरेका छन्।

'कुल ३६४ निवेदनमध्ये मृतक, बेपत्ता, डिएनए परीक्षणको नमुना पठाएका व्यक्ति सबै समेटिन्छन्। यीबाहेक नौजना नेपाली युद्धबन्दीका रूपमा युक्रेनमा छन्,' विभागका एक अधिकारीले भने। सरकारी तथ्यांकअनुसार युक्रेनमा नौजना युद्धबन्दी रहेको भए पनि पारिवारिक च्यानलका अनुसार कम्तीमा १३ जना युद्धबन्दी युक्रेनमा छन्। 'रुसी उपविदेशमन्त्रीले सन् २०२३ देखि नेपाली भर्ती भएका छैनन् भन्ने स्पष्ट जवाफ दिनुभयो,' बैठकमा सहभागी एक कूटनीतिक अधिकारीले भने, 'मृतकका परिवारलाई क्षतिपूर्ति दिन्छौं। मृतकहरूलाई योद्धाका रूपमा सम्मान गर्छौं। परिवारलाई रुसमा क्षतिपूर्तिका लागि जान सहज गर्छौं भन्ने रुस पक्षको जवाफ आएको छ।' हाल मृतकका दुईजना परिवारका सदस्यलाई तीन महिनाका लागि निःशुल्क भिसा दिएकोमा यो अवधि थपिदिन नेपालले अनुरोध गरेको छ। यसमा रुसले सकारात्मक जवाफ दिएको छ। मृतकका परिवारलाई क्षतिपूर्ति रकम भुक्तानी रुसमा सहज रहेको, तर नेपालमा रकम पठाइदिन अन्तर्राष्ट्रिय प्रतिबन्धका कारण अप्ठेरो रहेको पनि बैठकमा छलफल भएको थियो।

नेपाल र रुसबिच कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वर्षगाँठका अवसरमा बुधबार आयोजित समारोहमा रुसी उपविदेशमन्त्री आन्द्रेईले आठ वर्षपछि बैठक बसेको तथा द्विपक्षीय र बहुपक्षीय विषयमा छलफल भएको बताए।



पर्यावरणमैत्री बैंक र हरित लगानी ढाँचा

वातावरणीय लगानीमा भइरहेको हेलचेक्र्याइँ र विशाल वित्तीय खाडलले बैंकका नाफा र प्रतिफलमा झनै जोखिम बढाइरहेको छ



● लोकबन्धु घिमिरे

अग्रलेख

प्रकृतिका लागि वित्त लगानी : भर्खरै संयुक्त राष्ट्रसंघीय निकाय युनेपले स्टेट अफ फाइनान्स फर द नेचर-२०२६ प्रतिवेदन प्रकाशनमा ल्याएको छ। जसले वैश्विक व्यावसायिक गतिविधि, बैंकको ऋणप्रवाह र परियोजना छनोटसँगै सार्वजनिक एवं निजी वित्तको लगानी ढाँचाको विश्लेषण गर्दै भनेको छ- केही वर्षयता समस्त बैंकिङ लगानी कतै न कतै वातावरणीय स्रोतदोहन, जैविक विविधता नोक्सानी र प्रदूषणकारी उद्योगसँग जोडिँदै गएकाले 'ग्लोबल फाइनान्सिङ प्याटर्न' दिगो विकास लक्ष्य- २०३० सँग सादृश्य नहुने दिशातर्फ गइरहेको भन्दै सोप्रति चिन्ता जनाएको छ।

यतिखेर वैश्विक जिडिपी करिब १२० ट्रिलियन डलर जति छ भने सोको आधाजति हिस्सा (अर्थात् वार्षिक ५८ ट्रिलियन डलर) प्रकृति सिर्जित आयसँग सम्बन्धित छ, जबकि यसै प्रकृतिको रक्षाका लागि मात्र दुई सय बिलियन डलर लगानी गरिन्छ। वातावरणीय लगानीमा भइरहेको यस्तो हेलचेक्र्याइँ र विशाल वित्तीय खाडलले बैंकका नाफा र प्रतिफलमा झनै जोखिम बढाइरहेको छ। अझ प्रतिवेदनले देखाएको सबभन्दा बढी चिन्ता के हो भने हरेक देशले प्रकृति (पर्यावरण) जोगाउन र संरक्षणका लागि एक डलर लगानी गर्दैगर्दा र सोही प्रकृतिलाई मास्न ३० डलर खर्चिएको विरक्तलाग्दो अवस्था छ।

यसरी हेर्दा बैंकले गर्ने गरेको ऋण लगानी कार्बन उत्सर्जन, वनजंगलको फँडानी, रासायनिक प्रदूषण, जैविक विविधता नोक्सानी, मत्स्य उद्योग नोक्सान तथा समुद्र ब्लिचिङ एवं कोइला-पेट्रोल र खनिज ऊर्जा उत्खननजस्ता 'नेचर नेगेटिभ' व्यवसाय क्षेत्रमा बढी ढल्किरहेको पाइएको छ। जसले गर्दा वातावरणीय नोक्सानीका कारण कृषि उत्पादन घट्ने, जलसतह घटने, कच्चा पदार्थ घट्ने र चरम बाढीपहिरोजस्ता जलवायु प्रकोपले आयोजना नै क्षति हुने अवस्था सिर्जित भएका कारण कतिपय बैंकिङ ऋणधितो नै असुली नहोला भन्नेमा अनिश्चितता फैलँदो छ। फलतः त्यहाँ उच्च वित्तीय जोखिमको स्थिति पैदा हुँदै छ। सुपर एल निनोको दुष्प्रभाव, जलवायु सिर्जित चरम वर्षा, बाढीपहिरो, विपत् र बढ्दो 'हिटवेभ'ले व्यक्तिगत वा आयोजनागत बिमा लागत वृद्धि हुने पनि सम्भावना बढेको छ। हो, यिनै परिवेश मध्यनजर गरी संसारका ३५० जति संख्याका ठुला बैंक र अन्य हजारौँ वित्तीय संस्था पनि जलवायु उत्तरदायी हुन सकून् र कम्तीमा पनि यी बैंक लगानीले नेचर नेगेटिभ प्रभाव उत्पन्न नगरून् भनेर राष्ट्र संघले सन् २०१९ मा 'प्रिन्सिपल फर रिस्पोन्सिबल बैंकिङ' भन्दै ६ वटा पिआरबी सिद्धान्त प्रतिपादन पनि गरेको छ।

जसले संसारका सबै बैंकले पोर्टफोलियो लगानी गर्दा पेरिस सहमतिपत्र- २०१५ को मूल जलवायु लक्ष्य अर्थात् (डिकार्बनाइजेसन, १.५ डिग्री र नेट जिरो) सहित युएन दिगो विकास लक्ष्य-२०३० लाई सघाउ पुऱ्याउने हरित लगानी अवधारणा लिई उल्लिखित ६ सैद्धान्तिक आधारमा आआफ्ना बैंकिङ रणनीति बनाई पर्यावरणमैत्री बैंकिङ प्रणाली अवलम्बन गर्न र प्रकृतिमा वित्त लगानी बढाउन राष्ट्र संघबाट जोडदार आग्रह भइरहेको छ।

यसमा केही सुरुवात भएका पनि छन्। सन् २०२० मा ब्रिटिस बैंक र रोयल बैंक अफ स्कटल्यान्डसहित केही वित्त कम्पनीको समूह (नाटवेस्ट ग्रुप) ले पहिलोपटक यसखाले जलवायुमैत्री बैंकिङ दिग्दर्शन ल्याउँदै प्रभावकारी रूपले हरित लगानीको कार्यान्वयन गरेको पाइन्छ।

थप युरोपेली, अमेरिकी, जापानी र केही नेपाली बैंकले पनि ग्रिन बन्ड, ग्रिन ट्रेजरी र ग्रिन इनर्जी लोन, ग्रिन मोरगेजलगायत माध्यमबाट हरित लगानी व्यवस्थापन गर्ने दिशातर्फ अघि बढेको देखिँदा यस्ताखाले अभ्यासबाट सिक्दै नेपालमा पनि पर्यामैत्री बैंकिङ प्रणाली (इको-बैंकिङ) को अवधारणा बढोत्तरी गर्न सरकारले नै समग्र वित्तीय र मौद्रिक नीतिको पुनर्संरचना गर्दै अघि जान जरुरी देखिन्छ।

पिआरबी बैंकिङ ढाँचा : हामीलाई थाहै छ सबैजसो बैंक तथा वित्तीय संस्थाको काम व्यक्तिगत, संस्थागत वा पब्लिक फन्ड (मनी) लाई डिपोजिटका रूपमा राख्ने र सोको नाफादायी परियोजनामा ऋण लगानी गर्ने अनि प्रतिफल (नाफा ब्याज) उच्च पार्ने नै हो। जसलाई व्यावसायिक वित्त व्यवस्थापन भन्ने चलन पनि छ। राष्ट्र बैंकले यसैका लागि उपयुक्त मौद्रिक नीति बनाउने गर्छ र सँगै मुद्राप्रदाय तथा ब्याजदर नियमन गर्छ। परम्परागत खैरो बैंकिङ नीतिबाट परियोजनामा लगानी गर्दा केबल नाफा र बढी ब्याज प्राप्तिलाई प्राथमिकता दिए पनि अबको हरित लगानी व्यवस्थापन गर्दा बैंकहरूले पिआरबी ढाँचा (प्रिन्सिपल फर रिस्पन्सबिल बैंकिङ फ्रेमवर्क) अपनाउन प्रोत्साहन गरिएको छ। यसले समाज, जनता र पृथ्वीको कल्याणप्रति बैंकलाई उत्तरदायी हुन भनेको छ। बैंकका उद्यमशीलता, फर्म र परियोजनाजन्य क्रियाकलाप पर्यावरणमैत्री र समाजमैत्री हुनुपर्छ भनिएको हो। जसले पेरिस सहमतिपत्र र दिगो विकास लक्ष्यमा रही जलवायु, प्रकृति, मानव अधिकार र समावेशी अर्थतन्त्रका लागि जिम्मेवार बैंकिङ प्रणालीलाई अभिप्रेरित गर्छ। राष्ट्र संघको यस पिआरबी फ्रेमवर्कमा ६ वटा सिद्धान्त, चारवटा प्राथमिकता र तीनवटा मार्गचित्र बनाइएको छ। पिआरबीका ६ सिद्धान्त क्रमशः यस्ता रहेका छन् : १) **पंक्तिबद्धता (एलायन्मेन्ट)** : यस सिद्धान्तले भन्छ- जुनसुकै बैंकले अब पेरिस सहमति- २०१५ र युएन दिगो विकास लक्ष्य-२०३० सँग पंक्तिबद्ध भई



लगानी योजना बनाउने। राष्ट्रिय वा क्षेत्रीय व्यवसाय सञ्चालन गर्दा यसै सिद्धान्तमा टेकेर अघि बढ्ने। २) **प्रभाव र लक्ष्य तोकिने** : बैंकका सबै गतिविधिले जनता र प्रकृतिलाई नकारात्मक असर नपारी सकारात्मक प्रभाव पार्ने गरी सञ्चालन गर्ने। ३) **ग्राहक छनोट** : बैंकले भरसक आगामी पुस्ताको हितका लागि साझा समृद्धिका परियोजना बनाउने, तिनमा लगानी गर्ने र रोजगारी बढाउने। ४) **सरोकारवालाको हित** : बैंकले एउटा फर्म वा उद्योगको लाभ मात्रै नभई वातावरणीय स्रोत र समाजको समग्र हित पनि ध्यानमा राख्ने, ५) **शासकीय शैली र संस्कृति** : बैंकहरूले माथिका सिद्धान्तलाई एकीकृत गरी असल शासकीय शैली र कार्य संस्कृतिका रूपमा लैजाने, ६) **पारदर्शिता र जिम्मेवारी लिने** : बैंकहरूले गर्ने यी कार्यमा पारदर्शिता बनाउने र आवधिक अनुगमन-रिपोर्टिङ पनि सरकारसमक्ष पेस गर्ने।

यी सिद्धान्तलाई कार्यान्वयन गर्न एक लगानी रणनीतिक रुपरेखा (ब्लुप्रिन्ट) तयार गर्ने, जसमा पोर्टफोलियो संरचना, असल बैंक अभ्यास, आन्तरिक नीति र वित्तीय प्रवाहलाई निर्दिष्ट गर्ने। जसले निम्न चार तत्त्वलाई हमेसा कार्यमूलक बनाउन प्राथमिकीकरण गर्ने : क) जलवायु परिवर्तनलाई व्यवस्थापन गर्ने गरी नेटजिरो परियोजनालाई समर्थन गर्ने, जसबाट 'फोसिल प्ल्युल'बाट टाढिने गरी हरित ऊर्जा कार्यक्रमलाई बढावा दिने योजनामा लगानी विस्तार गर्ने। ख) जैविक विविधता बढाउन 'सिबिडी महासन्धिको कुन्मिङ-मोन्ट्रियल' ढाँचालाई बैंकले आन्तरिकीकृत गर्ने। ग) समावेशी अर्थतन्त्र प्रवर्द्धनलाई जोड गर्ने, जसले युएन दिगो विकास लक्ष्यका नं. ७, ८, ९, १२ का उद्देश्यमा हातेमालो गरी स्वच्छ ऊर्जा, रोजगारी र उद्यमशीलतालाई सघाउने। घ) मानव अधिकार संरक्षण गर्ने, यसले दिगो विकास लक्ष्यका नं. १, २, ३, ४ उद्देश्य, जस्तो- गरिबीको अन्त्य, शून्य भोकमरी र गुणस्तरीय शिक्षालाई सघाउने।

> समग्र बैंकिङ लगानी कतै न कतै वातावरणीय स्रोतदोहन, जैविक विविधता नोक्सानी र प्रदूषणकारी उद्योगसँग जोडिँदै गएकाले 'ग्लोबल फाइनान्सिङ प्याटर्न' दिगो विकास लक्ष्य-२०३० सँग सादृश्य नहुने दिशातर्फ गएको देखिन्छ

नेपालको बैंकिङ र वातावरणमैत्री ऋणप्रवाह : राष्ट्र बैंकको पछिल्लो मासिक प्रतिवेदन (मध्यजुन-२०२६) का तथ्यांक हेर्दा के देखिन्छ भने नेपालमा वाणिज्य बैंकको संख्या २० र विकास बैंक २० रहेका छन्। यीसहित समग्र मौद्रिक र बैंक कारोबार गर्ने वित्तीय संस्था १०६ वटा छन्, जसका शाखाको संख्या ११ हजार ३४४ देखिन्छन्। एक वर्षको अवधिमा यी सबै शाखामा जम्मा ८०४७ खर्ब रुपैयाँ बैंक डिपोजिट रहेको र यिनको बैंक क्रेडिट ५९१९ खर्ब रुपैयाँ भएको देखिन्छ। जसले बैंक तरलता नै लगभग एकतिहाइ देखाएको छ। उच्च व्यावसायिक गतिविधिसहित अर्थतन्त्र चलायमान हुन मुद्रा तरलता कमै भएको राम्रो मानिन्छ। यसैले, आज नेपालको अर्थतन्त्रमा ब्याजदर कम रहे पनि उत्पादनशील व्यावसायिक कर्जा माग (बैंक लगानी) न्यून भएको देखिएको छ। नेपाली बैंकमा डिपोजिटर खाता संख्या करिब पाँच करोड छ भने ऋणी खाता (लोन एकाउन्ट) संख्या बिस लाख मात्र छ। बैंक संख्या र व्यावसायिकता हेर्दा यो कमजोर पक्ष हो। बैंकहरूले पूर्वाधार, जलविद्युत्, आवास, रियल स्टेट, होटेल र कृषि क्षेत्रमा बढी लगानी गरेको देखिन्छ। जलविद्युत् मा मात्रै चार सय खर्ब ऋण प्रवाह देखिन्छ। यसरी राष्ट्र बैंकको तथ्यांक विश्लेषणको वर्तमान स्वरूप हेर्दा हरित डाटा इन्डिकेटर भने कतै देखिन्नन्। सुरुवाती चरणमा भए पनि कमसेकम परियोजना क्षेत्र, सो क्षेत्रको वनजंगल, नदीनाला, सिमसार, प्रस्तावित ऋण प्रकृति, कार्बन फुटप्रिन्ट, इआइए भए-नभएको र वित्तप्रवाहजस्ता तथ्यांकका आधारमा खैरो योजना वा हरित योजनाका रूपमा भिन्नता (हरित परिसूचक बनाई) गरी यी तालिकामा राख्ने अभ्यास गर्न सकिन्थ्यो। बैंकले यो गर्नुपर्छ अब। नेपालजस्तो भूजैविक संवेदनशीलता उच्च भएको मुलुकलाई आयोजनागत रूपमा यस्तो हरित लगानी विश्लेषण जरुरी छ। यसरी बैंक ऋणप्रवाह बढी भएको यो जलविद्युत् (ऊर्जा) क्षेत्रले पर्यावरणीय प्रभाव के-कस्तो पारेको छ भन्ने जाँच गर्दा बैंकहरूले गरेको यो लगानी उल्लिखित 'पिआरबी फ्रेम'बाट परीक्षण भएको देखिन्न। यस्ता परियोजनामा ऋण लगानी गर्दा अब बैंकहरूले पर्यावरणीय उत्तरदायित्वको पाटो पनि विश्लेषण गर्नुपर्छ, जसका लागि बैंकहरू इआइए प्रतिवेदन (वातावरणीय प्रभाव मूल्यांकन र लेखाजोखा) को सबै प्रक्रियामा सामेल हुन उचित रहन्छ। जलविद्युत् आयोजनालाई दिगो र हरित परियोजना बनाउन 'रिभर इकोलोजी' नमास्ने र वनविनाश नगर्नेलगायत स्थानीय सामाजिक-सांस्कृतिक प्रवर्द्धनका पक्षबाट पनि हेर्नुपर्छ। स्वच्छ ऊर्जा (सौर्य, वायु, जिओथर्मल) लाई ऋण लगानी प्राथमिकीकरण गर्दा अझ राम्रो हुन्छ। कृषि क्षेत्रमा रिजनेरेटिभ कृषि, पर्माकल्चर, मिथेन घटाउने र कार्बन फार्मिङजन्य योजनालाई बढाउनुपर्छ। रियल स्टेट, हाउस लोन र आवासीय 'मोरटेज' दिँदा ऊर्जा दक्षता भएका घर, सोलार र 'रेन वाटर रिचार्ज' भवन, ग्राउन्ड वा 'रुफटप' हरियाली र कम कार्बन उत्सर्जक पूर्वाधार रहने गरी छनोट गर्नुपर्छ। गाडी र यातायातमा इ-भेहिकल र रिचार्ज ब्याट्री रहने उद्यमशीलतालाई प्राथमिकता दिनुपर्छ। उद्योग र मेनुफेक्चर युनिटमा लगानी गर्दा कम 'कार्बन फुटप्रिन्ट' रहने, प्रदूषण नगर्ने, 'ओपन बर्निङ' नगर्ने र सँगै सिआरएसमा बढी वातावरणीय दायित्व लिई बढी रोजगारी दिने उद्यमशीलतालाई छनोट गर्नुपर्छ।

नेपालका बैंकले पनि भर्खरैको हिमनदी विस्फोटबाट सिर्जित भोटेकोशी नदी प्रणालीमा निर्मित ११ वटाभन्दा बढी (चार सय मेगावाट क्षमताका) जलविद्युत् आयोजनाको नोक्सानीका पर्यावरणीय उपद्रवित कारण (इकोलोजिकल केसकेडिङ हेजार्ड)बारे आत्मसात् गरी यसखाले जलवायु परिवर्तनका आयोजना जोखिम लेखाजोखा गर्दै पर्यावरणमैत्री आयोजना छनोट गर्नपट्टि लाग्नुपर्छ। यसैले, हाम्रा बैंकले अब हरित लगानी ढाँचा अवलम्बन गरी इको-बैंकिङ अभ्यास र युएन पिआरबी फ्रेमवर्कलाई अनुपालन गरेमा यी बैंक जलवायु र प्रकृतिप्रति सकारात्मक योगदानकर्ताका रूपमा चिनिन्छन् पनि। फलतः नेपालका बैंक समग्र समाज, आमजनता, पर्यावरण र पृथ्वीप्रति उत्तिकै जिम्मेवारीबोध गरेका हरित वित्तीय एकाइ रहेको पुष्टि पनि हुन्छ।

---

३ प्रश्न

जलनको क्षेत्रमा काम गर्दै आएको संस्था बिभिएस नेपालकी कार्यकारी निर्देशक **प्रतीक्षा गिरी**लाई



नेपालमा जलनका बिरामी र उपचारको अवस्था कस्तो छ ?

नेपालमा जलन एक महत्त्वपूर्ण स्वास्थ्य समस्या हो। घरायसी वातावरण, विशेषगरी खाना पकाउने क्रममा, जाडोमा आगो ताप्दा तथा तातो पानी वा तातो तरल पदार्थका कारण जलनका घटना हुने गर्छ। स्वास्थ्य सेवा विभागको पछिल्लो तथांकअनुसार आव २०८१-८२ मा ७९ हजार ६३० जलनका घटना रिपोर्ट भएको देखिन्छ। साथै, जलनपश्चात् समयमै सही प्राथमिक उपचार र विशेषज्ञ उपचार नपाउनु नेपालको ठुलो चुनौती हो। सबै ठाउँमा दक्ष जनशक्ति पनि छैनन् र दुर्गम क्षेत्रबाट अस्पताल पुग्न धेरै समय लाग्छ। पहिलेको भन्दा अहिलेको अवस्थामा केही सुधार हुँदै आएको छ, नेपाल सरकारले केही सुधारका कदम चालेको छ, तर त्यो पर्याप्त छैन। उपचारदेखि समाजमा सम्मानपूर्वक पुनर्स्थापना, रोकथाम तथा आवश्यक कानुन निर्माणलगायत धेरै गर्न बाँकी छ।

जलनका बिरामीको उपचार र न्यायका लागि कस्तो कानुनी व्यवस्था चाहिन्छ ?

जलनजन्य हिंसाको घटनामा कानुनी सहयोगको खाँचो पर्छ। अहिले जलनजन्य हिंसाको घटनामा तेजाब आक्रमण र अन्य प्रकारका जलनका हिंसालाई राज्यले फरक-फरक कानुन तथा दण्ड, सजायको व्यवस्था गरेको छ। उस्तै प्रकृतिको घटनामा तेजाब आक्रमणको घटनामा कडा र अन्य प्रकारका जलनजन्य हिंसामा कम सजायको व्यवस्था गरिएको छ। त्यसैले, मुलुकी अपराध संहिता-२०७४ संशोधन गरी तेजाब आक्रमण र अन्य जलनका हिंसालाई राज्यले समान दण्ड सजाय तथा क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ।

जलनको उपचार काठमाडौंकेन्द्रित बन्नुको कारण के होला ?

गम्भीर जलनका बिरामीलाई शल्यक्रिया र विशेष उपचार चाहिन्छ। काठमाडौंबाहिर विशेषज्ञ जनशक्ति तथा उपकरणसहितको जलन उपचार अस्पताल छैनन्। काठमाडौंमा अहिले विशेषज्ञ संरचना तुलनात्मक रूपमा सबल छ। जलनको उपचार काठमाडौंमा मात्र उपलब्ध गराउने होइन, बिरामीलाई जलन भएको ठाउँदेखि प्राथमिक उपचार तथा आवश्यक बिरामीको उपयुक्त स्थान पठाउने व्यवस्था हुनुपर्छ।

प्रेरक प्रसंग

बितिसकेको समय

एकपटक गौतम बुद्ध एउटा गाउँमा प्रवचन दिइरहेका थिए। प्रवचनका क्रममा उनले भने– हरेक मानिसले धर्तीमाताजत्तिकै सहनशील तथा क्षमाशील हुन सक्नुपर्छ। क्रोध यस्तो दावानल हो, जसका कारण क्रोधितले अरूलाई त जलाउँछ नै, साथसाथै स्वयं पनि जल्छ।

सबैजना शान्तिपूर्वक बुद्धवाणी सुनिरहेका थिए। तर, एकजना रिसाहा व्यक्तिलाई भने बुद्धका हरेक वाणी बेकारका लागिरहेका थिए। सुन्दासुन्दा सहन नसकेर उनी जुरुक्क उठे र बुद्धलाई सम्बोधन गर्दै भने- बुद्ध ! तिमी पाखण्डी हौ। हावादारी कुरा सुनाएर मानिसलाई दिग्भ्रमित गर्दै छौ। उनका यस्ता कटु वचन सुनेर पनि बुद्ध शान्त रहे। उनी न दुःखी भए, न कुनै प्रतिक्रिया नै जनाए। बुद्धको व्यवहारले क्रोधित मानिस थप उत्तेजित भए। उनी बुद्धको मुखमा थुकेर बर्बराउँदै त्यहाँबाट बाहिरिए।



भोलिपल्ट उनको क्रोध शान्त भयो। उनलाई आफ्नो गल्तीको महसुस भयो। उनी पश्चात्तापको आगोमा जल्न थाले। उनी बुद्धलाई खोज्दै अघिल्लो दिन प्रवचन भइरहेको स्थानमा पुगे। तर, बुद्ध अर्कै गाउँतर्फ गइसकेका थिए। अनेक स्थानमा सोधपुछ गर्दै उनी बुद्धले प्रवचन दिइरहेको अर्को गाउँ पुगे। बुद्ध शान्त भावमा प्रवचन दिइरहेका थिए। बुद्धलाई देख्नासाथ उनी बुद्धको पाउमा परे र भने– मैले धेरै ठुलो गल्ती गरेँ प्रभु, मलाई क्षमा गर्नुहोस्। बुद्धले उनलाई उठाएर सोधे- तिमी को हौ ? तिमीलाई के भयो ? मसँग किन क्षमा मागिरहेका छौ ?

ती व्यक्तिले भने- के हजुरले बिर्सिनुभयो ? म त्यही व्यक्ति हुँ, जसले हिजो हजुरसित निकै नराम्रो व्यवहार गरेको थियो। म आफूले गरेको कर्मप्रति लज्जित छु। म आफ्नो दुष्ट कर्मप्रति क्षमा माग्न आएको हुँ, प्रभु !

मैले बितेको समय उतै छाडेर आएँ, तिमी भने अझै त्यहीँ अड्किरहेका छौ। तिमीलाई आफ्नो गल्तीको महसुस भयो, पश्चात्ताप गऱ्यौ, निर्मल भयौ। बितिसकेको समयका कारण आफ्नो आजलाई नबिगार।

टिप्पणी

naya patrikaofficial
@naya_patrika

अस्पतालको राम्रो पहल

वीर अस्पतालले विदेशमा रहेका र स्वदेशमै पनि दुर्गम भेगमा रहेका नेपालीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन सुरु गरेको टेलिमेडिसिन सेवा अत्यन्त स्वागतयोग्य पहल हो। यसबाट दूरदराजमा रहेका या रोजगारीका सिलसिलामा विदेशी भूमिमा रहेका नेपालीलाई प्रविधिको सहयोगमा स्वास्थ्य सेवा र थप परामर्श लिन सजिलो भएको छ। यस्तो सेवालाई वीर अस्पतालमा मात्र सीमित नराखी आगामी दिनमा अन्य सरकारी अस्पतालमा समेत विस्तार गर्न सके यसको विशेष अर्थ रहन्छ। साथै, स्वदेशदेखि विदेशमा समेत रहनुभएका नेपाली दिदीबहिनी र दाजुभाइमाझ अनलाइन परामर्शमार्फत स्वास्थ्य सेवा प्रवाह गर्न सहज हुनेछ।

● **सुगम महर**, कौशलटार, भक्तपुर

सुरक्षालाई प्राथमिकता दिऊँ

चाडपर्वको सुरक्षामा सतर्कता अपनाउँदै सशस्त्र प्रहरी बलले सीमामा १४६ हेल्प डेस्क र राजमार्गमा ५५ बेस स्थापना गरेको समाचार सुनियो। यो सुन्दा खुसी लाग्यो। विगतमा चाडपर्वको समयमा भारतबाट स्वदेश फर्किने धेरै नेपाली सीमावर्ती क्षेत्रमै लुटिएका खबर आउँथे। वर्षभरि विदेशी भूमिमा पसिना बगाएर थोरैथोरै गरी जोगाएको रकम चाडबाडको मुखमा लुटिनुजस्तो पीडा के नै होला र ? त्यसैले, सशस्त्रले घर फर्किने नेपालीको सुरक्षालाई प्राथमिकता देओस्।

● **गौरव पाखिन**, थानकोट, काठमाडौं

एउटै ब्रान्डका सिलिन्डर सकारात्मक

सरकारले देशभर एउटै ब्रान्डमा ग्यास सिलिन्डर ल्याउने तयारी गरिरहेको समाचार सुनियो। यो निकै सकारात्मक पहल हो। देशभरका सबै सिलिन्डर एउटै ब्रान्डका भएपछि सबैले डेरा सर्दा या नयाँ स्थानमा पुग्दा आफ्नो डेरानजिकको स्थानमा जुनसुकै ग्यासको सिलिन्डर भए पनि फरक नपर्ने भयो। तर, त्यसो गर्दा कुनै ग्यासको तौलमा ठगी भयो भने त्यो ग्यास कुन कम्पनीको हो भनेर छुट्याउन नसकिने हुन सक्छ। यसतर्फ पनि ध्यान दिऊँ है।

● **वन्दना गिरी**, बुलबुले, काठमाडौं

यो कस्तो प्रतिबन्ध हो ?

एमालेमा अध्यक्ष केपी ओलीको आलोचना गर्नसमेत नपाइने गरी प्रतिबन्ध नै लगाइएको समाचार पढ्दा अनौठो लाग्यो। जीवनभर कहिले प्रजातन्त्र त कहिले लोकतन्त्रको दुहाई दिएर नथाक्ने नेताहरू आफू नेतृत्वमा पुग्नासाथ कसरी निरंकुश र स्वेच्छाचारी बन्दै जान्छन् भन्ने एमाले अध्यक्ष ओली र उनको राजनीतिक जीवनलाई गौर गरेर हेरे पुग्छ। कुनै वेला आफू सत्ता र पार्टी नेतृत्वको रिङबाहिर हुँदा पार्टी नेताहरूको आलोचना नगरी खाएकोसमेत नपच्ने नेता ओलीले अन्य पार्टीका नेताको त कति आलोचना गरे, त्यसको कुनै लेखाजोखा हुने कुरै भएन।

यतिखेर तिनै ओली एमालेको शक्तिशाली अध्यक्ष बनेर आफूविरुद्ध बोल्ने, प्रश्न गर्नेहरूमाथि नै कालो अरिंगालझैँ खनिने तयारीमा देखिएका छन्। उनी अनुशासनका नाममा पार्टीमा निरंकुशता हाबी गराउन चाहन्छन्। पार्टीमा प्रश्न सोध्ने मुखमाथि ताल्चा लगाएर आफूलाई प्रश्नको घेराबाट सुरक्षित गराउन चाहन्छन्। जसले गलत गर्छ, ऊ मात्र हो प्रश्नदेखि डराउने र आलोचनादेखि तर्सिने।

हुन पनि ओलीले आफ्नो राजनीतिक जीवनमा प्रश्नै प्रश्न सोधिनुपर्ने, आलोचनै आलोचना गरिनुपर्ने गरी अनकौँ प्रश्नयोग्य काम गरेका छन्। जसले गर्दा उनीविरुद्ध पार्टी पंक्तिबाहिरबाट त प्रश्न उठ्न नै भयो। साथसाथै, पार्टीभित्रैबाट पनि अनेकौँ प्रश्नको घेरामा उनी उभिइरहेका हुन्छन्। यस्तोमा उनले पार्टी केन्द्रीय कमिटीबाटै निर्णय गराएर जुन अन्तरपार्टी निर्देशन जारी गराएका छन्, त्यो बिल्कुलै अलोकतान्त्रिक छ। यस निर्देशनलाई एमाले पंक्तिले जति छिटो सच्याउनेछ, पार्टीको अनुहारमा लागेको दाग पनि त्यति नै छिटो पुछिनेछ।

सुबिहानी कर्माचार्य, शान्तिगोरेटो, काठमाडौं

अभूतपूर्व विद्यार्थी आन्दोलनबाट तरंगित फ्रान्स

देशभर विद्यालयका विद्यार्थी र शिक्षक एकसाथ आन्दोलनमा उत्रिएपछि फ्रान्सको शिक्षा मन्त्रालय पूर्ण रूपमा 'असहाय' बनेको छ



देश / विदेश

● मेल्सा बेल
(बेल सिएनएनकी पेरिस ब्युरोकी वरिष्ठ संवाददाता हुन्)

फ्रान्स दशकयताकै सबैभन्दा ठुलो विद्यार्थी आन्दोलनलाई नियन्त्रणमा लिन संघर्ष गरिरहेको छ। पेरिसको उत्तरी उपनगरस्थित एउटा माध्यमिक विद्यालयमा हडतालमा उत्रिएका शिक्षकको समर्थनमा सुरु भएको प्रदर्शनले अहिले राष्ट्रिय संकटको रूप लिएको छ। सयौँ विद्यालय बन्द गर्न बाध्य पारिएको छ भने पाँच हजारभन्दा बढीलाई प्रहरीले नियन्त्रणमा लिएको छ। तीमध्ये अधिकांश नाबालिग छन् र उनीहरूको कुनै आपराधिक पृष्ठभूमि छैन। यस क्रममा विद्यार्थी, शिक्षक र प्रहरी घाइते भएका छन्। उत्तर-पूर्वी सहर लेन्समा एक विद्यार्थीले 'ग्रेनेड' उठाउँदा आफ्नो हात गुमाएका छन् भने टुर सहरमा अर्को एक विद्यार्थीले आँखा गुमाएका छन्। सरकारका लागि अर्को ठुलो परीक्षा मंगलबार हुनेछ, जतिवेला देशभर हजारौँ मानिस विरोध प्रदर्शनमा सहभागी हुने अपेक्षा गरिएको छ।

के भइरहेको छ : पेरिसको उपनगरमा रहेको 'सेन्ट-एक्सुपरी' उच्च माध्यमिक विद्यालयमा २१ सेप्टेम्बरमा भएको सुरुवाती विरोध प्रदर्शनले खासै ध्यान आकर्षित गरेको थिएन। कर्मचारी र स्रोतसाधन अभावको विरोध गर्न विद्यार्थी आफ्ना शिक्षकसँगै आन्दोलनमा उत्रिएका थिए। जब तिनका माग पूरा भए र विद्यालयमा थप कर्मचारी पठाइयो, तब हडताल समाप्त भयो। तर, त्यसवेलासम्म आन्दोलनको आगो अन्य विद्यालयसम्म सल्किइसकेको थियो। विद्यार्थी नेता मानेस नाडेलका अनुसार यो आन्दोलन डढेलोझैँ फैलियो। 'अहिले अभूतपूर्व संख्यामा विद्यालय आन्दोलनमा संलग्न छन्,' उनले भने। उनको बुझाइमा फ्रान्सको शिक्षा मन्त्रालय यो संकटको सामना गर्न नसकी 'पूर्ण रूपमा असहाय' बनेको छ।

पेरिस र आसपासका क्षेत्रका उच्च माध्यमिक विद्यालयका विद्यार्थीले विद्यालयका प्रवेशद्वार बन्द गरेका दृश्य देखिन्छन्। विद्यार्थीले फोहोरका डब्बामा आगो लगाएका, अवरोध खडा गरेका, शिक्षकमाथि आक्रमण गरेका र प्रहरीसँग झडप गरेका तस्बिर सार्वजनिक भएपछि अति-वामपन्थीहरूको संलग्नताबारे प्रश्न उठेको छ। विरोध आन्दोलन सुरु भएयता सयभन्दा बढी उच्च माध्यमिक विद्यालयमा क्षति पुगेको छ।

आलोचकले प्रहरीले कडा दमन गरेको आरोप लगाएका छन्। एलेन्सनमा एक प्रहरी जवानले एक बालिकामाथि हेडलक प्रयोग गरेको दृश्य क्यामेरामा कैद भएको थियो, जुन प्रविधि अहिले कानुनद्वारा निषेध छ। हिंसा र विरोध प्रदर्शनमा देखिएको तीव्रताले धेरैलाई अचम्मित बनाएको छ। विद्यार्थीका गुनासा लामो समयदेखिका छन्- विद्यालयमा विद्यार्थी चाप बढेको, स्रोत साधन पर्याप्त नभएको, शिक्षक र कर्मचारीको अभाव रहेको र अन्य आधारभूत सुविधा नभएको गुनासा विद्यार्थीले गरेका छन्। निकै कम डेस्क र कुर्सी भएका कक्षाकोठा र शिक्षकको अनुपस्थितिलाई लिएर विद्यार्थीले आफ्नो कक्षा स्थगित गरेका भिडियो वर्षौँदेखि प्रसारित भइरहेका छन्।

सन् २०१० मा फ्रान्समा देखिएको जन्मदरको उच्च वृद्धिका कारण अहिले माध्यमिक विद्यालयमा विद्यार्थीको संख्या बढेको छ, जबकि ती विद्यालयले



लामो समयदेखि वास्तविक बजेट कटौतीको सामना गरिरहेका छन्। थप दुई लाख ५० हजार विद्यार्थी भर्ना भए पनि सन् २००८ को तुलनामा अहिले माध्यमिक विद्यालयमा शिक्षकको संख्या कम छ। सार्वजनिक क्षेत्रका विद्यालयमा ७० प्रतिशत कक्षाकोठामा प्रतिकक्षा ३० जनाभन्दा बढी विद्यार्थी छन्।

सरकारको प्रतिक्रिया : आलोचकका अनुसार सरकारको प्रतिक्रिया सुस्त र असंवेदनशील रह्यो। सुरुमा सरकारको ध्यान मुख्यतया अति-वामपन्थी दल 'एलएफआई' र अवरोध खडा गरिएका स्थानमा केन्द्रित थियो। आगामी वसन्त ऋतुमा हुने राष्ट्रपति निर्वाचनमा राम्रो नतिजा ल्याउने अपेक्षा गरिएका ज्याँ-लुक मेलान्चोनको नेतृत्वमा रहेको यस दलले विद्यार्थीको विरोध प्रदर्शन गर्ने अधिकार र त्यहाँ आफ्नो दलको उपस्थितिको अधिकार, दुवैको पटक-पटक बचाउ गर्दै आएको छ। आन्दोलनमा प्रहरी दमन र विरोध प्रदर्शनका कारण भएको आर्थिक क्षतिबारे पनि धेरै चर्चा भइरहेको छ। पेरिस र आसपासको क्षेत्रमा मात्रै विद्यालयलाई पुगेको क्षतिको अनुमानित मूल्य ७० लाख युरो छ।

सन् २०२७ का लागि योजना गरिएको प्राविधिक उच्च माध्यमिक विद्यालयको शुल्कसम्बन्धी विषयमा सुरुमा केही छुट दिने भनिए पनि अहिले त्यसलाई सरकारको बजेटबाट हटाइएको छ। विशेषगरी गत साताको अन्त्यतिर हिंसात्मक घटना बढेपछि प्रदर्शनकारी सरकारको पूर्ण ध्यानाकर्षण गराउन सफल भएका छन्। त्यसवेला गृहमन्त्रीले विद्यार्थी प्रदर्शन सहरी हिंसामा परिणत भएको टिप्पणी गरेका थिए भने एकै दिन करिब दुई हजार मानिसलाई नियन्त्रणमा लिइएको थियो। शुक्रबार, शिक्षामन्त्री एडुआर्ड जेफ्रेले विद्यार्थी नेतासँग भेटवार्ता गरे। यद्यपि, सहमति हुन सकेन।

ऐतिहासिक रूपमा हेर्दा विद्यार्थी आन्दोलन फ्रान्सेली सरकारका लागि सुखद छैनन्। हडतालको लामो अनुभव भएको मुलुक फ्रान्समा सन् १९६८ को मेमा भएको विद्यार्थी आन्दोलन त्यहाँको इतिहासकै सबैभन्दा ठुलो हडतालमा परिणत भएको थियो। त्यसको एउटा नारा थियो- 'यथार्थवादी बन, असम्भव कुराको माग गर।' तर, अहिलेको अवस्थामा भने पुनः आन्दोलनमा उत्रिएका विद्यार्थी आफूले धेरै ठुलो कुरा मागिरहेको महसुस गर्दैनन्। वास्तवमा, उनीहरू त केवल न्यूनतम आवश्यकताको माग गरिरहेका छन्, यस्तो शिक्षा प्रणाली, जसले उनीहरूलाई वास्तवमै सिक्ने अवसर प्रदान गरोस्।

सिएनएनबाट

इरान युद्धले ओझेलमा गाजा संकट

गाजा युद्धलाई नरसंहारसम्बन्धी प्रमुख विज्ञदेखि मुख्य मानव अधिकारवादी संस्थासम्मले 'नरसंहार'को संज्ञा दिएका छन्

हमासद्वारा ७ अक्टोबर २०२३ मा गरिएको नरसंहारको तीन वर्ष पूरा भएको छ। उक्त घटनामा करिब एक हजार २०० मानिस (जसमा अधिकांश इजरायली सर्वसाधारण थिए) मारिएका थिए भने २५१ जनालाई बन्धक बनाइएको थियो। त्यसपछि गाजामा इजरायली रक्षा बल (आईडिएफ) द्वारा दुई वर्षसम्म विनाशकारी युद्ध सञ्चालन गरियो। युद्धलाई संयुक्त राष्ट्र संघको छानबिन आयोग, नरसंहारसम्बन्धी प्रमुख विज्ञ र मुख्य मानव अधिकारवादी संस्थाले 'नरसंहार'को संज्ञा दिएका छन्। गाजा क्षेत्रको ठुलो हिस्सा भग्नावशेषमा परिणत भएको छ र ७४ हजारभन्दा बढी प्यालेस्टाइनीले ज्यान गुमाइसकेका छन्, साथै हजारौँ मानिस अझै पनि भग्नावशेषमुनि पुरिएको आशंका गरिएको छ।

ठ्याक्कै एक वर्षअघि अमेरिकाको दबाबमा दुवै पक्षलाई युद्धविराम गर्न बाध्य पारिएको थियो, यद्यपि त्यो मुख्यतया कागजमा मात्र सीमित रह्यो। आईडिएफका ठुला आक्रमण रोकिए पनि गाजामा इजरायली आक्रमण जारी नै छन्। साथै, वेस्ट बैंकमा यहुदी बसोवास गर्नेहरूद्वारा अनियन्त्रित हिंसाका घटना पनि भइरहेका छन्। यति हुँदाहुँदै पनि गाजाप्रतिको विश्वव्यापी चासो भने घट्दै गएको छ। इरानसँगको अमेरिका-इजरायल द्वन्द्वले समाचारमा प्रमुख स्थान पाउन थालेपछि शान्ति प्रक्रियालाई अघि बढाउन विभिन्न राष्ट्रले गरेका यसअघिका प्रतिबद्धता पुनः एकपटक अपर्याप्त वा खोक्रा साबित भएका छन्।



● इयाल मेरोज
मेरोज सिड्नी विश्वविद्यालयमा शान्ति तथा द्वन्द्व अध्ययनका वरिष्ठ प्राध्यापक हुन्।

अहिले इजरायल अक्टोबर २७ मा हुने अत्यधिक ध्रुवीकृत संसदीय निर्वाचनको तयारीमा जुटिरहेको छ, जुन सम्पूर्ण क्षेत्रका लागि नै निर्णायक साबित हुन सक्छ। यदि कम अतिवादी सरकार सत्तामा आयो भने गाजा र वेस्ट बैंकप्रति विश्वको ध्यान र त्यसबाट सिर्जना भएको दबाब कायमै रहला ?

शान्ति योजनाले के हासिल गऱ्यो र के गरेन ?

गाजामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको २०-बुँदे योजनाको पहिलो चरण धेरै हदसम्म सफल भयो। करिब दुई हजार प्यालेस्टिनी कैदीबन्दीको बदलामा जीवित रहेका बाँकी इजरायली बन्धक घर फर्किए भने त्यसपछिका महिनामा मृत बन्धकको अवशेष पनि फिर्ता गरियो। विस्थापित भएका लाखौ गाजावासी उत्तरतर्फ फर्किए। इजरायली सेना 'पहेंलो रेखा'सम्म पछि हट्यो र संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले उक्त योजना तथा अमेरिकाको अध्यक्षतामा रहने 'शान्ति बोर्ड'लाई अनुमोदन गऱ्यो।

तर, 'सबै हतियार शान्त हुने' (अर्थात् पूर्ण युद्धविराम हुने) विश्वको अपेक्षा चाँडै नै निराशामा परिणत भयो। ९ अक्टोबर २०२५ मा युद्धविराम सम्झौता भएको एक वर्षपछि गाजाको स्वास्थ्य मन्त्रालयले करिब एक हजार ४०० गाजावासीको मृत्यु भएको जनाएको छ। मानवीय सहायतामा अझै पनि प्रतिबन्ध कायमै छ, अर्थपूर्ण पुनर्निर्माणको काम अझै सुरु हुन सकेको छैन र पाल तथा क्षतिग्रस्त भवनमा बसिरहेका परिवारका लागि अर्को जाडो याम नजिकिँदै छ।



गाजाको शान्ति प्रक्रियालाई अघि बढाउने निर्णायक कदम वासिंटनको हातमा छ, किनकि इजरायलको जुनसुकै सरकार पनि अमेरिकी सहयोगमा अत्यधिक निर्भर रहन्छ

निरन्तर अन्तर्राष्ट्रिय संलग्नताविना, ट्रम्प योजनाको दोस्रो चरण धेरै हदसम्म रोकिएको छ। हमासले निःशस्त्रीकरण गरेको छैन। जनवरीमा अमेरिकी कमान्डर नियुक्त भए पनि गाजामा सुरक्षा ल्याउने उद्देश्यले अन्तर्राष्ट्रिय स्थिरीकरण बल अझै तैनाथ गरिएको छैन। र, गाजा सञ्चालनका लागि बनाइएको टेक्नोक्रेटिक प्यालेस्टिनी समितिले स्थलमा नियन्त्रण लिएको छैन। गत साता मात्र शान्ति बोर्डले पुनर्निर्माण सुरु गर्न ६ महिनाको योजना (२.४५ बिलियन अमेरिकी डलर लागत) ल्याएको थियो। तर, यो ७१.४ बिलियन अमेरिकी डलरको एक अंश हो। पुनर्निर्माणको लागि एक दशकभन्दा बढी समय लाग्नेछ।

यो सबै कुरा हमासले आफ्ना हतियार आत्मसमर्पण गर्ने कुरामा निर्भर गर्छ। इजरायलले पूर्ण निःशस्त्रीकरण अघि पुनर्निर्माणलाई अनुमति दिनेछैन र हमासले योजनाका सर्तमा निःशस्त्रीकरण गर्नेछैन। घरेलु रूपमा अलोकप्रिय प्यालेस्टिनी प्राधिकरणको सुधार ढिलो भएको छ।

१५० भन्दा बढी मुलुकले प्यालेस्टाइनलाई मान्यता दिए पनि त्यसले धरातलीय यथार्थमा कुनै परिवर्तन ल्याएको छैन। हिंसाको चरम अवस्था अन्त्य भएपछि युद्धविराम कायम गराउन मद्दत पुऱ्याएको अन्तर्राष्ट्रिय दबाबलाई निरन्तरता दिन निकै कठिन साबित भएको छ।

ओझेलमा पर्दै छन् आक्रमणका घटना

टाढाका स्थानमा हुने अत्याचारप्रति सञ्चार माध्यम र आमजनताको ध्यान छोटो समयका लागि मात्र केन्द्रित हुने गर्छ। चरम हिंसाको घटना हुँदा यो ध्यान उच्च विन्दुमा पुग्छ, तर हिंसा निरन्तर चलिरहने अवस्थामा वा समाचारमा अर्को कुनै संकट हाबी हुन थालेपछि यो तुरुन्तै मत्थर हुन्छ। गाजाको घटनाक्रम पनि यसै ढाँचाअनुरूप अघि बढ्यो। जब ठुलो संख्यामा हताहती हुने गरी भएका बमबारीको स्थान लगभग दैनिकजसो हुने 'कम तीव्रता'का आक्रमणले लिए, तब यससम्बन्धी समाचार ओझेलमा परे। फेब्रुअरीको अन्त्यतिर सुरु भएको अमेरिका-इजरायल र इरानबिचको युद्धले विश्वको सीमित ध्यानको ठुलो हिस्सा आफूतिर तान्यो। बाँकी ध्यान युक्रेन र लेबननले तान्यो।

अधिकांश मानिस स्वास्थ्य सेवा, रोजगारी र जीवनयापनको खर्चजस्ता घरेलु सरोकारका विषयलाई विदेशी संकटभन्दा धेरै माथि राख्छन्। अझ हर्मुज जलसन्धिको संकटले त पेट्रोलियम पदार्थको मूल्यमार्फत मानिसको खल्तीमै प्रत्यक्ष असर पारेको छ। तर, गाजाको संकटले भने अधिकांश मानिसमा त्यस्तो प्रभाव पार्न सकेन। एक वर्षअघि मैले चेतावनी दिएको थिएँ कि गाजामा भइरहेको व्यापक हिंसा अन्त्य भएपछि अन्तर्राष्ट्रिय ध्यान कम हुनेछ, जसले गर्दा दुवै पक्षका लागि शान्ति प्रक्रियालाई अवरुद्ध पार्न सहज हुनेछ। धेरै हदसम्म त्यस्तै भयो तर पूर्ण रूपमा भने होइन। गत वर्षको सन्दर्भमा उल्लेखनीय कुरा गाजाप्रतिको ध्यान घट्नुभन्दा पनि त्यसको केही अंश अझै कायम रहनु हो। आम जनमत धेरै हदसम्म अन्यत्र केन्द्रित भए पनि विशिष्ट वर्ग (केही विधायक, अधिकारी र टिप्पणीकार) तथा सरोकारवाला विश्व-नागरिकको सानो तर अत्यन्त प्रतिबद्ध समूहको ध्यान भने त्यतै केन्द्रित रहिरह्यो।

उक्त समूहले दशकौँदेखि निर्माण भएको प्यालेस्टिनी ऐक्यबद्धता अभियानको जगमा टेकेर आफ्नो आक्रोशलाई एक निरन्तर विश्वव्यापी अभियानमा रूपान्तरण गऱ्यो। यद्यपि, उनीहरूका केही अभिव्यक्ति र कार्यशैलीले स्वदेश तथा इजरायलमा ध्रुवीकरणलाई अझ गहिरो बनाउने काम पनि गरे। अर्कोतर्फ, संयुक्त राष्ट्र संघले विश्वकै सबैभन्दा ठुलो मानवीय संकटका रूपमा वर्णन गरेको सुडानको अवस्था भने यसको ठिक विपरीत छ।

वेस्ट बैंकमा गहिरिँदै गएको संकट

गाजालाई लक्षित गरी जारी रहेको (तर दायराका हिसाबले केही सीमित) विश्वव्यापी दबाब अभियानले चाँडै नै आक्रोशको अर्को नयाँ कारण फेला पाऱ्यो, वेस्ट बैंकमा बसोवास गर्ने यहुदी बस्तीका बासिन्दा (सेटलर) द्वारा गरिने हिंसा। संयुक्त राष्ट्र संघको तथ्यांकअनुसार यस वर्षको जुन महिनासम्ममा प्यालेस्टिनीमाथि सेटलरबाट दैनिक औसत छवटा आक्रमण भएका थिए। यो संख्या विगतका कुनै पनि वर्षको तुलनामा उच्च हो। जुलाई महिनासम्म आइपुग्दा सेटलरको आक्रमणसँग जोडिएका हत्याका घटनाले सन् २०२५ को कुल संख्यालाई समेत नाघिसकेका थिए। बस्ती विस्तारको क्रम तीव्र भएसँगै हजारौँ प्यालेस्टिनी विस्थापित पनि भएका छन्।

केही युरोपेली सरकारले यसअघि नै ती बस्तीसँगको व्यापारमा प्रतिबन्ध लगाइसकेका थिए। यता बेलायतजस्ता अन्य मुलुकले भने हालै आएर यो संकटलाई बेवास्ता गर्न नसकिने महसुस गरे। सेप्टेम्बरमा लन्डनले प्रतिबन्धको घोषणा गऱ्यो, जसमा विदेशमन्त्री एड मिलिबान्डले 'सेटलर आतंकवादीहरू' माथि जातीय सफाया गरेको आरोप लगाए। युरोपेली संघ इजरायलको सबैभन्दा ठुलो व्यापारिक साझेदार र बेलायत अर्को महत्त्वपूर्ण साझेदार भए पनि यी उपायको आर्थिक प्रभाव भने सामान्य नै रहनेछ, किनभने ती बस्तीबाट हुने निर्यात तुलनात्मक रूपमा निकै कम छ। यसको महत्त्व मुख्यतया राजनीतिक प्रकृतिको छ।

यसबाहेक, यदि निर्वाचनअघि इजरायली मतदातालाई प्रभावित पार्ने उद्देश्यले युरोपेली दबाब दिइएको हो भने यो कत्तिको प्रभावकारी हुनेछ भन्ने कुरा स्पष्ट छैन। निर्वाचनअघिको बाह्य दबाबले प्रायः नेताका निष्ठावान् समर्थकलाई एकजुट गराउँछ र गाजाको विषयमा देखिएको विश्वव्यापी आक्रोशले धेरै इजरायली यहुदीमा 'घेराबन्दीमा परेको'जस्तो मानसिकतालाई अझ बलियो बनाएको छ। यद्यपि, वास्तविक बाह्य दबाब भने निर्वाचनपछि मात्र आउनुपर्ने देखिन्छ।

शान्ति प्रक्रियालाई अघि बढाउने निर्णायक कदम वासिंटनको हातमा छ, किनकि इजरायलको जुनसुकै सरकार पनि अमेरिकी सहयोगमा अत्यधिक निर्भर रहन्छ। इजरायलका लागि मुख्य आकर्षण वा 'पुरस्कार' भनेको साउदी अरब र त्यससँगै अधिकांश अरब तथा मुस्लिम जगत्सँगको सम्बन्ध सामान्यीकरण हुनु हो। तर, रियादले यो सुविधालाई प्यालेस्टिनी राज्य स्थापनातर्फको विश्वसनीय मार्गसँग जोडेको छ।

द कन्भर्सेसनबाट

इतिहासमा आज

अक्टोबर ८



सन् २०२३ : इजरायलले अघिल्लो दिन गाजाबाट हमासले गरेको आक्रमणको जवाफमा औपचारिक रूपमा युद्ध घोषणा गऱ्यो। यसका लागि सरकारले तीन लाख रिजर्भ फौज बोलायो। गाजामाथिको नाकाबन्दी थप कठोर बनायो र व्यापक बमबारी सुरु गऱ्यो। नरसंहारमा परिणत भएको युद्धमा ८० हजारभन्दा बढी प्यालेस्टिनी मारिएका छन्।

● **सन् १६०० :** सान मारिनोले ऐतिहासिक 'स्ट्याचुएट्स (विधानहरू)' अंगीकार गऱ्यो। विभिन्न कानुनमा विभाजित यस दस्ताबेजलाई विश्वको सबैभन्दा पुरानो जीवित संवैधानिक प्रणाली मानिन्छ।

● **सन् १८५६ :** चीनको ग्वाङ्झाउ क्षेत्रमा पर्ल रिभरको एक जहाज (एर्रो)मा भएको विवादपछि दोस्रो अफिम युद्ध (दोस्रो अंग्रेज-चीन युद्ध) सुरु भयो।

● **सन् १८६० :** अमेरिकाका दुई ठुला सहर लस एन्जलस र सान् फ्रान्सिस्को सहरलाई जोड्ने पहिलो टेलिग्राफ लाइन सुचारु भयो।

● **सन् १९१२ :** मोन्टेनेग्रोले अटोमन साम्राज्यविरुद्ध युद्ध घोषणा गरेसँगै पहिलो बाल्कन युद्ध सुरु भयो। लगत्तै सर्बिया, बुल्गेरिया र ग्रिस पनि अटोमन साम्राज्यविरुद्ध उत्रिएको युद्ध एक सात महिनापछि अटोमन साम्राज्यको हारसँगै अन्त्य भयो। युद्धमा अटोमन साम्राज्यले आफ्नो ८३ प्रतिशत युरोपेली भूमि गुमायो।

● **सन् १९६३ :** जान्जिबारका सुल्तान जमसिद् विन अब्दुल्लाहले लन्डनमा केन्याको तटीय क्षेत्रमा केन्यालाई सुम्पिए।

● **सन् १९६७ :** बोलिभियामा छापामार नेता चे ग्वेभारा उनका सहयोगीसहित पक्राउ परे। भोलिपल्ट उनको हत्या गरियो।


● **सन् १९८२ :** पोल्यान्डको सत्तारुढ कम्युनिस्ट पार्टीले सम्पूर्ण लेबर युनियनमाथि प्रतिबन्धको घोषणा गऱ्यो। श्रमिक नेताहरू भूमिगत भएर हड्ताल र सडक प्रदर्शन सञ्चालनमा लागे। विरोध र अन्तर्राष्ट्रिय दबाबबिच सरकारले लेक वालेसा नेतृत्वको 'सोलिडारिटी' संगठनलाई कानुनी मान्यता दिन बाध्य भयो।

● **सन् १९९८ :** अमेरिकाको संघीय संसद्को तल्लो सदनले राष्ट्रपति बिल क्लिन्टनले आफ्नो कार्यालयमा इन्टर्न गरिरहेकी मोनिका लेविन्स्कीसँग सम्बन्ध राखेकोबारे झुट बोलेको आरोपमा उनीविरुद्ध महाभियोगको मुद्दामा सुनुवाइ सुरु गऱ्यो।

● **सन् २००१ :** सेप्टेम्बर ११ को आतंकवादी आक्रमणपछि देशभित्रको आन्तरिक सुरक्षा हेर्न अमेरिकाले 'होमल्यान्ड सेकुरिटी' नामक मन्त्रालय गठन गऱ्यो।

● **सन् २००४ :** ग्रिनबेल्ट अभियानकी संस्थापक केन्याली अभियन्ता वानारी माथाईले नोबेल शान्ति पुरस्कार पाइन्। उनी नोबेल पुरस्कार पाउने पहिलो अफ्रिकी महिला हुन्।

जर्मनीका पूर्वगुप्तचर प्रमुख पक्राउ



बर्लिन / जर्मनीका पूर्वगुप्तचर प्रमुख अगस्ट हानिङ राष्ट्रद्रोहको शंकामा पक्राउ परेका छन्। ८० वर्षीय हानिङलाई मंगलबार बिहान नेदरल्यान्ड्सको सिमानानजिकै पर्ने स्टाइनफर्ट काउन्टीबाट पक्राउ गरिएको अन्तर्राष्ट्रिय मिडियाले जनाएका छन्। जर्मन मिडिया ड्युच वेलले हानिङको पक्राउलाई 'शताब्दीकै ठुलो गुप्तचर काण्ड' भनेको छ।

हानिङमाथि पछिल्ला सन् १९९८ देखि २००५ बिच १६ वर्षमा जर्मनीको विदेशी क्षेत्रको गुप्तचर हेर्ने निकाय 'फेडलर इन्टेलिजेन्स सर्भिस (बिएनडी))'का प्रमुख रहँदा हजारौँ गोप्य दस्ताबेज गैरकानुनी रूपमा प्राप्त गरेको र तीमध्ये कम्तीमा केही सूचनाबाट विदेशी शक्तिलाई बिक्री गरेको आरोप लगाइएको छ। तथापि, उनले कुन विदेशी शक्तिसँग सम्पर्क गरेको भन्ने स्पष्ट बताइएको छैन। तथापि जर्मनीको सबैभन्दा ठुलो पत्रिका डेर स्पिगेलले भने हानिङ अजरबैजानको गुप्तचर एजेन्सीका प्रतिनिधिसँग सम्पर्कमा रहेको लेखेको छ। त्यस्तै, सन् २०२५ मा अभियोजनकर्ताले हानिङले इजरायली गुप्तचरसँग घनिष्ठ सम्पर्क रहेको आरोप लगाएका थिए। यदि दोषी पाइएमा उनलाई जर्मनीको कानुनअनुसार अधिकतम जेलजीवन हुनेछ।

बिएनडीको प्रमुख पछि उनी सन् २००५ देखि २००९ सम्म उनले जर्मनीको गृह मन्त्रालयमा सबभन्दा वरिष्ठ निजामती कर्मचारीका रूपमा काम गरेका थिए। चान्सलर फ्रेडरिक मर्ज नेतृत्वको सरकारले जर्मनीका गुप्तचर निकायमा व्यापक सुधार गर्ने तयारी गरिरहेका वेला हानिङ पक्राउ परेका हुन्।

ज्ञानेश कुमारलाई हटाउलान् मोदीले ?

भारतमा राजनीतिक घटनाक्रम अहिले छिटो-छिटो बदलिँदै छ। फेरि मोदी सरकारलाई आन्दोलनले घेरेको छ। फेरि प्रहरी अधिकारीले आन्दोलनकारीलाई दुर्व्यवहार गरेका भिडियो देखिन थालेका छन्। यसपटक आन्दोलनकारीविरुद्ध खटाइएका प्रहरीले अनिवार्य लगाउनुपर्ने नाम ब्याज हटाएको देखिएको छ। यो सबका पछाडि यसपटक निर्वाचन आयोगको नाम जोडिएको छ। सम्भवतः आयोगले सर्वोच्च अदालतले विवादास्पद 'फारम ६' लाई अनुमोदन गरेको दाबी गर्दा भारतका जनतालाई झुट बोलेकोजस्तो देखिन्छ। यो फारमले मतदातालाई ठुलो असुविधा निम्त्याएको छ र निर्वाचन आयोगको निष्ठामाथि थप प्रश्न उठाएको छ।

अधिल्लोपटक जन्तरमन्तरमा विरोध प्रदर्शन सुरु हुँदा धेरैले आन्दोलन उल्लेख्य प्रभावशाली नहुने ठानेका थिए। आन्दोलन 'पेपर चुहावट'को विरोधमा भएको थियो। कत्रोच जनता पार्टी (सिजेपी)ले आन्दोलनको नेतृत्व गरिरहेकाले राजनीतिक संस्थापनले यसलाई गम्भीरतापूर्वक लिएका थिएनन्। सिजेपीलाई जमिनमा थोरै समर्थन पाएको सामाजिक सञ्जाल परिघटना मानिन्थ्यो। यसैले, त्यति वेला मोदी सरकारले धेरै गलत हिसाब गऱ्यो। उनीहरूले आन्दोलनका समर्थनमा उत्रिएका सोनम वाङचुक र उनकी श्रीमतीलाई पक्राउ गरेपछि आन्दोलन शान्त हुने ठाने। तर, त्यस्तो भएन।

जब आन्दोलन बढेर सरकारलाई आफ्ना मागमा झुक्न बाध्य बनायो। त्यसपछि सरकारले दुईखम्बे रणनीति अपनायो। एकातिर, यसले युवासम्म सीधै पुग्ने प्रयासमा उसको बोल्ने तरिकाको नक्कल गर्ने प्रयास गऱ्यो। र, त्योभन्दा महत्त्वपूर्ण सरकारको पूरा ध्यान अर्को वर्ष उत्तर प्रदेशमा हुने विधानसभा चुनाव जसरी पनि जिल्ने र त्यसलाई नरेन्द्र मोदीको लोकप्रियता र नैतिकता यथावत् रहने दाबी गर्न प्रयोग गर्ने भन्ने थियो।

उसलाई भविष्यमा हुने विरोधलाई युपीको नतिजालाई देखाउँदै ती प्रदर्शनकारीले देशका जनताको विचार प्रतिनिधित्व नगर्ने भन्ने दाबी गर्न सघाउने थियो।

■ ज्ञानेश कुमारको समस्या

यो रणनीति सफल बनाउन निर्वाचन आयोगको भूमिका महत्त्वपूर्ण थियो। मुख्य निर्वाचन आयुक्तले केही महिना युपीमा भाजपाको जित सुनिश्चित गर्ने गरी काम गर्नुपर्ने थियो। तर, समस्या मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको अहंकार बनिदियो। दिल्लीमा भएको 'एसआइआर' प्रक्रिया यसको स्पष्ट उदाहरण हो। इमानदारीपूर्वक भन्नुपर्दा दिल्लीमा मतदाता सूची हेरफेर गरेर भाजपाले धेरै फाइदा पाउने थिएन, किनकि अर्को विधानसभा चुनाव २०३० सम्ममा हुने समयतालिका छैन। त्यसअघि नै हुने लोकसभा चुनावमा पनि दिल्लीमा धेरै सिट नभएकाले त्यति प्रभाव पर्ने थिएन। तर, उनले भारतीय लोकतन्त्रको आधारभूत निर्वाचन प्रणालीमाथिको छेडछाड निर्बाध रूपमा गरिरहे।

दिल्लीमा धेरै वैध मतदाताको नाम हटाइएको चर्चा भइरहेको समयमा बाहिर आयो 'इन्डियन एक्सप्रेस'पत्रिकाको चर्चित अनुसन्धानात्मक समाचार। त्यसले ज्ञानेशले अन्य दुई निर्वाचन आयुक्तको विरोधलाई पूर्ण रूपमा बेवास्ता गरेको मात्र खुलाएन, मतदाता सूची तयार गर्न मद्दत गर्ने केन्द्रीकृत कम्प्युटर प्रणालीमै गम्भीर प्रश्न रहेको खुलासा गऱ्यो। समाचारमा उल्लेख एक विवादित विषय, 'फारम ६' मा परिवर्तनसँग सम्बन्धित थियो, जुन सबै मतदाताले मतदाता सूचीमा आफ्नो नाम थप्न भर्न आवश्यक छ। 'इन्डियन एक्सप्रेस'को अनुसन्धानले अन्य दुई निर्वाचन आयुक्तको पटक-पटकको आपत्तिका बाबजुद ज्ञानेश कुमारले विवादास्पद परिवर्तनलाई मनोमानी लागू गरेको बताएको छ।



● वीर संघवी
छापा तथा टेलिभिजन पत्रकार संघवी टक सोका होस्ट पनि हुन्।

भाजपाले ज्ञानेश कुमारविना नै उत्तर प्रदेशको आगामी विधान सभामा जित निकाल्न सक्यो भने मात्र आफ्ना आलोचकलाई मौन बनाउन सक्नेछ।

पुनरावृत्ति देखिँदै छ। मनोमानी रूपमा प्रहरी कारबाही र क्रूरताको उस्तै आरोप सामाजिक सञ्जालमा गुञ्जिरहेका छन्। तर, यसपटक अघिल्लोपटकको जस्तो कुनै सजिलो समाधान छैन। बलिको बोका बनाउन सकिने कुनै नेता छैन र कत्रोच जनता पार्टीलाई थाहा छ कि यदि यसले विरोध बिचमै त्याग्यो भने यसको प्रभावकारिता घट्नेछ। त्यसैले, यसले विरोध जारी राख्न सम्भव भएसम्म सबै गर्नेछ।

अब, दुई कुरा हुन सक्छन्। पहिलो विकल्प भनेको सरकारले आफ्नो कडा अडान कायम राख्नु हो। यस्तो अवस्थामा मानिसलाई साँच्चै नै भाजपालाई चुनाव धाँधली गर्न अपमानित भएर पनि ज्ञानेशलाई कायम राखेको भान पर्छ। त्यस अवस्थामा ज्ञानेश कुमारको नेतृत्वमा हुने युपीको चुनावले विश्वसनीयता गुमाउनेछ। यदि भाजपाले यही नेतृत्वको निर्वाचन आयोगमा गरिएको चुनावमा उत्तर प्रदेशको चुनाव जित्यो भने ठुलो सडक प्रदर्शन हुन सक्छ। मानौं,



यो समचार बाहिरिएपछि नै ठुलो आलोचना र विरोध सुरु भयो। यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले तत्कालीन शिक्षामन्त्री धर्मेन्द्र प्रधानलाई हटाउन ढिलाइ गरेका कारण जन्तरमन्तर विरोध प्रदर्शनले ठुलो रूप लिएको थियो। खासमा यसपटक पनि ज्ञानेश कुमारको विषयले ठुलो रूप लिनुअघि नै सरकारले उनलाई निर्वाचन आयोगबाट हटाउनुपर्थ्यो। बरु, उनलाई कुनै राज्यको गभर्नर वा समान पद दिएर सान्त्वना दिन सकिन्थ्यो। तर, प्रधानमन्त्री नरेन्द्र मोदीले दुई कारणले यस्तो कदम चालेनन्। पहिलो उही पुरानो कारण हो, मोदीलाई लाग्यो कि जनताको दबाबमा झुक्दा उनी कमजोर देखिनेछन्। दोस्रो कारण बढी महत्त्वपूर्ण छ, आखिर देशकै धेरै जनसंख्या भएको राज्य उत्तर प्रदेशको चुनावमा जित हासिल गर्न भाजपालाई ज्ञानेशको आवश्यकता जो छ।

■ प्रदर्शनकारीका लागि विरोध गर्न नयाँ मुद्दा

ज्ञानेश कुमारलाई नहटाउने निर्णयमार्फत सरकार आफैंले जन्तरमन्तरमा प्रदर्शनकारीलाई विरोधका लागि नयाँ मुद्दा दियो। अघिल्लोपटकको परीक्षा चुहावटको विरोधको अहिले त देशका युवाको विरोध बिस्तारै कम हुन सक्ला, तर अर्को कुनै घोटाला वा विवादास्पद मुद्दा उठ्नासाथ तिनीहरू नयाँ जोसका साथ सडकमा निस्कन सक्छन्। र, विगत महिनाका घटनालाई ध्यानमा राख्दै यो चाँडै हुने सम्भावना छ।

मोदी सरकारसामु रहेको दोस्रो विकल्प भनेको ज्ञानेशलाई हटाउनु हो। यसले एकै झटकामा विरोध प्रदर्शन समाप्त गर्नेछ। निश्चित रूपमा यसले प्रदर्शनकारीलाई उत्साही बनाउन सक्छ, तर यदि मोदी सरकारले बुद्धिमानीपूर्वक आफ्नो पत्ता खेल्यो भने यसको श्रेय सिजेपीलाई दिएर कंग्रेस र सिजेपीबिच फाटो सिर्जना गर्न सकिन्छ। यसले विपक्षीहरू विभाजित हुनेछन्। हो, ज्ञानेशविना उत्तर प्रदेशको चुनाव हार्ने सम्भावना बढ्न सक्छ, तर यो जोखिम लिनु सार्थक हुन सक्छ। यदि भाजपाले ज्ञानेशको सहयोगविना नै सो राज्यमा जित निकाल्न सक्यो भने मात्र उसका आलोचकलाई मौन बनाउन सक्नेछ। अब के गर्ने नरेन्द्र मोदीको हातमा छ। सम्भवतः मोदीले सधैंझैं केही दिन पर्खनेछन्, राष्ट्रिय वातावरण बुझ्नेछन् र त्यसपछि के गर्ने भनेर निर्णय गर्नेछन्। तर, निर्णय जति ढिलो भयो उनलाई नै घाटा हुनेछ।

द प्रिन्टबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २२ असोज ०८३

भोटेकोशी बाढीले क्षतिग्रस्त पूर्वाधार पुनर्निर्माण गर्न पहिलो चरणमा ६४ अर्ब बजेट माग



मिलन विश्वकर्मा/नयाँ पत्रिका

१० भदौको भोटेकोशी बाढीबाट क्षतिग्रस्त सडक, पुल, खानेपानी तथा भवनजस्ता पूर्वाधारको पुनर्निर्माण गर्न करिब ६४ अर्ब रुपैयाँ बजेट माग गरिएको छ। पूर्वाधार विकास मन्त्रालयले मंगलबार राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई पत्राचार गर्दै पुनर्निर्माणका लागि सो बराबरको बजेट माग गरेको हो।

भोटेकोशी बाढीले सडक, पुल, खानेपानी, स्थानीय पूर्वाधार, आवासजस्ता क्षेत्रमा दुई खर्ब २७ अर्ब हारहारीमा क्षति पुऱ्याएको प्रारम्भिक अनुमान छ। ती पूर्वाधार पुनर्निर्माण गर्न तीन खर्बभन्दा बढी लाग्ने अनुमान छ। अहिले पूर्वाधार विकास मन्त्रालयले आफूमातहतका पूर्वाधारको पुनर्निर्माण गर्न ६३ अर्ब ९३ करोड रुपैयाँ बजेट माग गरेको हो।

पूर्वाधार विकास मन्त्रालयका प्रवक्ता उमेशविन्दु श्रेष्ठले भोटेकोशी बाढीबाट प्रभावित पूर्वाधारको पुनर्निर्माण गर्न प्राधिकरणसँग ६३ अर्ब ९३ करोड रुपैयाँ बजेट माग गरिएको बताए। 'मंगलबार मात्रै प्राधिकरणलाई बजेट माग गर्दै पत्राचार गरेका छौं,' उनले भने, 'यो मन्त्रालयको नियमितभन्दा फरक बजेट हो। अब त्यसमा कति बजेट आउँछ, त्यो भने हेर्न बाँकी छ।'

मन्त्रालयका अनुसार सडक तथा पुल पुनर्निर्माणका लागि पहिलो चरणमा ५८ अर्ब बजेट माग गरिएको छ। बाढीले ८२ किमि लामो गल्छी-वेत्रावती-रसुवागढी नाका सडकको करिब ४० किमि बगाएको छ। अर्थात्, ४० किमि सडकको नामोनिसान छैन। यसैगरी, रसुवादेखि धादिङसम्मका ४१ मोटरेबल पुल बगाएका छन्। स्थानीयसहित यातायात पूर्वाधार पुनर्निर्माण गर्न ७३ अर्ब ३४ करोड रुपैयाँ चाहिने प्रारम्भिक अनुमान गरिएको छ।

त्यसमा हाललाई सडक विभागतर्फका लागि प्राधिकरणसँग ५८ अर्ब रुपैयाँ बजेट माग गरिएको छ। यस्तै, स्थानीय पूर्वाधार विकास विभागका लागि भने तीन अर्ब ९३ करोड रुपैयाँ बजेट माग गरिएको छ।

बाढीले त्यस क्षेत्रका ५३ वटा झोलुंगे पुल क्षतिग्रस्त गराएको छ। त्यसमा ३३ वटा भोलुंगे पुल बाढीमै बगेको छ। बाँकी २० वटा भने मर्मत गर्न सकिने देखिएको छ। यसैगरी, २० किमि हाराहारीमा स्थानीय सडक क्षतिग्रस्त भएका छन्। त्यसको मर्मत तथा पुनर्निर्माण गर्न तीन अर्ब ९३ करोड रुपैयाँ बजेट माग गरिएको छ।

यस्तै, सहरी विकास तथा भवन निर्माण विभागलाई भने ८५ करोड मात्रै माग गरिएको छ। बाढीले रसुवा, नुवाकोट, धादिङ, चितवन, गोरखालगायतका जिल्लाका सात हजार ५७० घर क्षतिग्रस्त बनाएको छ। त्यसमा ४८ वटा सार्वजनिक भवन, १८ विद्यालय, सात स्वास्थ्य संस्था र ३० वटा सांस्कृतिक सम्पदाका भवन क्षतिग्रस्त भएका छन्। निजीनिवाससहित यस्ता पूर्वाधारको पुनर्निर्माणमा एक खर्बभन्दा धेरै बजेट चाहिने अनुमान छ।

तर, सरकारले हाल अस्थायी आवास विकास साझेदार तथा गैरसरकारी संस्थाको सहयोगमा निर्माण गर्ने योजना अघि बढाएको छ। त्यसले नपुगेको अवस्थामा आफैं अस्थायी आवास निर्माण गर्ने योजना बनाइएको छ।

स्थायी आवासका लागि भने अध्ययन जारी छ। त्यसका लागि चाहिने बजेट तथा मोडेल पनि टुंगो लागिसकेको छैन। त्यस अवस्थामा हाललाई ८५ करोड रुपैयाँ मात्रै बजेट माग गरिएको छ। आगामी दिनमा तय हुने योजनाका आधारमा यसमा थप बजेट माग तथा व्यवस्थापन गरिने प्रवक्ता श्रेष्ठले बताए। यस्तै, खानेपानी तथा ढल व्यवस्थापन विभागका लागि एक खर्ब ३३ अर्ब बजेट बजेट माग गरिएको छ। बाढीले रसुवामा १०, नुवाकोटमा १११, धादिङमा सात र गोरखामा २४ वटा खानेपानीको रिजर्भवायर ट्यांकी क्षतिग्रस्त भएका छन्। यसैगरी, ढलसहित सरसफाइका संरचनामा क्षति पुगेको छ।

प्राधिकरणको प्रवक्ता शान्ति महतले पनि पूर्वाधार विकास मन्त्रालयबाट बजेट माग भएको बताइन्। 'पूर्वाधार विकास मन्त्रालयबाट पुनर्निर्माणका लागि बजेट माग भएको अवस्था हो। अन्य मन्त्रालयबाट पनि बजेट माग भइरहेको छ। त्यसरी आएको बजेट मागलाई हामीले तत्काल आवश्यक, एक वर्षीय, त्रिवर्षीय वा बहुवर्षीय वर्गमा वर्गीकरण गर्छौं। र, बजेट विनियोजनका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्छौं,' उनले भनिन्, 'त्यसपछि अर्थ मन्त्रालयले नै सम्बन्धित मन्त्रालयलाई बजेट दिनेछ।' त्यसपछि अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयबिच नै सहकार्य गरेर थप काम अघि बढ्ने उनले बताइन्।



तीन महिनादेखि शून्यतामा रहेको सुदूरपश्चिमको बजेट पुनः अनिश्चित

मन्त्रालयहरूबिचमै बाँडफाँटमा सहमति नहुँदा बुधबार आएन बजेट, बिहीबार ल्याउन मुख्यमन्त्री र मन्त्रीहरूबिच मध्यरातसम्म छलफल जारी



सुदूरपश्चिम सरकारका प्रवक्ता एवं उद्योग मन्त्री **प्रकाश रावल** भन्छन्-

प्रदेश सरकारको बजेटको तयारी अन्तिम चरणमा पुगेको थियो, केही ढिला भए पनि बजेट सार्वजनिक गर्ने भन्ने नै थियो तर, सर्वोच्च अदालतले निर्णय सार्वजनिक भएपछि कानुन व्यवसायीसँग परामर्श गर्नुपर्ने भएकाले बजेट प्रभावित हुनपुग्यो, हामी अहिले परामर्शमा नै छौं।



तेजराज भट्ट/नयाँ पत्रिका

सुदूरपश्चिम सरकारको बजेट पुनः अनिश्चित बनेको छ। बुधबार बेलुकी ५ बजे प्रदेश सभामा चालू आर्थिक वर्षको बजेट पेस गर्ने सरकारले तयारी गरेको थियो। सरकारकै आग्रहमा सभामुख भीमबहादुर भण्डारीले प्रदेश सभा बैठक आह्वान गरेका थिए। उक्त बैठकमा बजेट प्रस्तुत गर्ने कार्यसूची मंगलबार बसेको कार्यव्यवस्था परामर्श समितिले तय गरेको थियो। तर, आर्फैले निर्धारण गरेको समयसम्म सरकार बजेटको तयारीमै व्यस्त थियो। तोकिएको समयमा बजेट ल्याउन नसकेपछि प्रदेश सभा बैठक बिहीबार बिहान ८ बजेका लागि सारिएको छ। बजेट व्यस्तताकै बिच बजेटसँग सम्बन्धित मुद्दामा सर्वोच्च अदालतको आदेश आएपछि थप अन्योल सिर्जना भएको सरकारका एक मन्त्रीले बताए। 'बजेट भागबन्डाको दबाबले तयारी पूरा भएको थिएन, तर राति भए पनि बजेट प्रस्तुत गर्ने भन्ने नै थियो' मुख्यमन्त्री कार्यालय स्रोतले भन्यो, 'त्यहीबिचमा अदालतको आदेश आएपछि थप अन्योल भयो।'

प्रदेश सभामा गत १ असारमा प्रस्तुत बजेट यथास्थितिमा रहेकाले कानुनी रूपमा दुईपटक बजेट ल्याउन नमिल्ने जिकिरसहित अधिवक्ता मनिराम उपाध्यायले सर्वोच्चमा रिट दायर गरेका थिए। उक्त रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश महेश शर्मा पौडेलको एकल इजलासले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा १५ दिनभित्र लिखित जवाफ पेस गर्न बुधबार आदेश दिएको छ। अन्तरिम आदेश मागको सन्दर्भमा भने अदालतले दुवै पक्षलाई आगामी शुक्रबार छलफलका लागि बोलाएको छ। सर्वोच्चको आदेशलाई नै आधार मानेर सरकारले भने थप कानुनी परामर्श गर्नुपर्ने भएकाले बुधबार ल्याउने भनिएको बजेट प्रभावित भएको दाबी गरेको छ। सरकारका प्रवक्ता एवं उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री प्रकाश रावलले सरकारले तोकिएको समयमा नै बजेट ल्याउने गरी सम्पूर्ण तयारी भए पनि अदालतको आदेशले प्रभावित भएको बताए। उनले भने 'प्रदेश सरकारको बजेटको तयारी अन्तिम चरणमा पुगेको थियो, केही ढिला भए पनि बजेट सार्वजनिक गर्ने भन्ने नै थियो तर, सर्वोच्च अदालतले निर्णय सार्वजनिक भएपछि कानुन व्यवसायीसँग परामर्श गर्नुपर्ने भएकाले बजेट प्रभावित हुनपुग्यो, हामी अहिले परामर्शमा नै छौं।' तर, कानुन व्यवसायीका अनुसार अदालतको आदेशका कारण बजेट रोक्नुपर्ने स्थिति छैन। अन्तरिम आदेशका सन्दर्भमा अदालतले शुक्रबार दुवै पक्षलाई बोलाएकाले त्यसअघि नै अध्यादेशबाट बजेट ल्याउने विषयमा पनि छलफल भइरहेको मुख्यमन्त्री खगराज भट्टको सचिवालयका एक सदस्यले बताए।

'अदालतको आदेश एउटा कारण होला, तर बजेट भागबन्डालाई लिएर सत्तापक्षमै तीव्र विवाद छ। जसले गर्दा बजेट प्रभावित भइरहेको हो' स्रोतले भन्यो, 'भागबन्डाको विवाद हुन्थेन भने अहिलेसम्म बजेट आएर पारित भइसक्थ्यो।' आर्थिक मामिला मन्त्रालयले बजेट वक्तव्य, रातो किताब, विनियोजन र आर्थिक विधेयक तयार पारेपछि त्यसलाई सदनमा प्रस्तुत गर्नुअघि मन्त्रिपरिषद्ले स्वीकृत गर्नुपर्छ। तर, ५ बजे बजेट ल्याउने समय तय भए पनि त्यसअघि मन्त्रिपरिषद् बैठक नै बस्न सकेको थिएन।

सुदूरपश्चिममा करिब तीन महिनादेखि बजेट शून्यतामा छ। बजेट शून्यताका कारण औषधि खरिद गर्न नपाएपछि स्थानीय अस्पतालमा औषधि अभाव देखिन थालेको छ। त्यस्तै, कर्मचारी, प्रदेश सभा र प्रदेश सरकारका पदाधिकारीले साउनदेखि तलब पाएका छैनन्। आर्थिक वर्ष सुरु भएको भन्डै तीन महिनासम्म बजेट आउन नसकेकाले यस वर्ष योजना कार्यान्वयनमा समस्या हुने कर्मचारी बताउँछन्।

तत्कालीन आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले गत १ असारमा ३७ अर्ब ७० करोडको बजेट प्रदेश सभामा प्रस्तुत गरेका थिए। बजेट पारित नहुँदै सरकार ढलेपछि बजेट पनि अलपत्र परेको थियो। सोही बजेटलाई पुनर्लेखन गरेर प्रदेश सभामा पेस गर्ने सरकारको तयारी थियो। अघिल्लो बजेटमा जस्तै यो बजेटमा पनि प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्यलाई सात करोड र समानुपातिकलाई पाँच करोडका योजना समावेश गरी भागबन्डा गरिएको मन्त्रालय स्रोतले जनाएको छ।

अघिल्लो बजेटका चालूतर्फका कार्यक्रम र क्रमागत योजनालाई निरन्तरता दिँदै पुँजीगततर्फका कार्यक्रम समावेश गरेर बजेट ल्याउन लागिएको मन्त्रालयले जनाएको छ। सरकारले मन्त्रालयलाई पुरानै सिलिङमा योजना समावेश गर्न भनेको थियो। पुरानै सिलिङका आधारमा बजेट ल्याउने तयारी रहेको बताइएको छ। सत्तारूढ दल र प्रभावशाली नेताहरूले आफ्नो स्वार्थअनुकूल बढीभन्दा बढी बजेट र योजना समावेश गर्न खोज्दा सरकार दबाबमा परेको हो।

बजेट बाँडफाँडलाई लिएर आर्थिक मामिला र भौतिक पूर्वाधार विकास मन्त्रालयबिच पनि विवाद देखिएको छ। भौतिक मन्त्रालयको सिलिङको बजेटमा मन्त्रालयलाई बाइपास गरी अर्थमन्त्रीले योजना समावेश गर्न खोजेपछि विवाद देखिएको स्रोतको दाबी छ।

भौतिक पूर्वाधार विकासमन्त्री ओमविक्रम भाट सरलले सामाजिक सञ्जालमार्फत आर्थिक मामिलामन्त्री चक्र मल्ललाई कटाक्ष गरेका छन्। बजेटको चाबी र स्रोतको अधिकार रहेको अर्थमन्त्रीले आफूलाई राजासरह ठानेको र अरू मन्त्रीले रैतीसरह योजना बोकेर बजेट माग्न ढोकामा लाइन बस्नुपर्ने अवस्था रहेको भन्दै उनले कटाक्ष गरेका हुन्।

सीमित म्यानपावरबाट नेपाली श्रमिक लिँदै मलेसिया

काठमाडौं/ सीमित म्यानपावर कम्पनीबाट मात्र नेपाली श्रमिक आपूर्ति गर्ने नीतिलाई मलेसियाले निरन्तरता दिएको छ। नयाँ सूचीकृत भएका २५ म्यानपावर र ती मातहत रहेका थप दुई सय ५० म्यानपावरबाट मात्रै मलेसियाले आगामी १९ कात्तिकबाट नेपाली श्रमिक लिने जानकारी गराएको छ। मलेसियाका रोजगारदाताहरूलाई नेपालसहित आप्रवासी कामदार आपूर्ति गर्दै आएको एफडब्लुसिएमएसले जारी गरेको सूचनाअनुसार नयाँ प्रणालीबाट नेपाली श्रमिकहरू आपूर्ति गर्ने व्यवस्थासमेत मिलाइएको छ। मेडिकल जाँच गर्ने संस्थाहरूसमेत नयाँ ढंगले सूचीकृत हुनुपर्ने गरी मापदण्ड तोकिएको छ। अहिले मलेसिया जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न ३६ संस्थालाई मात्र इजाजत दिइएको छ। आगामी २९ असोजभित्र सबै सूचीकृत भएका म्यानपावरलाई बायोमेट्रिक प्रयोजनका लागि दर्ता हुनसमेत समयसीमा तोकिएको छ। मलेसिया प्रमुख श्रम गन्तव्य भएकाले सीमित म्यानपावरबाट मात्रै कामदार आपूर्ति गर्नु जायज नभएको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए।

■ पशु वधशाला तथा मासु जाँच नियमावलीमा संशोधन गरिँदै

छालासहितको मासु बिक्री गर्न नपाइने

काठमाडौं/ कृषि, वन तथा पर्यावरण मन्त्रालयले पशु वधशाला तथा मासु जाँच नियमावली, ०५७ को संशोधन प्रक्रिया अघि बढाउँदै सर्वसाधारणको सुझावका लागि मस्यौदा सार्वजनिक गरेको छ। मस्यौदामा छालासहितको मासु बिक्री गर्न नपाउने व्यवस्था राखिएको छ।

मूल नियमावलीको नियम ६ (२) मा (ञ) बुँदा थपेर 'छाला काढ्ने वा भुत्ल्याउने, मासु सफा गरी काट्ने र परिक्षण गरी बिक्री-वितरण गर्ने ठाउँको व्यवस्था भएको' भन्ने वाक्य थप गर्ने गरी मस्यौदा तयार गरिएको छ। वधशालामा यस्तो स्थान राख्नुको अर्थ बधशालामै छाला काढेर मात्र पसलमा छालारहित मासु लैजानुपर्ने नियम बनाउन लागिएको हो। त्यस्तै, नियम ६ को २ मा (ज) बुँदा थप गरी वध गर्नुभन्दा अगाडि पशुलाई कम्तीमा १२ घण्टासम्म विश्राम गराउन सक्ने छातासहितको टहरा भएको' भन्ने वाक्यांश पनि थप गरिएको छ। पशुपक्षीलाई टाढाबाट ढुवानी गरेर ल्याउनासाथ वध गरिहाल्ने प्रवृत्तिको अन्त्य गर्न यस्तो व्यवस्था लागू गर्न खोजिएको हो। कृषि मन्त्रालयले आउँदो १ मंसिरबाट उपत्यकामा पशु वधशाला तथा मासु जाँच ऐन, ०५५ को कार्यान्वयन गर्ने तयारी गरेको छ। ऐनमा केही संशोधन गरी गत १ भदौमा नै राजपत्रमा सूचना प्रकाशित भइसकको छ।

■ वधशालामै मासुको गुणस्तर परीक्षण

ऐनअनुसार उपत्यकाका बधशालामा प्रत्येक दिन मासु निरीक्षक पुगेर स्वस्थ्य पशुको मात्र वध गर्न सिफारिस गर्छन्। पशु सेवा विभाग र माहतका कार्यालय तथा स्थानीय तहको स्वीकृति लिएर वधशाला सञ्चालन भएकाले निरीक्षकहरू पुगेर मासुको परीक्षण गर्न कुनै समस्या नरहेको मन्त्रालयले जनाएको छ। पशु सेवा विभागले उपत्यकाको सबै स्थानीय तहमा रहेका वधशाला पुगेर निरीक्षण गर्नका लागि दुई सय २७ जना मासु निरीक्षकसमेत खटाइसकेको छ। पशु वधशाला तथा मासु जाँच ऐनले व्यवस्थित वधशाला सञ्चालनका लागि तीन प्रतिशत ब्याजदरमा ऋण दिने व्यवस्था गरेको छ।

Chilime Hydropower Company Limited
Chilime Tower, Dhumbarahi, Kathmandu

NOTICE OF INVITATION FOR BIDS

First Date of Publication: 22 Ashwin 2083 (08 October 2026)

1. **Chilime Hydropower Company Limited (CHPCL)** invites bids from eligible bidders for the procurement of the following items under National Competitive Bidding (NCB), Single Stage-Two Envelope Bidding procedures:

S. N.	Contract Identification Number	Description	Minimum Bid Security Amount	Cost of Bid Document
1	CHPCL: 2083/84-PH-FDCW-01	Underground Powerhouse Debris Clearance Work of Chilime Hydropower Plant.	NRs. 5,90,000.00	NRs. 5,000.00

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the **Chilime Hydropower Company Limited, Chilime Tower, 6th Floor, Dhumbarahi Kathmandu**, during the office hours.
3. A complete set of Bidding Documents may be purchased from the office **Chilime Hydropower Company Limited, Chilime Tower, 6th Floor, Dhumbarahi Kathmandu** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee specified in Section 1 of this notice during office hours in the account as specified below.

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Muktinath Bikas Bank Limited

   Name of Office: Chilime Hydropower Company Limited

   Account no.: 03010200231197000001
4. Pre-bid meeting will be held at the **Chilime Hydropower Company Limited, Chilime Tower, 6th Floor, Dhumbarahi Kathmandu** at **14:00 hrs** on **26 Ashwin 2083 (12 October 2026), Monday**.
5. Sealed bids document must be submitted to the office **Chilime Hydropower Company Limited, Chilime Tower, 6th Floor, Dhumbarahi Kathmandu** by hand/courier on or before **12:00 hrs** on **28 Ashwin 2083 (14 October 2026) Wednesday.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on **28 Ashwin 2083 (14 October 2026), Wednesday**, at the **Chilime Hydropower Company Limited, Chilime Tower, 6th Floor, Dhumbarahi Kathmandu**. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security (scanned copy of the bid security in PDF format). The Minimum Bid Security Amount shall be as mentioned in Section I of this notice, which shall be valid for **30 days** beyond the validity period of the bid i.e. **28 Magh 2083 (11 February 2027).**
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such a case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Under the current emergency condition, this procurement notice has been published as per Section 66 of the Public Procurement Act, Rule 145 of the Regulations and Sub-Clause 23 (2) of Company By-Law with shortened tendering period.

खस्कियो नेपालको आर्थिक स्वतन्त्रता सूचक

विश्व आर्थिक स्वतन्त्रता रिपोर्ट : एक सय ६५ देशमध्ये नेपाल ९०औं स्थानमा, गत वर्षको तुलनामा एक स्थान तल


कृष्ण रिजाल/नयाँ पत्रिका

नेपालको आर्थिक स्वतन्त्रता सूचक खस्किएको छ। विश्व आर्थिक स्वतन्त्रताको सूचीमा नेपाल एक सय ६५ देशमध्ये ९०औं स्थानमा झरेको हो। अघिल्लो वर्ष नेपाल ८९औं स्थानमा रहेको थियो।

समृद्धि फाउन्डेसनले क्यानडास्थित फ्रेजर इन्स्टिच्युटसँगको सहकार्यमा बुधबार सार्वजनिक गरेको 'विश्व आर्थिक स्वतन्त्रता : २०२६ वार्षिक प्रतिवेदन'अनुसार १० नम्बरको कुल सूचकांकमा नेपालले ६.५९ अंक प्राप्त गरेको छ। १ देखि १० सम्मको मापनमा १० अंकले उच्चतमस्तरको आर्थिक स्वतन्त्रतालाई जनाउँछ। सन् २०२५ को वरीयतामा नेपाल ६.५८ अंकसहित १६५ देशमध्ये ८९औं स्थानमा रहेको थियो।

वरीयतामा सामान्य गिरावट आए पनि मूल तथ्यांकले नेपालको आर्थिक स्वतन्त्रताको अंक कोभिड- १९ महामारीको अवधिमा आएको गिरावटबाट पूर्ण रूपमा सुधार भएको देखाउँछ। सन् २०१९ मा ६.५२ अंकसहित ९८औं स्थानमा रहेको नेपालको सन् २०२० मा घटेर ६.३१ पुगेको थियो। त्यसवेला नेपाल १००औं स्थानमा पुगेको थियो।

आर्थिक स्वतन्त्रताका प्रमुख सूचकहरूमध्ये सरकारको आकार, कानुनी व्यवस्था, स्वस्थ मुद्रामा पहुँच, नियमनलगायतमा नेपालको अंक खस्किएको छ। अन्तर्राष्ट्रिय व्यापार गर्ने स्वतन्त्रता सूचकमा भने सुधार आएको छ। प्रतिवेदनमा अध्ययन गरिएका यी पाँच प्रमुख सूचकअन्तर्गतका २४ वटा उपसूचकहरूमध्ये नेपाल सातवटामा माथि उक्लिएको, ६ वटामा तल झरेको र ११ वटामा गत वर्षकै स्थानमा कायम रहेको छ।



सरकारको आकार सूचकमा नेपाल अघिल्लो प्रतिवेदनको ४९औं स्थान (७.२९ अंक) बाट घटेर ५१औं स्थान (७.२५ अंकमा) आएको छ। त्यस्तै, कानुनी व्यवस्था तथा सम्पत्तिमाथिको अधिकारको सुरक्षा सूचकमा अघिल्लो प्रतिवेदनको ९१औं स्थान (४.९२ अंक) बाट घटेर ९६औं स्थान (४.८२ अंक)मा आएको छ। स्वस्थ मुद्रामा पहुँच सूचकमा नेपालको अंकमा वृद्धि भए पनि वरीयता ९६औं स्थान (७.३७ अंक) बाट घटेर १०१औं स्थान (७.५७ अंक) पुगेको हो। नियमन सूचकमा ३७औं स्थान (७.१२ अंक) बाट घटेर ५०औं स्थान (६.९० अंकमा आएको हो। अन्तर्राष्ट्रिय व्यापार गर्ने स्वतन्त्रता सूचकमा भने १२६औं स्थान (६.२१ अंक)बाट बढेर ११७औं स्थान (६.३९ अंक)मा पुगेको प्रतिवेदनमा उल्लेख छ।

विश्व आर्थिक स्वतन्त्रता प्रतिवेदन फ्रेजर इन्स्टिच्युटले आर्थिक स्वतन्त्रता सञ्जालसँगको सहकार्यमा वार्षिक रूपमा प्रकाशन गर्दै आएको छ। ती क्षेत्रहरूमा सरकारको आकार, कानुनी व्यवस्था तथा सम्पत्तिमाथिको अधिकारको सुरक्षा, स्वस्थ मुद्रामा पहुँच, अन्तर्राष्ट्रिय व्यापार गर्ने स्वतन्त्रता तथा नियमन रहेका छन्। समृद्धि फाउन्डेसन आर्थिक स्वतन्त्रता सञ्जालको सदस्य तथा नेपालमा यस प्रतिवेदनको सदस्य तथा नेपालमा यस प्रतिवेदनको

■ आर्थिक स्वतन्त्रमा सबैभन्दा अघि हङकङ, अन्तिममा भेनेजुएला

प्रतिवेदनअनुसार विश्वभर सबैभन्दा उच्चस्तरको आर्थिक स्वतन्त्रता कायम गर्ने देशहरूको सूचीमा हङकङ पहिलो स्थानमा रहेको छ। त्यसपछि क्रमशः स्विट्जरल्यान्ड, सिंगापुर, न्युजिल्यान्ड, संयुक्तराज्य अमेरिका, आयरल्यान्ड, डेनमार्क, अस्ट्रेलिया र मौरिसस रहेका छन्। शीर्ष १० को अन्तिम स्थानमा फिनल्यान्ड, नेदरल्यान्ड्स र संयुक्त अधिराज्य समान वरियतामा रहेका छन्। जर्मनी १९औं, जापान १३औं, फ्रान्स ३९औं, रुस १४३औं, भारत ८८औं र चीन ११०औं स्थानमा रहेका छन्। सबैभन्दा कम वरीयतामा रहेका १० देशहरू प्रजातान्त्रिक गणतन्त्र कंगो, इजिप्ट, मलावी, अल्जेरिया, इरान, म्यानमार, लिबिया, सुडान, जिम्बाब्वे र अन्तिम स्थानमा भेनेजुएला रहेका छन्।

उच्च स्तरको आर्थिक स्वतन्त्रता भएका देशमा बसोवास गर्ने मानिसहरूले बढी समृद्धि, बढी राजनीतिक तथा नागरिक स्वतन्त्रता र लामो आयु प्राप्त गर्ने प्रतिवेदनमा उल्लेख छ। उदाहरणका लागि, आर्थिक स्वतन्त्रताको उच्च स्थानमा रहेका देशहरू जस्तै संयुक्त अधिराज्य, जापान र आयरल्यान्डमा सन् २०२४ मा प्रतिव्यक्ति औसत आय ६५,५९६ अमेरिकी डलर रहेको थियो भने तल्लो सूचीमा रहेका देशहरू जस्तै भेनेजुएला, इरान र सुडानमा यस्तो आय ९,५५२ अमेरिकी डलर रहेको थियो। त्यसैगरी, आर्थिक स्वतन्त्रताको उच्च सूचीमा रहेका देशहरूको औसत आयु ८०.७ वर्ष रहेको छ भने तल्लो सूचीमा रहेका देशहरूको औसत आयु ६७.१ वर्ष रहेको छ।

पोखरा फाइनान्सका ग्राहकले कोरियन एस्थेटिकमा १५ प्रतिशतसम्म छुट पाउने



काठमाडौं/ पोखरा फाइनान्स लिमिटेडका ग्राहकले पोखराको चिप्लेढुंगास्थित कोरियन एस्थेटिकमा १५ प्रतिशतसम्म छुट पाउने भएका छन् । यसका लागि फाइनान्स र लेट मी इन प्रालि (कोरियन एस्थेटिक)बिच सम्झौता भएको छ ।

पोखरा फाइनान्स र लेट मी इन प्रालि (कोरियन एस्थेटिक)बिच ग्राहक सुविधा विस्तारसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको हो । समझदारीअनुसार पोखरा फाइनान्सका खातावालाले पोखरा फाइनान्सको मोबाइल बैंकिङ वा डेबिट कार्डमार्फत भुक्तानी गर्दा कोरियन एस्थेटिकमा उपलब्ध सेवामा ८ देखि १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् ।

ग्राहकलाई थप सुविधा उपलब्ध गराउने उद्देश्यले गरिएको यस सहकार्यबाट पोखरा फाइनान्सका खातावाला लाभान्वित हुने विश्वास फाइनान्सले व्यक्त गरेको छ । पोखरा फाइनान्सले हाल ३८ वटा शाखामार्फत नगद कारोबार, आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, क्लियरिङ, सिआस्बालगायतका बैंकिङ सेवा प्रदान गर्दै आएको छ । साथै, फाइनान्सले मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडलगायतका डिजिटल बैंकिङ सुविधासमेत उपलब्ध गराउँदै आएको जनाएको छ ।

सेन्चुरी तयारी चाउचाउ बजारमा

काठमाडौं/ सेन्चुरी स्पाइसेज एन्ड स्न्याक्सले नेपाली उपभोक्तालाई लक्षित गर्दै सेन्चुरी चाउचाउ बजारमा ल्याएको छ । लामो समयदेखि मसला तथा स्न्याक्स उत्पादन गर्दै आएको सेन्चुरी ब्रान्डले अब तयारी चाउचाउको बजारमा पनि उपस्थिति जनाएको हो । कम्पनीका अनुसार नेपाली उपभोक्ताको स्वाद, रुचि र बदलिँदो जीवनशैलीलाई ध्यानमा राखेर नयाँ स्वादको नुडल्स विकास गरिएको छ । व्यस्त जीवनशैलीका कारण छिटो र सहज तयार हुने खाद्य पदार्थको माग बढिरहेका वेला फरक स्वादको उत्पादन बजारमा ल्याइएको कम्पनीले जनाएको छ ।

नयाँ उत्पादनको प्रवर्द्धनका लागि काठमाडौं उपत्यकाका भाटभटेनी सुपरमार्केटका बौद्ध, नक्साल, महाराजगन्ज र ललितपुर स्टोरमा विशेष स्टल सञ्चालन गरिएको छ । सेन्चुरी ग्रुप नेपालको औद्योगिक तथा व्यावसायिक क्षेत्रमा



लामो समयदेखि सक्रिय व्यावसायिक समूह हो । समूहले खाद्य उद्योगअन्तर्गत सेन्चुरी स्पाइसेज एन्ड स्न्याक्समार्फत मसला, स्न्याक्स तथा तयारी खाद्य उत्पादनको दायरा विस्तार गर्दै आएको छ ।

सामसुङको ग्यालेक्सी ‘ए०८ एलटिई’ मोबाइल बजारमा

काठमाडौं/ सामसुङ नेपालले आफ्नो ग्यालेक्सी ए सिरिजको इन्ट्री लेभेललाई विस्तार गर्दै नयाँ ग्यालेक्सी ए०८ एलटिई फोन नेपाली बजारमा सार्वजनिक गरेको छ । उत्कृष्ट ब्याट्री क्षमता, ठुलो डिस्प्लेसहित एआई फिचरसमेत भएको फोन बजारमा ल्याएको हो ।

ग्यालेक्सी ए०८ एलटिइमा ६.७ इन्चको ठुलो डिस्प्ले रहेको छ । जुन डार्क ब्लु, सिल्भर र ग्रिन गरी तीन रंगमा उपलब्ध छ । ६ हजार एमएएचको ठुलो ब्याट्री रहेको छ । यसमा ५० मेगापिक्सल क्षमताको क्यामेरा रहेको छ । ग्यालेक्सी ए०८ एलटिईको मूल्य च्याम र स्टोरेज क्षमताअनुसार ३४ हजार ४ सय ९९ रुपैयाँ देखि ४७ हजार ४ सय ९९ सय तोकिएको छ । यी फोन १२ महिने किस्ता सुविधामा समेत उपलब्ध रहेको कम्पनीले जनाएको छ ।

कम दाममा राम्रो एआई फिचर, भरपर्दो काम गर्ने क्षमता, बलियो सुरक्षा र लामो समयसम्म चल्ने



किफायत फोन खोजिरहेका युवाका लागि यो फोन बनाइएको कम्पनीले दाबी गरेको छ । सामसुङ नेपालका एमएक्स बिजनेसका सिनियर डाइरेक्टर प्रणयरत्न स्थापितले नयाँ ग्यालेक्सी ए सिरिजले ग्यालेक्सी प्रयोगकर्तासम्म नवीनतम् प्रविधि पुऱ्याउँदै ए, आईको पहुँचलाई सर्वसुलभ बनाउने आफूहरूको प्रतिबद्धतालाई नयाँ फोनले झल्काउने बताए ।

झापाको वृद्धाश्रमलाई नेपाल एसबिआई बैंकको सहयोग

काठमाडौं/ नेपाल एसबिआई बैंकले वृद्धाश्रमलाई सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत झापाको बिर्तामोडस्थित परोपकार तथा अनुसन्धान केन्द्र (वृद्धाश्रम)लाई अत्यावश्यक सामग्री सहयोग गरेको हो ।

असहाय, घरबारविहीन र शारीरिक वा मानसिक रूपमा अशक्त व्यक्तिहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले अत्यावश्यक सामग्रीहरू प्रदान गरेको हो । कार्यक्रममा बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीले आश्रमका अध्यक्ष विष्णु कार्कीलाई उक्त सामग्री हस्तान्तरण गरेका थिए ।

सो कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख सञ्चालन अधिकृत विकास आनन्द, प्रमुख वित्तीय अधिकृत राजेशकुमार पन्डा, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत प्रवीणमुनि बज्राचार्य, प्रमुख कर्जा अधिकृत, रोशन कोइराला, कोशी प्रदेश प्रमुख दमयन्ती जोशी र बैंक तथा आश्रमका अन्य पदाधिकारीहरूसमेतको उपस्थिति रहेको थियो । समुदायस्तरमा यस्ता गतिविधि समय-समयमा गर्दै आइरहेको बैंकले जनाएको छ ।

नेपाल एसबिआई बैंकले सुनसरीको इटहरी उपमहानगरपालिका-१, धरान रोडमा रहेको बैंकको इटहरी शाखा सोही उपमहानगरपालिकाको वडा नम्बर- ९ स्थित विष्ट कम्प्लेक्समा स्थानान्तरण गरेको छ । त्यसैगरी, इलाम नगरपालिका- १ इलाम बजारमा रहेको शाखा, सोही नगरपालिकाको वडा नम्बर- ७ स्थित इलाम बजारमा स्थानान्तरण गरेको छ ।

‘उपत्यकाको वायुको गुणस्तर खराब’

काठमाडौं/ काठमाडौं उपत्यकाका ५२.३ प्रतिशत बासिन्दाहरूले आफ्नो स्थानीय वायुको गुणस्तरलाई खराबदेखि अति खराबको रूपमा मूल्यांकन गरेका छन् । ताजा इनिसिएटिभ नेपालद्वारा काठमाडौं उपत्यकाका १,२०० बासिन्दाहरूमाझ गरिएको सर्वेक्षणले यस्तो देखाएको हो । सर्वेक्षणअनुसार उपत्यकाका प्रमुख सहरी केन्द्रहरू ललितपुरमा ६०.९ प्रतिशत, काठमाडौंमा ५९.२ प्रतिशत, र भक्तपुरमा ५६.० प्रतिशत स्थानीय वायुको गुणस्तरलाई नकारात्मक रूपमा मूल्यांकन गरेका छन् । सवारीसाधन र यातायातका धुवाँलाई ९८.६ प्रतिशत उत्तरदाताहरूले वायु प्रदूषणको प्रमुख स्रोतको रूपमा पहिचान गरेका छन् । जबकि ९४.८ प्रतिशतले सडक निर्माणको धुलोलाई एक कारक मानेका छन् ।

वायु प्रदूषणबाट आफ्नो बचाउ गर्न ८२.० प्रतिशत उत्तरदाताहरूले सर्जिकल मास्क वा स्कार्फमा भरपर्ने बताएका छन् । यद्यपि, ४३.४ प्रतिशतले वायु प्रदूषणबाट आफूलाई बचाउन कुनै पनि व्यक्तिगत कदम नचालेको बताएका छन् ।

वायु प्रदूषणले उपत्यका छाड्ने दबाबमा पनि व्यक्तिहरू रहेको पाइएको छ । उपत्यका छाड्ने विचार गरिरहेका ७.२ प्रतिशत उत्तरदाताहरूमध्ये ३९.१ प्रतिशतले वायु गुणस्तरलाई एक कारकको रूपमा औंल्याएका छन्, जुन आर्थिक दबाब र महँगी (४७.८ प्रतिशत)पछि दोस्रो स्थानमा छ ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मितिः २०८३।०६।२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः

१. ऋणीको नामः काष्ठमण्डप इन्टरनेशनल हस्पिटल प्रा.लि. (सावित खाड्गी ईन्टरनेशनल हस्पिटल प्रा.लि.) **कर्जा शिर्षकः** आवधिक कर्जा

(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता रहेको), दर्ता नं. १८५९२६/०७४/०७५, दर्ता मितिः २०७४/१२/०४, स्थायी लेखा नं. ६०६७५४५९६, ठेगानाः काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५ ।

संचालक तथा व्यक्तिगत जमानतकर्ताः

संजय भट्टचनः ना.प्र.प.नं. (जारी मिति/स्थान): ६४/१३१२(२०४७/०४/२५/काठमाडौं), बाजेको नामः भरत लाल भट्टचन, बाबुको नामः चित्रलाल भट्टचन, ठेगाना : बाग्लुङ जिल्ला, गणकोट गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ ।

व्यक्तिगत जमानतकर्ताहरुः

क. डा. चित्र लाल भट्टचनः ना.प्र.प.नं. (जारी मिति/स्थान): २७ २५२/१६६/१२७३८(२०१८/०७/११/काठमाडौं), बाजेको नामः नइन्द्र लाल भट्टचन, बाबुको नामः भरत लाल भट्टचन, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४, महाराजगंज ।

ख. दुर्गेश नन्दनी भट्टचनः ना.प्र.प.नं. (जारी मिति/स्थान): ६०७३/१२७३७/४३२६६(२०३३/०१/१३/काठमाडौं), बाबुको नामः अनङ्ग मान शेरचन, ससुराको नामः भरत लाल भट्टचन, पतिको नामः डा. चित्र लाल भट्टचन, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ ।

ग. रोजीना श्रेष्ठः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३११०४४/५२१६६(२०६५/०६/०५/मकवानपुर), बाबुको नामः भिम काजी श्रेष्ठ, ससुराको नामः डा. चित्र लाल भट्टचन, पतिको नामः संजय भट्टचन, ठेगानाः मकवानपुर जिल्ला, भैसे गा.वि.स. वडा नं. ४, स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ ।

२. ऋणीको नामः संजय भट्टचन **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा र व्यक्तिगत ओभरड्राफ्ट

ना.प्र.प.नं. (जारी मिति/स्थान): ६४/१३१२(२०४७/०४/२५/काठमाडौं), बाजेको नामः भरत लाल भट्टचन, बाबुको नामः चित्रलाल भट्टचन, ठेगाना : बाग्लुङ जिल्ला, गणकोट गा.वि.स. वडा नं. ५, स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ ।

व्यक्तिगत जमानतकर्ताहरुः

क. रोजीना श्रेष्ठः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३११०४४/५२१६६(२०६५/०६/०५/मकवानपुर), बाबुको नामः भिम काजी श्रेष्ठ, ससुराको नामः डा. चित्र लाल भट्टचन, पतिको नामः संजय भट्टचन, ठेगानाः मकवानपुर जिल्ला, भैसे गा.वि.स. वडा नं. ४, स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ ।

ख. डा. चित्र लाल भट्टचनः ना.प्र.प.नं. (जारी मिति/स्थान): २७ २५२/१६६/१२७३८(२०१८/०७/११/काठमाडौं), बाजेको नामः नइन्द्र लाल भट्टचन, बाबुको नामः भरत लाल भट्टचन, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४, महाराजगंज ।

ग. दुर्गेश नन्दनी भट्टचनः ना.प्र.प.नं. (जारी मिति/स्थान): ६०७३/१२७३७/४३२६६(२०३३/०१/१३/काठमाडौं), बाबुको नामः अनङ्ग मान शेरचन, ससुराको नामः भरत लाल भट्टचन, पतिको नामः डा. चित्र लाल भट्टचन, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ ।

घ. संजना भट्टचनः ना.प्र.प.नं. (जारी मिति/स्थान): १६६६/१५०८६/४६८८२(२०४७/०३/१२/काठमाडौं), बाजेको नामः भरत लाल भट्टचन, बाबुको नामः चित्र लाल भट्टचन, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ ।

ऋणी काष्ठमण्डप इन्टरनेशनल हस्पिटल प्रा.लि. (सावित खाड्गी ईन्टरनेशनल हस्पिटल प्रा.लि.) र ऋणी संजय भट्टचनका लागि धितो लेखिदिएको सम्पतिको विवरणः

क. नइन्द्र लाल भट्टचनको नाति, भरत लाल भट्टचनको छोरा, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४, महाराजगंज बस्ने **डा. चित्र लाल भट्टचन**को नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, महांकाल गा.वि.स./न.पा. वडा नं. ६, नक्सा सिट नं. १०२०९४७२३ स्थित कि.न. ५५ को क्षेत्रफल २४८०.९० व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

ख. ऋणीले धनी बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरूप लेखिदिएको ऋणीको स्वामित्वमा रहेका सम्पूर्ण माल सामान/स्टकहरूको मौज्दातहरू ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

NIC ASIA

एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्सः +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३५८८६०/५३५९२२९ (एक्सटेन्सन: २०८/२२५/२२६)

जमानतकर्तालाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ९० (नब्बे) दिने सार्वजनिक सूचना

यस बैंकबाट तहाँ जमानतकर्ताले ऋणीले लिएको कर्जाको लागि व्यक्तिगत/संस्थागत जमानतदिनु भएकोमा उक्त कर्जा वापतको धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री/जैर बैंकिङ सम्पत्तिको रुपमा बिक्री/सकार गरि सो वापत प्राप्त भएको रकमले कर्जा खातामा आंशिक रुपमा हिसाव मिलान गरि बाँकी रहेको ऋण कर्जा, साँवा,व्याज,हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ९०(नब्बे) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ९०(नब्बे) दिनभित्र यस बैंकमा सम्पर्क राखी लिलाम बिक्री / जैर बैंकिङ सम्पत्ति बिक्री/सकार वापतको रकमले कर्जा आंशिक रुपमा हिसाव मिलान गरि बाँकी रहेको रकम कर्जा साँवा,व्याज,हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग गरेको लिखत, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तहाँ जमानतकर्तालाई समेत कालोसुचिमा समावेश गरि बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन,२०५८ र सो को नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जाय जेथा श्रीसम्पतिबाट बाँकी सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य,आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य,आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा प्रा.फ.र.नं. ३२९२४/०७६/७७, स्थानीय व्यापार अन्तर्गत मिति २०७६/१०/१९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ९ स्थित **फुट प्रिन्ट** ।
	जमानीकर्ताहरु : १) **समसाद आलम** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ७, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु : वद्रि आलम, बाजे : मनिर आलम २) **अजिमा खातुन**, स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ७, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु : नुर महमद खान, ससुरा : मनिर आलम, पति : वद्रि आलम ३) **अनवरी खातुन** स्थायी ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा वडा नं. ५, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु : मो. नवउदिन, ससुराः वद्रि आलम, पतिः नौसाद आलम ४) **नौसाद आलम** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ७, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबु : वद्रि आलम, बाजे : मनिर आलम ५) **सविना खातुन** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ७, बाबुः मोहमद इसा खाँकी, ससुरा : वद्रि आलम, पतिः समसाद आलम
२)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्रा.फ.नं. ४९९२/१३८-०७५/०७६ अन्तर्गत मिति २०७५/०७/०८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ स्थित **सौरम छापा खाना** ।
	जमानीकर्ताहरुः १) **रबि विक्रम शर्मा**, स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ४, हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, बाबु : पंचलाल ठाकुर, बाजे : साधु ठाकुर, २) **पंच लाल ठाकुर**, स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ४, हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, बाबु : साधु ठाकुर, बाजे : मनु ठाकुर, ३) **अरविन्द कुमार शर्मा**, स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ४, हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, बाबु : पंचलाल ठाकुर, बाजे : साधु ठाकुर, ४) **सरिता कुमारी ठाकुर**, स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ४, हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, बाबु : नवल किशोर ठाकुर, ससुरा : पंचलाल ठाकुर, पति : रवि विक्रम शर्मा, ५) **शिव कुमारी ठाकुर**, स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ४, हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १, बाबु : राम बहादुर ठाकुर, ससुरा : साधु ठाकुर, पति : पंच लाल ठाकुर
३)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. २४७९३९/०७७/०७८ अन्तर्गत मिति २०७७/०८/०९ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३१ स्थित **एस.ए.एस. फर्मास्त्याब प्रा.लि.** ।
	जमानीकर्ताहरुः १) **सागर पौडेल**, ठेगाना : सर्लाही जिल्ला, लालबन्दी गा.वि.स./न.पा. वडा नं. १, बाबु : कपिल प्रसाद पौडेल, बाजे : भैरव प्रसाद पौडेल, २) **सोनी सिंह पौडेल**, ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. ७, बाबु : शंकर सिंह, ससुरा : कपिल प्रसाद पौडेल, पति : सागर पौडेल
४)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्रा.फ.नं. ५५१२/०७४/०७५, स्थानीय व्यापार, अन्तर्गत मिति २०७४/१०/२४ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. ७ स्थित **खाडाँ देवी जेनरल सप्लायर्स** ।
	जमानीकर्ताहरुः १) **विमल ढुंगेल**, ठेगाना : सर्लाही जिल्ला, लालबन्दी गा.वि.स. वडा नं. २, बाबु : घनश्याम ढुंगेल, बाजे : भवानी प्रसाद ढुंगेल, २) **मीना कुमारी कटुवाल**, स्थायी ठेगाना : सर्लाही जिल्ला, परवानीपुर गा.वि.स. वडा नं. १, हालको ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २, बाबु : खड्ग बहादुर कटुवाल, ससुरा : घनश्याम ढुंगेल, पति : विमल ढुंगेल, ३) **शावित्री ढुंगेल**, ठेगाना : सर्लाही जिल्ला, लालबन्दी गा.वि.स. वडा नं. ५, ससुरा : भवानी प्रसाद ढुंगेल, पति : घनश्याम ढुंगेल, ४) **घनश्याम ढुंगेल**, ठेगाना : रामेछाप जिल्ला, पकरवास गा.वि.स. वडा नं. ६, बाबु : भवानी प्रसाद ढुंगेल
५)	नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ५१६८१/०७८/७९, स्थानीय व्यापार अन्तर्गत मिति २०७८/०५/१७ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ४ स्थित **एटिन प्लस कलेक्सन** ।
	जमानीकर्ताहरु: १) **कृष्णलाल श्रेष्ठ**, स्थायी ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ. म.न.पा वडा नं. ८, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८, बाबु : राम लाल श्रेष्ठ, बाजे : गणेश कुमार श्रेष्ठ, २) **दिपा श्रेष्ठ**, स्थायी ठेगाना : रुपन्देही जिल्ला, बुटवल न.पा वडा नं. ८, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८, बाबु : ललित बहादुर थापा पुन, ससुरा : राम लाल श्रेष्ठ, पति : कृष्णलाल श्रेष्ठ, ३) **मन देवी श्रेष्ठ**, स्थायी ठेगाना : रुपन्देही जिल्ला, बुटवल न.प. वडा नं. ८, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८, बाबु : केदार सुन्दर श्रेष्ठ, ससुरा : गणेश कुमार श्रेष्ठ, पति : राम लाल श्रेष्ठ

नोटः ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

Invitation for Bids

Government of Nepal
Ministry of Health & Food Safety

Pokhara Academy of Health Science Kaski

Date of publication: **8 October 2026 (22 Asoj, 2083)**

Invitation for Bids No: PoAHS/G/NCB-10-12/2083-84

1. The **Pokhara Academy of Health Science** invites ***Sealed bids*** from eligible bidders for the ***Procurement of Medicine Items for Hospital Pharmacy (Package I, Package II, Package III)*** under National competitive bidding - Single Stage Single Envelope procedures as per public procurement act and regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara, Tel- 061- 570547 or may visit the office's website www.poahs.edu.np
3. A complete set of Bidding Documents may be purchased by eligible Bidders from the Pokhara Academy of Health Sciences, Western Regional Hospital before 1 pm on 28th october 2026 on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee mentioned in the table below in the account as specified below. Or the document can be can be downloaded from the office's website www.poahs.edu.np

Name of the Bank : Rastriya Banijya Bank
Name of Office : Pokhara Academy of Health Science, Pokhara
Office Code no. : 370613901
Office Account No. : 1000100200010000
Revenue head No. : 14229

The bank voucher for the deposited amount must be submitted. along with the sealed bids

4. Sealed Bids should be submitted to the Pokhara Academy of Health Sciences, Pokhara by hand/courier on or before **12:00 hr (Local Time) on October 29, 2026 (12 Kartik, 2083)** Bids received after this deadline will be rejected.
5. When submitting the hard copy of the sealed bid, it must be accompanied by an official letter from the bidder's firm or company.
6. The bids will be opened in the presesnce of Bidders' representatives who choose to attend at **the time mentioned below on October 29, 2026 (12 Kartik, 2083)** at the office of Pokhara Academy of Health Sciences, Western Regional Hospital, Pokhara. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by the bid security not less than below mentioned amount which shall be valid for 30 days beyond the validity period of the bid.

If bidder wishes to submit bid security in the form of cash
Name of the Bank : Agriculture Development Bank,
Name of Office : Pokhara Academy of Health Sciences
Office Account no : 0316401591248071
Account Name : pratishthan dharauti khata

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The purchaser reservs the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. Evaluation will be done on **Item wise Basis**
10. Any changes to the notice (Addendum notice) will be published on the website of this institution www.poahs.edu.np
11. The bidder must submit a self-declaration stating that they are qualified, have not faced any legal action, and do not have a conflict of interest in the procurement process.
12. The name and identification of the contract are as follows:

S. N.	Bid No	Name of Procurement	Bid Document Fee NPR	Bid Security in NPR	Bid Security fee Validity Period	Bid Opening Time
1	PoAHS/G/NCB-10/2083-84	Procurement of Medicine Items for Hospital Pharmacy (Package I)	5000/-	21,34,000/-	26, february 2027	12.30 pm
2	PoAHS/G/NCB-11/2083-84	Procurement of Medicine Items for Hospital Pharmacy (PackageII)	5000/-	20,00,000/-		2 pm
3	PoAHS/G/NCB-12/2083-84	Procurement of Medicine Items for Hospital Pharmacy (PackageIII)	5000/-	10,50,000/-		3.30 pm

DIRECTOR

बिहीबार २२ असोज ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६१/०७०

२१ वर्षको अन्तर्राष्ट्रिय फुटबलबाट मेसीको सुखद बिदाइ

अर्जेन्टिनाका लागि मेसीको रेकर्ड

सर्वाधिक २०८ खेल खेल्ने खेलाडी
६ वटा विश्वकपमा असिस्ट गर्ने एक मात्र खेलाडी
विश्वकपमा सर्वाधिक ३४ खेल खेल्ने खेलाडी
विश्वकपमा ११ पटक सर्वाधिक म्यान अफ द म्याच
विश्वकपमा दुई गोल्डेन बुट जित्ने एक मात्र खेलाडी
विश्वकपमा सबैभन्दा धेरै ३,०६४ मिनेट खेल्ने
राष्ट्रिय टोलीबाट सर्वाधिक १२६ गोल गर्ने खेलाडी
विश्वकपमा सर्वाधिक २१ गोल



एजेन्सी

अर्जेन्टिनाले कप्तान लियोनल मेसीको सुखद बिदाइ गरेको छ। ब्युनस आयसस्थित मास मोन्युमेन्टल रंगशालामा बुधबार बेनिनविरुद्ध ३-० को सहज जित निकाल्दै अर्जेन्टिनाले मेसीको बिदाइ गरेको हो। मेसीले अन्तिम अन्तर्राष्ट्रिय खेलको ७१औँ मिनेटमा पेनाल्टीमार्फत गोल गरे। उनले अन्तर्राष्ट्रिय फुटबलमा १२६ गोल गरे। गत महिना नै मेसीले राष्ट्रिय टोलीबाट सन्न्यास घोषणा गरेका थिए। तर, अर्जेन्टिनी फुटबल महासंघले मेसीको बिदाइ सामान्य नभएर भव्य बनाउने जनायो।

यसपछि दक्षिण अफ्रिकी प्रतिद्वन्द्वी बेनिनसँगको मैत्रीपूर्ण खेल आयोजना गरिएको थियो। यस खेललाई 'लास्ट ट्यांगो' नाम दिइएको छ। जसको अर्थ अन्तिमपटक मैदानमा हो। आधिकारिक रूपमा मेसी २०८औँ अन्तर्राष्ट्रिय खेलबाट बिदा भए। खेल समाप्तिसँगै ८५ हजार घरेलु दर्शकसामु मेसी भावुक बने। साथीहरूको साथमा उनले रंगशालाको एक चक्कर लगाएर समर्थकबाट बिदा लिए। खेलका लागि भनेर एडिडासले मेसीको ब्रान्ड लोगोअंकित विशेष जर्सी तयार पारेको थियो। खेल सकिएपछि म्याच रेफ्रीले मेसीलाई रातो र पहेँलो कार्ड हस्तान्तरण गरेर विशेष सम्मान दिएका थिए। यसैगरी रंगशालाबाहिर ठुलो स्क्रिनमा मेसीको खेल यात्रा झल्काउने भिडियो प्रदर्शन गरिएको थियो। प्रतिस्पर्धामा मेसीले दुई असिस्ट गरे। उनले अर्जेन्टिनी समर्थकलाई वर्षौंसम्म साथ दिएकामा धन्यवाद दिँदै राष्ट्रिय टोलीबाट टाढा हुनु 'गहिरो पीडादायी' हुने बताएका छन्।

सन् २०२२ को विश्वकप जितेपछि मेसीले अर्जेन्टिनाको घरेलु मैदान मोनुमेन्टलमा समर्थकमाझ फर्किएको क्षणलाई आफ्नो करिअरकै सबैभन्दा सुन्दरमध्ये एक मानेका छन्। 'मोनुमेन्टलमा विश्व च्याम्पियन बनेपछि फर्केर खेल्दा मैले आफ्नो करिअरको एउटा उत्कृष्ट क्षण अनुभव गरेँ। त्यो मेरो जीवनमा भएको सबैभन्दा सुन्दर कुरा थियो,' उनले भने। त्यही रंगशालामा राष्ट्रिय टोलीसँग बिदाइ लिँदा भने उनी भावुक बनेका थिए।

निलो जर्सीबाट जीवनभर खेल्ने चाहना

मेसीले बिदाइ कार्यक्रममा आफू जीवनभरि अर्जेन्टिनाको राष्ट्रिय टोलीबाट खेलिरहन चाहेको समेत बताए। 'म जीवनभर खेलिरहन चाहन्छु, किनकि अर्जेन्टिनाको राष्ट्रिय टोलीका लागि खेल्नु तपाईंलाई हुन सक्ने सबैभन्दा सुन्दर पक्ष हो,' उनले भने। ब्युनस आयसस्थित मोनुमेन्टल रंगशालामा उनले हजारौँ समर्थकलाई विशेष सम्बोधन गरेका थिए। '२० वर्षभन्दा बढी समय यो जर्सी लगाउन पाउनु मेरा लागि गर्वको विषय हो,' उनले भने, 'खेलजीवनमा भोगेका सबैभन्दा खराब क्षणमा पनि मैले कहिल्यै संघर्ष गर्न छाडिनँ र कहिल्यै पछि हटिनँ। अब यहाँ आउन नपाउनु पीडादायी हुनेछ।' उनले अर्जेन्टिनाका विभिन्न सहरमा समर्थकले दिएको साथ पनि सम्झिए। 'देशभर यात्रा गर्ने भाग्यमानी भएँ। म जहाँ गएँ, तपाईंहरूले रंगशाला भरिदिनुभयो र हामीसँगै रहनुभयो,' भावुक हुँदै उनले भने, 'यो सम्मानका लागि सधैँ आभारी रहनेछु।'

विश्वकप जित्दाको क्षण

मेसीले सन् २०२२ को विश्वकपलाई आफ्नो करिअरको विशेष क्षणका रूपमा सम्झिएका थिए। सन् २०२२ मा अर्जेन्टिनाले विश्वकप हात पारेको थियो। मेसीले आफ्नो कप्तानीमा अर्जेन्टिनालाई ३२ वर्षपछि विश्वकप उपाधि दिलाएका थिए। कतारमा विश्वकप ट्रफी उचाल्नुअघि अर्जेन्टिनाले अन्तिमपटक डिएगो म्याराडोनाको नेतृत्वमा सन् १९८६ मा ट्रफी हात पारेको थियो। मेसीले ठुलो सपनाका रूपमा विश्वकप च्याम्पियन खेलाडी देखेको जनाए। 'चार वर्षअघिको विश्वकप जित्नु करिअरकै बृहत् सफलताका रूपमा लिएको छु,' उनले भने, 'कतारको भूमिमा हामीले आफ्नो सपना पूरा गर्यौं। यसमा सबै अर्जेन्टिनी जनता र समर्थकले पुनः एकपटक विश्वच्याम्पियनको लक्ष्य पूरा गरेका थिए।'

उनले दुई महिनाअघि भएको विश्वकपमा धेरै समस्या भोगेको जनाए। 'फेरि च्याम्पियन हुने लक्ष्यका साथ अमेरिकामा गयौं। त्यो लक्ष्य पूरा नहुँदा दुःखी भएँ।' यद्यपि, विश्वकप यात्रामा कठिन परिस्थितिमा पनि खेलाडीहरूले अर्जेन्टिनाका लागि शतप्रतिशत योगदान दिएको उनको भनाइ छ। 'हरेक साथीले यो जर्सीका लागि सबै कुरा दिएका छन्,' उनले भने, "मैले जति पनि सहकर्मीसँग खेलेँ, उनीहरूले सधैँ यो जर्सीका लागि आफ्नो सबै कुरा दिएका छन्।' विश्वकपमा कठिन समूहमा रहँदा पनि पार गरेको क्षण उनले सम्झिए। 'त्यसवेला हामी असाधारण समूह थियौं, तर सबै चुनौती पार गरी फाइनलसम्मको यात्रा सम्भव भयो,' उनले भने।

रंगशालामा सम्झिए बुबा

बिदाइ कार्यक्रम र आफ्नो अन्तिम अन्तर्राष्ट्रिय खेलका कारण मेसी सुरुमै भावुक भइसकेका थिए। त्यसमाथि पनि बुबाको सम्झनाले उनलाई थप पीडादायी बनायो। सम्बोधनका क्रममा उनले दिवंगत बुबा जर्ज मेसीलाई सम्झिए। गत अगस्टमा बुबाको निधन भएपछि राष्ट्रिय टोलीसँगको अन्तिम खेलमा उनले आफ्नो करिअरका विभिन्न उतारचढाव सम्झिएका थिए। 'आज कठिन भइरहेको छ। यति धेरै भावना छन्,' उनले भने, 'सबैभन्दा पहिले बुबाबारे सोच्छु।' अन्तर्राष्ट्रिय करिअरको सबैभन्दा महत्त्वपूर्ण पक्षका रूपमा उनले बुबासँगको सहकार्यलाई मानेका छन्।

'यहाँसम्मको यात्रामा बुबाको योगदान धेरै छ,' अन्तिम खेल बुबालाई समर्पित गर्दै मेसीले भने, 'आफ्नो सबैभन्दा खराब समयमा पनि बुबाको साथ पाएको थिएँ। उहाँले मलाई संघर्ष गर्न, लड्न र आफ्नो सबै कुरा दिन कहिल्यै छाड्नुभएन।'

१० नम्बर जर्सीको चर्चा

राष्ट्रिय टोलीबाट आधिकारिक रूपमा अन्तिम खेल खेलेपछि अब मेसीले प्रयोग गर्दै आएको १० नम्बरको जर्सी आगामी दिनमा कसले लगाउने भन्ने प्रश्न छ। यसमा निको पाजको नाम अगाडि छ।

स्पेनिस पत्रिका एएसले पाजलाई मेसीको सम्भावित उत्तराधिकारीकै रूपमा राखेको छ। बोलिभियाविरुद्धको खेलमा गोल र असिस्टका क्रममा पाजले मेसीकै झल्को दिएका थिए। एक सर्वेक्षणमा पाजलाई १० नम्बरको जर्सी दिनुपर्ने पक्षमा ५१.४१ प्रतिशत मत परेको छ। जसमा एन्जो फर्नान्डेज १५.०३, एलेक्सिस म्याक एलिस्टर ७.५१, फ्रान्को मास्टान्तुओनोले २.९३ र थियागो अल्माडाले २.५८ प्रतिशत मत पाएका छन्। पाजको समर्थनमा गोलरक्षक एमिलियानो मार्टिनेज छन्।

मेसीको अनुपस्थितिमा पाजले नै १० नम्बरको जर्सी लगाएका थिए। इटालियन क्लब कोमोका लागि १० नम्बर लगाउने २२ वर्षीय पाज अहिले अर्जेन्टिनाको नयाँ पुस्ताको चम्किला खेलाडी हुन्। एक समय मेसीको १० नम्बरलाई सधैँका लागि रिटायर गर्ने भनिएको थियो। तर, फिफाका प्रतियोगितामा टोलीले १ देखि २६ नम्बरसम्मका जर्सी प्रयोग गर्नुपर्ने नियम बनाएको छ। यसकारण अर्जेन्टिनाले आधिकारिक प्रतियोगितामा १० नम्बर खाली राख्न सक्दैन।

■ आइसिसी विश्वकप लिग २

अभ्यास खेलमा नेपाल दुई विकेटले विजयी



नयाँ पत्रिका

आइसिसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत अन्तिम सिजनका लागि ओमानमा रहेको नेपाली पुरुष क्रिकेट टोलीले बुधबार एक मात्र अभ्यास खेलमा दुई विकेटको जित निकालेको छ। नेपालले ओमानको क्रिकेट एकेडेमी टर्फ २ मा ओमानकै 'ए' टोलीविरुद्ध प्रतिस्पर्धा गरेको थियो। सुरुवाती ब्याटिङ गरेको ओमान १६० रनमा अलआउट भयो। नेपालले १६१ रनको लक्ष्य पायो। तर, लक्ष्य कम हुँदा बढाएर २४० रन पछ्याउने गरी खेल्ने निर्णय गरिएको थियो।

ओमान 'ए'सँग औपचारिक खेल नभएकाले नेपाली टोलीले थप रन बनाएको हो। यस किसिमको अभ्यास खेलमा जित-हारले अर्थ राख्दैन। बढी लक्ष्य पाउँदा विश्वकप लिग २ को तयारीमा रहेको नेपाली ब्याट्समयानले क्रिजमा बढी समय बिताउने अवसर पाए। यस किसिमको प्रयोगमा ब्याट्समयान र बलरले नयाँ पिचबारे जानकारी लिन अवसर पाउँछन्। यस्तै, अभ्यासका कारण नेपालले २४० रनको नयाँ लक्ष्य पाएको हो।

नेपालले ४८.४ ओभरमा आठ विकेट गुमाएर जित निकाल्यो। नेपालका लागि ईशान पाण्डेले सर्वाधिक ७२ रन बनाए। आसिफ शेखले ३७ रनको योगदान दिए।

नेपाललाई ओमान 'ए' टिमको १६१ रनको लक्ष्य, तर नेपालले लक्ष्य बढाएर २४० रन पछ्याउने गरी लिएको थियो निर्णय

देव खनाल ३४ रनमा अविजित रहे। अलराउन्डर गुल्सन झाले ३० रन जोडे। टस हारेर ब्याटिङको निम्तो पाएको ओमान 'ए'ले ३९.५ ओभरमा अलआउट हुँदै १६० रन बनाएको थियो। ओमानका लागि कप्तान हम्माद मिर्जाले सर्वाधिक ५४ रन बनाए। जिक्रिया इस्लामले ३५ तथा सञ्जु सजीवले ३४ रन बनाए।

नेपालका लागि नन्दन यादवले पाँच ओभरमा १७ रन दिएर तीन विकेट लिए। करण केसी र सन्दीप लामिछानेले समान दुई विकेट हात पारे। गुल्सन, ललित राजवंशी र साहब आलमले एक-एक विकेट लिए। ओमानमा आगामी सातादेखि नेपाल, ओमान र क्यानडा सम्मिलित लिग २ अन्तर्गतको एकदिवसीय सिरिज हुँदै छ। आसिफले ३४ बलमा पाँच चौका र एक छक्का प्रहार गरेका थिए। पूर्वकप्तान रोहित पौडेलले १० रन बनाए।

खेल संक्षेप

अभिलाषा विजयी

काठमाडौं/ नेपालकी टेनिस खेलाडी अभिलाषा विष्टले पाकिस्तानको इस्लामाबादमा चलिरहेको सर्किट १ को महिला एकलमा पाकिस्तानकी रोमिसा मलिकलाई बुधबार ६-१ र ६-० को सोझो सेटमा पराजित गरेकी छिन्। जितसँगै अभिलाषा प्रिक्वार्टरफाइनलमा प्रवेश गरेकी छिन्। प्रिक्वार्टरफाइनलमा उनले रुसी खेलाडीसँग बिहीबार प्रतिस्पर्धा गर्नेछिन्। डब्लुटिए विश्व वरीयतामा अभिलाषा १५१०औँ स्थानमा रहेकी नेपाल टेनिस संघका सचिव अजय विष्टले जनाएका छन्। ११ अक्टोबरसम्म चल्ने प्रतियोगिताको कुल पुरस्कार राशि १५ हजार अमेरिकी डलर छ।

उप्रेती र चौधरीलाई सामर्तको प्रायोजन

काठमाडौं/ क्लाइम्बिङ ब्रान्ड ब्ल्याक डायमन्ड र ला स्पोर्टिभाको नेपालका लागि आधिकारिक वितरक सामर्त ट्रेडिङ प्रालिले बुधबार स्पोर्टस् क्लाइम्बर रोनक उप्रेती र स्वस्तिका चौधरीलाई एक वर्षका लागि प्रायोजन गरेको छ। नेपाल क्लाइम्बिङ स्पोर्टस् एसोसिएसनको रोहवरमा दुई पक्षबिच सम्झौता भएको हो। सम्झौताअनुसार खेलाडीले सामर्तबाट खेल सामग्री पाउनेछन्। गत १३ जुनमा राष्ट्रिय स्पोर्टस् क्लाइम्बिङ प्रतियोगिताका विजेतालाई समर्ता ट्रेडिङका सिइओ साझे शेर्पाले खेलाडीलाई प्रायोजना गर्ने घोषणा गरेका थिए।

टेनिस संघको साधारणसभा

काठमाडौं/ नेपाल टेनिस संघको वार्षिक साधारणसभा सम्पन्न भएको छ। साधारणसभाको टेनिस संघका अध्यक्ष मनोहरदास मूलले बुधबार उद्घाटन गरेका थिए। साधारणसभाले महासचिवको वार्षिक प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गरेको टेनिस संघका कार्यालय सचिव प्रवीण देवकोटाले जनाएका छन्। साधारणसभाले ०८३/८४ का लागि लेखापरीक्षक नियुक्ति गर्ने निर्णय गरेको छ। साधारणसभामा केन्द्रका २१ तथा प्रदेशबाट १५ प्रतिनिधिको उपस्थिति रहेको संघले जनाएको छ। यसैबिच साधारणसभाको उद्घाटन सत्रमा टेनिसका वरिष्ठ प्रशिक्षक शरद लामा र यती डिस्टिलरी प्रालिका प्रबन्ध निर्देशक अभिषेक श्रेष्ठलाई सम्मान गरिएको थियो।


श्रेष्ठ र कुथू सद्भावना दूत

काठमाडौं/ तेम्रो नेपाल प्रिमियर लिगको फ्रेन्चाइज टोली काठमाडौं गोर्खाजले कराँते प्रशिक्षक मन्डेकाजी श्रेष्ठ र फुटबलर विकेश कुथूलाई सद्भावना दूतका रूपमा स्वागत गरेको छ। श्रेष्ठ हालै जापानमा भएको २०औँ एसियाली खेलकुदमा नेपाली कराँते टोलीका प्रशिक्षकको भूमिकामा थिए। उनी दक्षिण एसियाली खेलकुद (साग) का दोहोरो स्वर्ण पदक विजेता पनि हुन्। गोर्खाजले खेलाडीलाई आफ्नो परिवारमा जोड्न पाउँदा खुसी लागेको जनाएको छ।

५० किलोमिटर अल्ट्रा ट्रेल दौड हुँदै

काठमाडौं/ पोखरामा खुला ५० किलोमिटर अल्ट्रा ट्रेल दौड प्रतियोगिता आयोजना हुने भएको छ। नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजना तथा नेपाली सेना पश्चिम पृतना हेडक्वार्टर विजयपुरको सहयोगमा २५ असोजमा प्रतियोगिता आयोजना हुनेछ। पुरुष तथा महिलामा खुला ५० किलोमिटर र १६ किलोमिटर दौड समावेश गरिएको आयोजकले जनाएको छ। कास्कीको कास्कीकोटबाट सुरु भएर सराङकोट, विन्ध्यवासिनी, घर्मी डिकीडाँडा, झुपाङकोट, महापुरुष डाँडा हुँदै अर्मलाकोट पुग्नेछ। त्यसपछि पिपलडाली, काँहुकोट हुँदै पोखराको फूलबारी ब्यारेकमा पुगेर दौड सम्पन्न हुनेछ। ५० किमि दौडका पुरुष र महिला विजेताले एक लाख ५० हजार रुपैयाँ पाउनेछन्। दोस्रो हुनेले एक लाख र तेस्रो हुने धावकले ७५ हजार रुपैयाँ हात पार्नेछन्। प्रतियोगितामा स्वदेशी तथा विदेशी गरी दुई सय धावक सहभागी हुने अपेक्षा छ।

■ केनको कीर्तिमानी १२५औँ खेल



एजेन्सी/ कप्तान ह्यारी केनले इंग्ल्यान्डका लागि सर्वाधिक अन्तर्राष्ट्रिय खेल खेल्ने पिटर सिल्टनको कीर्तिमान बराबरी गरेका छन्। केनको दुई गोलको सहयोगमा इंग्ल्यान्डले मंगलबार राति युइएफए नेसन्स लिगमा चेक रिपब्लिकलाई ३-० ले हरायो। वेम्ब्ली रंगशालामा केनले इंग्ल्यान्डका लागि १२५औँ खेल खेलेका हुन्। ३६ वर्षअघि पिटरले इंग्ल्यान्डका १२५औँ खेल खेलेका थिए। विशेष दिनमा केनले एक असिस्ट गरेका थिए। उनले अन्तर्राष्ट्रिय गोलसंख्या ९१ पुऱ्याएका छन्। इंग्ल्यान्डले पछिल्लो चारमध्ये तीन खेल जित्दा १४ गोल गरेको छ। समूह 'ए ३'मा ९ अंकसहित इंग्ल्यान्ड दोस्रो स्थानमा छ।

श्री एयरलाइन्स बन्यो सुदूरपश्चिमको पार्टनर

नयाँ पत्रिका


तेम्रो नेपाल प्रिमियर लिग (एनपिएल)का लागि सुदूरपश्चिम रोयल्सले श्री एयरलाइन्सलाई आफ्नो डोमेस्टिक एयरलाइन्स पार्टनरका रूपमा अनुबन्ध गरेको छ। श्री एयरलाइन्सले एनपिएल सिजनभर सुदूरपश्चिमका खेलाडी तथा टोली व्यवस्थापनको घरेलु हवाई यात्रालाई सहज बनाउन सहयोग गर्नेछ। श्री एयरलाइन्सका कर्पोरेट निर्देशक अनिल मानन्धरले सुदूरपश्चिमसँग सहकार्य गर्न पाउँदा खुसी भएको जनाए। 'सुदूरपश्चिमसँग डोमेस्टिक एयरलाइन्स पार्टनरका रूपमा जोडिन पाउँदा खुसी भएका छौं। क्रिकेटको विकासमा योगदान गर्न पाउनु एक अवसर हो,' मानन्धरले भने।

सुदूरपश्चिमका सिइओ प्रकाश खड्काले एयरलाइन्ससँगको साझेदारीले टोलीलाई अझ सहज वातावरण बनाउने उल्लेख गरेका छन्। 'श्री एयरलाइन्सजस्तो नेपाली हवाई सेवाप्रदायकलाई डोमेस्टिक एयरलाइन्स पार्टनरका रूपमा पाएका छौं,' खड्काले भने।

कर्णाली र प्राइम टाइल्सबिच सम्झौता

कर्णाली याक्स र प्राइम सेरामिक प्रालिबिच सम्झौता भएको छ। सम्झौतापत्रमा कर्णालीका निर्देशक ज्ञानेन्द्र मल्ल र प्राइम सेरामिक प्रालिका अध्यक्ष आशिष गर्गले हस्ताक्षर गरेका छन्। प्राइम टाइल्स अब कर्णालीको अफिसियल प्रिमियम भिट्रिफाइट टायल पार्टनरका रूपमा जोडिएको छ। मल्लले प्राइमसँगको साझेदारीले कर्णालीको यात्रालाई थप बलियो बनाउने विश्वास व्यक्त गरे। प्राइमका अध्यक्ष आशिष गर्गले कर्णालीसँगको सहकार्यलाई ब्रान्ड र खेलकुद दुवैका लागि महत्त्वपूर्ण अवसरका रूपमा लिएको बताए। तेम्रो सिजनको एनपिएल आगामी २६ अक्टोबरदेखि सुरु हुँदै छ। प्रतियोगिताका लागि कर्णालीले विदेशी खेलाडीका रूपमा इंग्ल्यान्डका मार्क वाट र बंगलादेशका अकबर अलीलाई अनुबन्ध गरिसकेको छ।

रोनाल्डोले खेलाडी र समर्थकसँग मागे माफी



पोर्चुगिज प्रशिक्षक जेससँगको विवादपछि राष्ट्रिय टोलीको क्याम्प छाडेका क्रिस्टियानो रोनाल्डोले आफ्नो गल्ती स्विकारेका छन्

एजेन्सी

पोर्चुगिज कप्तान क्रिस्टियानो रोनाल्डोले राष्ट्रिय फुटबल टोलीको क्याम्प छाड्नु गल्ती भएको स्विकारेका छन्। प्रशिक्षक जर्ज जेससँगको विवादका कारण क्याम्प छाडेका रोनाल्डोले सजाय भोग्न तयार रहेको प्रस्ट पारेका छन्। नेसन्स लिगमा पोर्चुगलले रोनाल्डोविना नै तीन खेलमा प्रतिस्पर्धा गरेको थियो। नियमित कप्तानको अनुपस्थितिमा पनि उत्कृष्ट नतिजा निकाल्दै पोर्चुगल क्वार्टरफाइनलमा पुगेको छ।

रोनाल्डोले एक सातापछि आफ्नो गल्ती स्विकार्दै संघले गर्ने सजाय भोग्न तयार भएको बताए। 'राष्ट्रिय टोलीका साथी र जनतासँग क्याम्प छाडेकोमा माफी मागेको छु,' उनले भने, 'तर, कसैले गरेको वाचा तोडिनु मेरा लागि निकै गम्भीर विषय हो।' ४१ वर्षीय रोनाल्डोले प्रशिक्षक जेससले आफूसँग गरेको वाचा दुईपटक तोडेको दाबी गरेका छन्। 'प्रशिक्षकले दुईपटक वाचा गरेका थिए। यी दुवै अवसरमा ममाथि धोका भयो,' उनले भने, 'यसकारण पोर्चुगलको प्रशिक्षण क्याम्प छाडेको थिएँ।'

गत साता नेसन्स लिगअन्तर्गत नर्वेविरुद्धको खेलमा रोनाल्डो बेन्चमै थिए। डेनमार्कविरुद्ध पनि आफू सुरुवाती टोलीमा नपर्ने थाहा पाएपछि राष्ट्रिय टोलीको क्याम्प छाडेको उनको भनाइ छ। रोनाल्डोले सोसल मिडियामा भविष्यमा राष्ट्रिय टोलीबाट पाउने सबै किसिमको जिम्मेवारी वहन गर्न तयार भएको जनाए। 'पोर्चुगलका लागि सधैँ तयारी अवस्थामा छु। आफूलाई दिइएको जिम्मेवारीबाट पछि हट्दिनँ,' उनले भने। उनले पोर्चुगिज फुटबल महासंघले आफूलाई कारबाही गर्नुपर्ने र त्यसमा कुनै छुट दिन नहुने जनाए। 'पोर्चुगिज फुटबल महासंघले यस कार्यको मूल्यांकन गरेर कठोर सजाय दिनुपर्छ। त्यो सजाय कम गरिनुहुँदैन भन्ने विश्वास छ,' उनले भने, 'मैले यसअघि सबैसँग माफी मागिसकेको छु, तर परिणाम के हुन्छ भन्ने थाहा छ।' पोर्चुगलले अब नोभेम्बरमा डेनमार्क र वेल्ससँग नेसन्स लिगका अन्तिम खेल खेल्नेछ।

तत्काल सन्न्यास नलिने

रोनाल्डोका समकक्षी अर्जेन्टिनी कप्तान लियोनल मेसीले बुधबार २१ वर्षको अन्तर्राष्ट्रिय फुटबल करिअरबाट बिदा लिएका छन्। मैत्रीपूर्ण फुटबल प्रतियोगितामा अन्तिमपटक खेल्दै मेसीले सन्न्यास लिए। तर, रोनाल्डोले पोर्चुगलबाट खेलिरहने इच्छा भएको बताए। 'अझै केही समय पोर्चुगलबाट खेल्ने सपना छ। यसकारण तत्काल सन्न्यास घोषणा गर्दिनँ,' उनले भने। दुई महिनाअघि अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गरेको विश्वकप फुटबल प्रतियोगिताको प्रिक्वार्टरफाइनलबाट बाहिरिएपछि रोनाल्डोले सन्न्यास लिने अनुमान गरिएको थियो। तर, उनले पोर्चुगिज फुटबल महासंघका अध्यक्ष पेड्रो प्रोएन्सासँगको छलफलपछि सन्न्यासमा पुनर्विचार गरे। पोर्चुगलका लागि उनले २३४ खेलमा १४६ गोल गरिसकेका छन्। रोनाल्डो अन्तर्राष्ट्रिय फुटबलका सर्वाधिक गोलकर्ता र सर्वाधिक खेल खेल्ने खेलाडी हुन्। उनको नेतृत्वमा पोर्चुगलले सन् २०१६ मा युरोकप र दुईपटक नेसन्स लिग उपाधि जितिसकेको छ।

टोलीमा फर्कन आतुर

रोनाल्डोले राष्ट्रिय टोलीको जर्सीमा तत्काल फर्कने इच्छा देखाएका छन्। पछिल्ला तीन खेलमा मैदानबाहिरबाट खेल हेर्दा आफू भावुक बनेको उनको भनाइ छ। 'आफ्नो कारण तीन खेल गुमाएँ। जसकारण मनदेखि नै दुःखी छु,' उनले भने, 'शारीरिक रूपमा फिट छु। व्यावसायिक रूपमा साउदी प्रो लिग खेलिरहेको छु। यसैगरी अन्तर्राष्ट्रिय फुटबल खेलिरहन चाहन्छु।' यसअघि महासंघले नै पोर्चुगलको टोलीमा समावेश हुन रोनाल्डोलाई कुनै रोक नहुने जनाएको थियो।

'फुटबल इतिहासका महान् खेलाडीलाई कुनै पनि वेला आबद्ध हुन रोक लगाइएको छैन,' महासंघले चार दिनअघि जारी विज्ञप्तिमा उल्लेख छ। रोनाल्डो अहिले साउदी क्लब अल नासरको प्रशिक्षणमा फर्किएका छन्। पोर्चुगल, स्पोर्टिङ, म्यानचेस्टर युनाइटेड, रियल म्याड्रिड, युभेन्टस र अल नासरबाट समग्रमा उनले ९७९ गोल गरेका छन्। उनी करिअरको हजार गोल पूरा गर्ने लक्ष्यनजिक छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com